कालिन्दी–तटमा पुगे, जल थियो * उर्लीरहेको, तर
बाटो छाडिदिइन्, तरे खुरु–खुरू * मान्दै नमानी डर ।
त्यै बेला ब्रजमा यशोमतिजिकी * कन्या भईथिन् यता
राखी पुत्र उहीँ, लिएर शिशु ती * फर्केर आए यता ।। ६५ ।।
कन्या राखिदिए लगेर तिनिले * ती पत्निका काखमा
ढोका बन्द भए, समस्त पहरा * जागे त्यही–बीचमा ।
रोयो बालक लौ भनी चर पुग्यो * त्यो कंसको द्वारमा
त्यै बेला दगुरी पुग्यो, डर पस्यो * त्यो दुष्टका चित्तमा ।। ६६ ।।
कारागार पुग्यो तुरुन्त निशिमै * चिन्ता परी चित्तमा
छोरी जन्मिइ लौ भनी सुनिलियो * उस्ले पुगी द्वारमा ।
यो कन्या किन भै भनी गरिरह्यो * क्यै बेर चिन्ता, तर
मार्छै की शिशुले भनेर मनमा * यस्तै भएथ्यो डर ।। ६७ ।।
पक्री बालक त्यो अघोर बलले * साना दुवै पाउमा
ढुङ्गामाथि पछार्छु लौ अब भनी * ठानीलियो चित्तमा ।
फुस्किन् ती जगदम्बिका भगवती * हात्‌बाट उस्का अनि
लागिन् भन्न गई छिटै गगनमा * दुष्टात्म, पापी, खुनी ।। ६८ ।।
सक्तैनस् तँ मलाइ मार्न कहिल्यै * तेरो छ जो मृत्यु त्यो
खेल्दै गोकुलमा छ यो बखतमा * त्यो वीर जन्मीसक्यो ।
अन्तर्धान भइन् सुनाइ यति ती * श्री योगमाया थिइन्
गै विन्ध्याचलमा ति भक्त जनको * रक्षार्थ बस्ती भइन् ।। ६९ ।।
फर्क्यो छक्क परेर त्यो महलमा * डाकेर मन्त्री सब
सल्लाहा सबको लियो भन छिटै * के गर्नुपर्ला अब ।
डाकेथ्यो बक, वत्स, धेनुक तथा * त्यो पूतना डङ्किनी
जाओ गोकुलमा प्रलम्ब–सहितै * एकेक खोज्नू अनि ।। ७० ।।

जन्मेका जति छन् ति तीन दिनका * पक्रेर मार्नू सब
आज्ञा पाइ हिँडे सबै असुर ती * गर्जीरहेथे तब।
सरालाइ पठाइ भित्र मनमा * सन्ताप मान्दै खल
ज्यादै दीन मलीन हीन हुनगो * हेर्दा पनी दुर्बल।। ७१।।
जम्मा भै ब्रजका बुढा र युवती * गोपाल औ गोपिनी
गर्थे उत्सव नन्दको घरमहाँ * छोरो भयो लौ भनी।
आएथे जब कृष्ण गोकुलविषे * लीला–बिहारी बनी
कोही दुःखि रहेन, हर्षित थिए * ठूला र साना पनि।। ७२।।
मार्थी बालक खोजि–खोजि ब्रजमा * त्यो पूतना डङ्किनी
मारे त्यस्कन दूधका सँग छिटै * खैँचेर प्राणै पनि।
चुच्चो च्यातिदिएर वीर बकको * तानीलिए जीवन
त्यो वत्सासुरलाइ पक्रि वनमै * मारे समातीकन।। ७३।।
ढुङ्गा–माथि पछारि उग्र बलले * मार्दा मर्‍यो धेनुक
केशी, दुष्ट प्रलम्ब आदि जति हुन् * मर्दै गए राक्षस।
औँलो–माथि लिए उचालि बलले * त्यो श्रेष्ठ गोवर्धन
झारे शेखि सुरेन्द्रको गरिदिए * सम्मानको मर्दन।। ७४।।
नाथे कालिय नाग घोर दहमा * आगो पिए कृष्णले
लीला त्यो ब्रजमा गरे थरि–थरी * आनन्द उत्साहले।
त्यो सम्चार सबै सुनेर मनमा * सन्तापले नै गरी
गर्थ्यो तर्क–वितर्क कंस दिनहूँ * मर्छू कि भन्दै डरी।। ७५।।
त्यै बेला सब तत्त्व नारद मुनी * पौँची बुझाए जब
आँटेँ मर्न भनी निधो गरिलियो * त्यो कंसले नै तब।
निक्कै खिन्न थियो तथापि मनमा * आशा भई बाँच्नको
गर्थ्यो यत्न अनेक, व्यग्र मनमा * सोचेर पापिष्ठ त्यो।। ७६।।

त्यै बेला धनु–यज्ञको छल रची * डाकेर मार्छू भनी
भेज्यो ल्याउ भनी तुरुन्त खलले * अक्रूरलाई अनि ।
आज्ञाले ब्रजमा पुगे रथ लिई * हावा सरी वेगले
ल्याए राम र कृष्णलाइ सब बात् * भन्दै ति अक्रूरले ।। ७७ ।।
आए त्यो पुरको सबै असुरको * हेरौँ तमाशा भनी
डुल्थे भाइ दुवै यता–उति गरी * जान्दै नजान्ने बनी ।
राखेको धनु जो थियो उहिँ ठुलो * त्यस्लाइ भाँचीकन
धोबीलाइ बिदा दिए यमपुरी * जा भोग्न हे दुर्जन ।। ७८ ।।
हात्ती जो बलियो थियो कुबलया– * पीड् नामको द्वारमा
मारे त्यस्कन कृष्णले उस घरी * पक्री दुवै दाँतमा ।
हाने मुड्कि उचालि झट्ट बलले * चाणूर ताहीँ मऱ्यो
मारे मुष्टिकलाइ राम प्रभुले * संसार पारी तऱ्यो ।। ७९ ।।
योद्धा ती शल तोशलादि बलिया * लड्नै अगाडी सरे
तिन्लाई हरि–रामले सहजमै * मारे पसारा परे ।
पच्छारे अनि कंसलाइ सहजै * जुल्फी समाईकन
छातीमाथि बसी थिचेर बलले * मारे, तऱ्यो दुर्जन ।। ८० ।।
आठै भाइ ति कंसका मरिसके * बाँचेन कोही अनि
काटे शीघ्र गएर बन्धन सबै * माता–पिताको पनि ।
सुम्पी राज्य ति उग्रसेन नृपको * सम्मान ठूलो गरी
धेरै उत्सव राज्यमा गरिदिए * खूशी भए बेसरी ।। ८१ ।।
त्यै वेला वसुदेवले खुशि हुँदै * श्रीरामको कृष्णको
सिद्ध्याए व्रतबन्ध कर्म जति हो * पूजा गरी इष्टको ।
ती सान्दीपनिको गरे गुरु भनी * सेवा दुवै भाइले
सारा शास्त्र पढे छिटै गुरुजिको * सद्भक्ति, आशीषले ।। ८२ ।।

विद्या प्राप्त गरेर फर्कि घरमा * आए दुवै भाइ र
आफ्ना बन्धु समस्त डाकि मथुरा * राख्दा भए सादर ।
ज्वाईँ मारिदिए भनी जब सुन्यो * योद्धा जरासन्धले
आयो लड्न अपार सैनिक लिई * साह्रै ठुलो वेगले ।। ८३ ।।
त्यस्लाई बलरामले र हरिले * खेदे र भाग्दै गयो
हार्दा त्यो रणमा बचे पनि स्वयम् * आफैँ मरेझैँ भयो ।
आयो फेरि र सत्रपल्ट सहजै * संग्राम हार्दै गयो
हार्दा युद्ध अनेक जीवित छँदै * साक्षात् मरेझैँ भयो ।। ८४ ।।
त्यस्को कालयवन् सखा नगिचको * योद्धा प्रतापी थियो
आफ्ना सैन्य लिएर झट्ट मथुरा * आएर घेरा दियो ।
निक्कै वीर प्रतापयुक्त बलियो * योद्धा हुनाले गरी
सुन्दा नाम समस्त यादवहरू * डर्दा भए बेसरी ।। ८५ ।।
दाजूलाइ भने बुझाइ हरिले * डाकी नगीचैमहाँ
आयो लड्न तुरुन्त यो यवन जो * सेना लिएरै यहाँ ।
पक्का आउँछ त्यो जरासुत छिटै * हारेर भागे पनि
हाम्रा बान्धवलाइ संकट वृथा * आईपर्‍यो यो भनी ।। ८६ ।।
त्यागौँ यो मथुरा छिटै अब बरू * अन्तै बसौँला गई
बस्नू व्यर्थ छ शत्रुको घरि–घरी * आतङ्क खप्ने भई ।
जस्ले सक्तछ गर्न पालन तथा * रक्षा उ हो भूपति
बस्ता जुन् स्थलमा रहिन्छ सुखमा * राम्रो त्यही हो अति ।। ८७ ।।
रैवत् पर्वतको नगीच बढ़िया * यो सिन्धुको तीरमा
यौटा ठाउँ छ रे तहीँ गइ बसौँ * सद्‌बन्धुका साथमा ।
गर्थे बात अघी उनै गरुडले * द्वारावती हो पुरी
राखौँ बन्धु लगी सुरक्षित उहीँ * हामी सुरक्षा गरी ।। ८८ ।।

यो सल्लाह गरेर योग—बलले * सारा लगी बान्धव
राखे द्वारवती तुरुन्त निशिमै * खूशी भएथे सब ।
थन्क्याएर समस्त बन्धुगण ती * द्वारावतीमा अनि
आफू पैदल निस्किएर मथुरा * पौँचे नजान्ने बनी।। ८९।।
त्यो पीताम्बर दिव्य रूप हरिको * देख्यो अती सुन्दर
यै हो कृष्ण भनी चिन्यो यवनले * ती कालरूपी नर ।
रित्तै देखिलियो र पैदल पनी * पक्रौँ भनी जीवित
लाग्यो पैदल नै लखेट्न दगुरी * निक्कै नराम्रोसित।। ९०।।
छल्दै त्यस्कन लुक्नुभो जब गई * यौटा गुफामा हरि
सुत्थे ती मुचुकुन्द भूपति उहीँ * नै खूब निद्रा परी ।
छोप्नूभो नृपलाइ शीघ्र हरिले * ओढ़ाइ पीताम्बर
आफू लुक्नुभयो, पुग्यो यवनले * केही नमानी डर।। ९१।।
हान्यो लात रिसाइ कृष्ण यहि हो * भन्दै यवन्‌ले जब
हेर्दैमा मुचुकुन्दले हुन गयो * साम्ने खरानी तब ।
पाए दर्शन कृष्णको नरपती * अत्यन्त खूशी भए
बद्रीमा तप गर्दछू अब भनी * माँगी बिदा गैगए।। ९२।।
मान्धाता नृपका थिए सुत उनी * संग्राममा स्वर्गको
यिन्कै मद्दतले भएर विजयी * इज्जत् बढ्यो इन्द्रको ।
माँग्नूहोस् वरदान दिन्छु नृपते ! * भन्दा भए इन्द्रले
लागेको छ थकाइ सुत्तछु गई * हे इन्द्र ! आनन्दले।। ९३।।
निद्रा भङ्ग गराउनेछ जन जो * त्यो भस्म होस् यै वर
माँग्छू, क्यै अरु चीज माँग्दिनँ कुनै * बिन्ती छ यो सादर ।
सोही कारणले गुफा—बिच गई * थीए सुतेका तिनी
पापी भस्म भयो प्रभाव वरको * ठूलो हुनाले पनि।। ९४।।

छाडी त्यो मथुरा पुरी जब गए * एकेक ती यादव
भाग्यो कृष्ण भनी जरासुत निकै * खूशी भएथ्यो तब ।
आए राम र कृष्ण हर्षित भई * द्वारावतीमा अनि
ल्याएथे हरिले हरेर सहजै * रानी बनिन् रुक्मिणी ।। ९५ ।।
कालिन्दी अनि लक्ष्मणा प्रियतमा * हुन् सत्यभामा पनि
सत्या जाम्बवती प्रसिद्ध गुणकी * खानी सुभद्रा अनि ।
रानी आठ थिए प्रधान हरिका * ती मित्रवृन्दा सती
गर्थे स्नेह समान ती सकलमा * उन्ले सकेको जति ।। ९६ ।।
जो सृष्टि स्थिति नाश एक् निमिषमा * गर्छन् र सक्छन् पनि
ती सामान्य बनी बसे घर–घरै * ठूला गृहस्थी बनी ।
छोरो एक भयो सुशील र गुणी * श्री रुक्मिणीको जब
आई शम्बरले हरीकन लग्यो * छोरो कुनामै तब ।। ९७ ।।
फ्याँकेथ्यो लगि सिन्धुमा शिशु उहीँ * निल्दो भयो मत्स्यले
पक्री मत्स्य उही लगेर घरमा * चिर्दो भयो माझिले ।
निस्के जीवित बाल ती, लिइ पुगे * त्यो शम्बरैका घर
हेर्थे छक्क परी वरीपरि उभी * एकेक नारी नर ।। ९८ ।।
देखी ती शिशुलाइ त्यो असुरले * आश्चर्य मान्यो जब
मैले पाल्छु भनी लिइन् शिशु उहीँ * मायावतीले तब ।
स्वामी भस्म हुँदा दया गरि दिए * श्री शम्भुले जो वर
पालिन् बालक बात संझि रतिले * गर्दै ठुलो आदर ।। ९९ ।।
लागे खल्बल गर्न त्यै बखतमा * छोरो हरायो भनी
चिन्ताग्रस्त हुनूभयो हरि पनी * जान्दै नजान्ने बनी ।
कस्ले सक्तछ टार्न दैवगति हो * भन्ने गरी चिन्तन
सम्झेथे मनले त्रिलोक–जननी * आद्या भवानीकन ।। १०० ।।

केही बेर गरे सबै मिलि स्तुती * हे देवि ! कात्यायनी
पाए दर्शन देविको र खुशिले * बोलिन् बुझाई उनी ।
हे गोविन्द ! सुपुत्र जीवित छ त्यो * छोरो सुरक्षित् पनि
होला हाजिर सोह्र वर्षपछि त्यो * प्रद्युम्न मै हूँ भनी ।। १०१ ।।
पारे भस्म ति कामलाइ, रतिको * इच्छा बुझी शम्भुले
पैह्ले जो वर बक्सियो खुशि भई * ऐह्ले त्यही हेतुले ।
छन् ती शम्बरकै विशाल घरमा * मायावती नामले
भान्से भैकन बस्तछिन् समय क्यै * उल्टो बुझी कष्टले ।। १०२ ।।
मारी शम्बरलाइ हाजिर हुनन् * प्रद्युम्न पत्नी लिई
अन्तर्धान भइन् त्रिलोक–जननी * आशीष धेरै दिई ।
शक्तीको सुनि बात त्यो हरि बसे * सन्तोष मानीकन
आए शम्बर मारि पत्नि–सहितै * प्रद्युम्न कोही दिन ।। १०३ ।।
शङ्का एक भई उसै समयमा * भन्छन् ति जन्मेजय
आफै ईश्वर कृष्ण हुन्, तर रहे * मानेर कस्को भय?
शङ्का भूपतिको सुनी खुशि हुँदै * भन्नूभयो व्यासले
मान्नैपर्छ वचन् सबै सुजनले * जे भन्दछिन् शक्तिले ।। १०४ ।।
मोहित् पार्न समर्थ छन् त्रिभुवनै * आद्या भवानी भनी
जान्नू मोहित पार्दछिन् बखतमा * माया फिजाई तिनी ।
धर्दा मानिस–रूप क्वै बखतमा * कात्यायनीले पनि
भोग्छिन् कष्टहरू मनुष्य सरि नै * साना र ठूला तिनी ।। १०५ ।।
कैह्लै हुन्न सुवर्णको मृग भनी * के राम जान्दैनथे?
हर्ला रावण आइ पत्नि वनमा * के राम जान्दैनथे?
उल्टो त्यो अभिषेकको दिन हुने * के राम जान्दैनथे?
भोग्नूपर्छ अनेक कष्ट वनमा * के राम जान्दैनथे? ।। १०६ ।।

त्यस्तै हुन् बुझ विष्णु–अंश भवमा * श्री कृष्ण योगेश्वर
भोग्दै छन् अवतार धारण गरी * दुःखादि ती ईश्वर।
छैनन् ती कहिले स्वतन्त्र भवमा * ब्रह्मा र विष्णू शिव
आज्ञा पालन गर्दछन् खटनमा * ती शक्तिको नै सब॥१०७॥
देखिन् रुक्मिणिका सुपुत्रकन ती * प्रद्युम्नलाई अनि
बोलिन् पुत्र म पाउँ उत्तम गुणी * प्रद्युम्न जस्तै भनी।
बोले कृष्ण–म गर्दछू गइ छिटै * वन्मा तपस्या अब
त्यस्तै पुत्र हुनेछ पर्ख सुमुखी ! * त्यागेर शङ्का सब॥१०८॥
यस्ता बात गरी महेन्द्र गिरिमा * बाँधेर पद्मासन
लागेथे तपमा ति शीघ्र शिवको, * रोकेर चञ्चल् मन।
त्यै बेला उपमन्युबाट शिवको * दीक्षा लिई सादर
आज्ञा भो शिवजी प्रसन्न हुन गै * आएर– हे ईश्वर!॥१०९॥
तिम्रो यो तपले प्रसन्न म भएँ * गोविन्द ! दामोदर !
जे माँग्छौ तिमिलाइ दिन्छु अहिल्यै * लौ माँग इच्छित् वर।
त्यो आज्ञा शिवको सुनेर मनमा * आनन्द मानी अति
पैह्ले नम्र भई दुवै चरणमा * ढोगेर थाले स्तुति॥११०॥

हे विश्वरूप ! भगवन् ! शिव विश्वनाथ
गर्छू प्रणाम पदमा निहुराइ माथ।
जुन् दुःखमा छु प्रभुले सब जान्नुहुन्छ
सर्वज्ञलाइ पनि के अज्ञ भन्नुपर्छ ॥१११॥
स्त्री–रूप पाश बलियो कसिँदा गलामा
छू दीन हीन यसबाट म उम्कनामा।
गर्नोस् दयामय दया अब कष्ट टारी
गर्छू प्रणाम पदमा निहुरी पुरारि ! ॥११२॥

त्यो कारागृहमा म जन्मिन पुगें * तत्काल त्यो गोकुल
गाई वत्स चराउँदै दिन बिते * बिर्सेर आफ्नू कुल ।
ती अक्रूर पुगे र बल्ल मथुरा * फर्केर आएँ अनि
आयो सैन्य लिई जरासुत त्यहीँ * गर्छू लडाइँ भनी ।। ११३ ।।
आयो कालयवन् उसै बखतमा * लागेर त्यस्को डर
त्यागेँ त्यो मथुरा, पछी हुन गयो * यो द्वारका नै घर ।
अल्झेको छु कसेर बन्धन कडा * गार्हस्थ्यको जालमा
गर्ने हो कसरी परत्र—तिरको * वैराग्यको चिन्तन ।। ११४ ।।
स्त्रीकै छू वशमा सबै तरहले * जे भन्दछन् गर्दछु
डोरी पक्रि नचाउने नट—समान् * नाचीरहेको म छु ।
देखिन् एक सुपुत्र जाम्बवतिले * ती रुक्मिणीको जब
त्यस्तै पुत्र भनी ढिपी गरि यहाँ * आएँ,पठाइन्, शिव! ।। ११५ ।।
लज्जित् छू बहुतै सकाम तपले * निष्काम मान्दीनँ यो
पाऊँ पुत्रहरू अनेक बलवान् * इच्छा उसैमा गयो ।
हे शम्भो ! वरदान पाउँ यसरी * बिन्ती गरेथे जब
भन्नूभो शिवले खुशी हुन गएँ * होला 'तथास्तु' अब ।। ११६ ।।
रानी सोह्र हजार एक सय जो * अत्यन्त राम्रा सब
उन्का पुत्र हुनन् दशै—दश निकै * विख्यात ती यादव ।
फैलेला शुभ कीर्ति लोकभरिमा * बस्ता गृहस्थी बनी
बित्ला एक हजार वर्ष सहजै * आनन्द भोग्दै अनि ।। ११७ ।।
दुर्वासा मुनिको सराप बलियो * पर्ला अकस्मात् अनि
होला व्यर्थ कुनै कचिङ्गल; ठुलो * मै हूँ, तँ सानो भनी ।
अर्को एक हुनेछ द्वारवतिमा * उत्पात ठूलो जब
होला नाश स्वयम् परस्पर लडी * मर्नन् सबै यादव ।। ११८ ।।

ठूलो भारत युद्धमा नृपहरू— * को नाश पूरा गरी
फिर्नेछौ बलरामका सँग छिटै * वैकुण्ठमा हे हरि !
जस्ले भन्छ कि सुन्छ यो शुभ कथा* कात्यायनी देविको
भोगी भोग यहाँ, गएपछि उहाँ * साकेतमा बस्छ त्यो॥११९॥

॥ इति श्रीमद्देवीभागवत चतुर्थ स्कन्ध समाप्त ॥

•

श्रीमद्देवीभागवत पञ्चम स्कन्ध प्रारम्भ

महिषासुरको उत्पत्ति र शासन– (१)

वैशम्पायन भन्दथे शुभ कथा * सुन्थे ति जन्मेजय
यस्ले दिँछ पाप–ताप मनको * दुर्भावनाको क्षय।
भन्थे उत्तम सूतले पनि कथा * त्यो नैमिषारण्यमा
सुन्थे शौनक आदि श्रेष्ठ ऋषिले * आनन्दका साथमा।। १।।
सोधेथे पछि आदिकारण उनै * हुन् ईश्वरी नै भनी
शङ्का एक भयो मलाइ मनमा * सुन्नूहवस् हे मुनि!
आज्ञा भो अघि कृष्णलाइ जसरी * हुन् अंश श्री विष्णुको
तिन्ले गर्न गए वृथा तप ठुलो * के हेतुले शम्भुको।। २।।
यो सृष्टि–स्थिति–नाश–पालन पनी * गर्ने उनै विष्णु हुन्
त्यस्ता ले किन लाग्नु उग्र तपमा * शङ्का छ यो उग्र झन्।
ती साधारण व्यक्ति झैँ किन भए ? * यस्मा छ कुन् कारण?
शङ्का गर्नुहवस् निवारण, भयो * उद्विग्न मेरो मन।। ३।।
यस्तो प्रश्न सुनी मुसू–मुसु गरी * हाँसेर बोले मुनि!
हो यो सत्य कुरा, तिनै भुवनका * मालीक हुन् तापनि।
गर्छन् ती अवतार धारण, तिनै * सामान्य बन्छन् नर
थाल्छन् गर्न क्रिया ति मानिस सरी * निक्कै बनी अस्थिर।। ४।।

सेवा विज्ञ समाजको र गुरुको * विप्रादिको गर्दछन्
द्यौता, साधु, समाज, सन्त सबको * पाऊ सदा पर्दछन्।
उन्लाई पनि हर्ष, शोक अथवा * दु:खादिले घेर्दछन्
गर्ने हूँ म मनुष्य–कार्य सब यो * प्रत्यक्ष दर्शाउँछन्॥ ५॥
उन्लाई पनि पिर्छ मोह, मदले * मात्सर्यले, कामले
बाँधिन्छन् कहिले उनै पशु सरी * ती रूपको पाशले।
उन्कै सामु परेर श्राप ऋषिको, * मर्दा भए यादव
रोक्ने शक्ति भएन, भिल्लहरुले * भार्या लगेथे सब॥ ६॥
जानेनन् अनिरुद्धको विषयमा * ज्ञाता थिए तापनि
लाँदा शम्बरले नजान्नु किन लौ * छोरा यहीँ छन् भनी।
यस्ता कृत्यहरू मनुष्य सरि भै * गर्थे सबै माधव
त्यस्ताले शिवको गरे तप भनी * आश्चर्य के भो अब॥ ७॥
जानीलेउ सुषुप्तिका अधिपती * हुन् एक ठूला शिव
मान्छन् कारण विष्णुका पनि तिनै * जो छन् सबै मानव।
हुन् कृष्णादि पनी ति अंश शिवको * शास्त्रादि भन्छन् सब
सोही कारण विष्णुले तप गरी * राजी गराए शिव॥ ८॥
ब्रह्मा, रुद्र र विष्णु ॐ स्वरुप हुन् * ती अर्धमात्रा पनि
सत्–चित्–ब्रह्मस्वरूप जान्नु जनले * हुन् ईश कात्यायनी।
ब्रह्मादेखि ठुला ति विष्णु प्रभु हुन् * ती–देखि जान्नू शिव
यी–भन्दा अरु छैन क्वै पनि ठुलो * शास्त्रादि मान्छन् सब॥ ९॥
देवी हुन् अझ श्रेष्ठ दिव्य शिरकी * हुन् अर्धमात्रा पनि
बन्छन् श्रेष्ठ महेश, ती जननिकै * सान्निध्यले नै भनी।
जस्तो काम खटाउँछिन् गर भनी * त्यै गर्दछन् माधव
थाम्छन् धर्म मनुष्यको थरि–थरी * आईपरेको सब॥ १०॥

गर्छिन् जो क्षणमै सबै भुवनको * सृष्टि स्थिती पालन
मैले सक्तिनँ गर्न क्यै बढि अरू * यस्को सबै वर्णन।
धर्छन् ती अवतार जो थरि–थरी * आज्ञा भएकै घरि
शक्तीकै उनि चल्दछन् खटनमा * श्री शम्भु, ब्रह्मा, हरि॥११॥
गर्छन् कर्म जती शुभाशुभ सबै * राखी 'अहम्' भावना
भोग्छन् बन्धनमा परी घरि–घरी * जन्मेर ती यातना।
ब्रह्मा, विष्णु, महेशलाइ सहजै * ढाक्दा अहङ्कारले
माया बन्धनको परेर बिचमा * भोग्छन् अहंभावले॥१२॥
जैह्ले सक्दछ तोड्न बन्धन कडा * झूठो अहङ्कारको
तैह्ले मुक्त हुनेछ नत्र त भयो * त्यो दास मायादिको।
आफ्ना स्त्री धन पुत्र गेह सबले * पार्दैन क्यै बन्धन
रोक्ने मुख्य 'अहम्' छ प्राणि सबको * जान्नू कडा बन्धन॥१३॥
कर्त्ता हूँ, अझ गर्दछू, यति गरेँ * गर्छू कती हो कति
जस्मा यो छ ठुलो 'अहम्' हृदयमा * त्यै मूर्ख हो दुर्मति।
कोही कार्य हुँदैन कारण–बिना * यी लोक पार्ने खडा
माटो कारण–रूप शुद्ध नभई * बन्ला कि कोही घडा॥१४॥
जस्मा छैन 'अहम्' झुटो हृदयमा, * हुन् मुक्त ती सज्जन
तिन्लाई मद मोह मत्सर तथा * सक्ला 'अहम्' ले छुन?
ब्रह्मा, विष्णु र रुद्र सृष्टि लयको * गर्छन् सदा पालन
छैनन् कोहि स्वतन्त्र ती खटनमा * चल्छन् बुझी बन्धन॥१५॥
जो छन् तीन प्रकारका जनहरू * ती सात्त्विकी राजसी
गाडिन्छन् गरि क्रोध मोहवश भै * हुन् निम्न ती तामसी।
यै हो कार्य–गती त्रिदेवहरुको * क्यै छैन अर्को गति
बिग्रन्छन् ति 'अहम्' बढी त्रिगुणमा * लोभिन्छ बर्ता मति॥१६॥

डुब्छन् मोह भएर हीन मतिका * केही नजाने पनि
भन्छन् ती अवतार धारण गरे * श्री विष्णुले नै भनी।
त्यो गर्भादि अनेक दुःखहरुमा * को खोज्दछन् गाडिन
गर्थे के अवतार धारण स्वयम् * त्यागी सुखी जीवन।।१७।।
छैनन् देव स्वतन्त्र ती खटनमा * चल्छन् पराधीन छन्
जस्तो शक्ति नचाउँछिन् नट सरी * एकेक ती नाच्तछन्।
माया नै छ प्रधान कारण कडा * त्यस्कै हुँदा बन्धन
भन्छू लौ महिमा उनै जननिको * शङ्का नमानी सुन।।१८।।
पत्नी कश्यपकी दनू गुणवती * साह्रै सुशीला सती
तिन्का रम्भ, करम्भ दानव थिए * छोरा प्रतापी अति।
त्यो चीसो जलभित्र पञ्चनदले * उस्ले तपस्या गर्‍यो
त्यस्ले इन्द्र डरे र स्वर्गपुरि नै * जाला कि भन्ने भयो।।१९।।
आए ग्राह बनेर सोहि स्थलमा * खुट्टा समाईकन
मारे दानवलाइ उग्र छलले * साह्रै बनी दुर्जन।
भाई मारिदिइस् भनी रिस गरी * आयो उहीँ त्यो पनि
आँट्यो मस्तक काटि होम्न सहसा * त्यो अग्निमा लौ भनी।।२०।।
पक्रे हात पुगेर अग्नि खुशिले * बोले तँ पर्खी अब
जे इच्छा वरको छ सोहि खुशिले * ले दिन्छु हे दानव!
पायो दर्शन अग्निको र खुशि भै * हाँसेर माँग्यो वर
पाऊँ एक अजेय पुत्र दिनुहोस् * इच्छा छ हे ईश्वर।। २१।।
त्यस्ले जित्न सकोस् सुरासुर सबै * कीर्ती ठुलो फैलिने
इच्छित् रूप धरी अजेय उ बनोस् * त्रैलौक्य थर्काउने।
इच्छा दानवको बुझी वर दिए * तत्काल श्री अग्निले
त्यस्तै पुत्र हुनेछ जोसित फसी * भोग्लास् तँ आनन्दले।। २२।।

पाई त्यो वर खूब हर्षित भई * जाँदै थियो दानव
भैँसी एक मिली र रम्भ उसमै * राजी भएथ्यो तब।
केही काल सँगै बसेर जब त्यो * भैँसी भई गर्भिणी
त्यस्लाई सँगमा लिईकन हिँड्यो * पाताल जान्छू भनी।। २३।।
राँगो एक थियो असाध्य बलियो * देखेर भैँसीकन
झम्ट्यो काम बढेर, रम्भ दगुर्‍यो * त्यस्लाइ छेकीदिन।
त्यो राँगो बलियो थियो र सहजै * उस्ले पछारीदियो
हानी पेटविषे थिचेर भुमिमा * उस्लाइ मारीदियो।। २४।।
स्वामी रम्भ जहाँ मर्‍यो पुगि उहीँ * भैँसी डराईकन
खेल्थे यक्षहरू उनैसित भनी * साह्रै दुखाई मन।
त्यो राँगो पनि दौडियो पछि–पछी * त्यो भैँसि खेद्दै जब
मारे यक्षहरू मिलेर त्यहिँ नै * मर्दो भयो दानव।। २५।।
राखे पोल्न चिता बनाइ सबले * त्यो रम्भलाई अनि
हाम्फाली त्यहि अग्निमा महिषिले * जान्छू सती लौ भनी।
निस्केथ्यो महिषासुर प्रबल भै * त्यो अग्नि दन्क्यो जब
अर्को रूप लिएर रम्भ सहसा * निस्क्यो ठुलो दानव।। २६।।
सोही रम्भ त रक्तबीज कहियो * भैगो र सेनापति
अग्नीकै वरले लियो महिषले * पातालको सम्पति।
राजा आफु बन्यो प्रधान, जिउमा * बर्ता हुनाले बल
जित्ने कोहि भएन वीर रणमा * पार्थ्यो सदा खल्बल।। २७।।
सन्तुष्टी नभई गर्‍यो तप पछी * हेमाद्रिमा गैकन
थाल्यो त्यो तपले दिशा र विदिशा * चौतर्फ थर्काउन।
त्यस्को एक सहस्र वर्ष तपमै * सारा बितेथ्यो जब
ब्रह्मा खूशि भएर दानवकहाँ * पुग्नूभएथ्यो तब।। २८।।

आज्ञा गर्नुभयो प्रसन्न म भएँ * तिम्रो तपस्या पुग्यो
जे इन्छा मनमा लिई तप गर्‍यौ * पूरा सबै गर्छु त्यो।
बोल्यो दानव त्यो अजम्मरि हुने * पाऊँ दिनूहोस् वर
द्यौता दैत्य मनुष्यबाट नमरूँ * के मान्नु स्त्रीको डर।। २९।।
त्यस्को बिन्ति सुनी 'तथास्तु' विधिले * आज्ञा भएथ्यो जब
ब्रह्मा फिर्नुभयो र उग्ररुपमा * उर्ल्यो छुचो दानव।
योद्धा वीर जती जितेर रणमा * आफू बन्यो भूपति
द्यौता दानव यक्ष राक्षस सबै * डर्दा भएथे अति।। ३०।।
न्यूरायो नृप चन्द्र–सूर्य–कुलका * जो–जो थिए भूपति
टक्र्याए खललाइ राज्य ढुकुटी * जो–जो थियो सम्पति।
गर्दै शासन एकछत्र भवको * त्यो चक्रवर्ती भयो
द्यौताको अनि यज्ञ–भाग बलले * खोसेर उस्ले लियो।। ३१।।
सारालाइ जित्यो रहेन सुगुणी * ज्ञानी सुखी सज्जन
लिन्छू स्वर्ग भनी उसै बखतमा * थाल्दो भयो गर्जन।
राख्यो चिक्षुर नाम दानव ठुलो * रोजेर सेनापति
कोशाध्यक्ष बनेर ताम्र विरले * जोर्दै गयो सम्पति।। ३२।।
पापी दुष्ट विडाल, वाष्कल दुवै * योद्धा थिए दानव
ढाके सैन्य सबै मिलाइ क्रमले * पाताल, भूमी सब।
खोस्छू स्वर्ग र इन्द्र बन्दछु भनी * प्रस्ताव राख्यो जब
सारा दानवले समर्थन गरे * उर्लीरहेथे सब।। ३३।।
डाकी दूत भन्यो बुझाइ क्रमले * भन्छू जती, त्यो गई
भन्नू इन्द्रकहाँ पुगेर नगिचै * पौँची चनाखो भई।
जाऊ स्वर्ग त्यजी कि वा महिषको * एकेक सेवा गर
शक्ती केहि भए तुरुन्त रणमा * आऊ भई तत्पर।। ३४।।

लड्ने छैन भने विचार मनमा * आफ्नू सुरक्षा गर
जाऊ लुक्न कतै कि आउ रणमा * भन्ने सुनाएस् चर !
आज्ञा माहिषको लिई सुरपती– * लाई सुनायो जब
लागे भन्न रिसाइ इन्द्र सहसा * गर्जेर हे दानव।। ३५।।
तैँले भन्नु गएर दूत ! बुझिले * मैले भनेको पनि
जान्दै छू म पनी पशू महिष त्यो * हो धाँस खौवा भनी ।
देखाई बलको घमण्ड यसरी * बोल्छस् तँ ऐह्ले किन
भाँच्नेछू म तिखा दुवै सिङ अनी * मर्नेछ त्यो दुर्जन।। ३६।।
तैँले दूत ! गएर भन्नु सब यो * मैले भनेँ जे जति
इच्छा गर्छ भने छिटै समरमा * आओस् स्वयम् दुर्मति ।
त्यस्ता बात सुनेर दूत डरले * तत्काल फर्की गयो
राजा माहिषलाइ त्यो सब कुरा * सारा सुनाईदियो।। ३७।।
भूमी खोस्त्रि रिसाइ तीक्ष्ण खुरले * घुम्दै र मुत्तै पनि
लाग्यो माहिष बोल्न उच्च स्वरले * देख्लास् तँ पाजी भनी ।
डाकी झट्ट प्रधान दानव, भन्यो * सेना तयारी गर
पौँची स्वर्ग सुरेन्द्रको समरमा * गर्जेर सातो हर।। ३८।।
पापी दुष्ट प्रधान जार कपटी * विश्वासघाती पनि
ज्ञानी विप्र थिए तपी त्रिशिर जो * तिन्लाइ मार्‍यो अनि ।
छल्दा गौतम–पत्निलाइ जिउमा * योनी हजारौँ भए
हत्या लागि लुके अघी कमलमा * डर्ले बसेका थिए।। ३९।।
मारेथे अघि वृत्रलाइ छलले * मेरा सखा हौ भनी
त्यस्को दर्प म तोड्दछू समरमा * भाग्ला भगूवा बनी ।
त्यस्को मित्र भनूँ कि मालिक भनूँ * त्यो विष्णु अर्को छ जो
गर्ने जाल छली ठुलो छ कपटी * खानी छ चातुर्यको।। ४०।।

त्यस्ले सक्छ र फेर्छ रूप सहजै * धेरै त्यसै कारण
त्यस्लाई पनि मार्छु, छाड्दछु कहाँ * थाल्यो भने उर्लन।
उस्ले प्राण लियो बनेलरुपले * योद्धा हिरण्याक्षको
खम्बा फोरि नृसिंह भै कशिपुको * आन्द्रा दुह्यो पेटको।। ४१।।
दानी हुन् ति पनी परेर छलमै * पातालमा छन् बली
जान्ने नाटक राम्ररी सुरहरू * ढाँट्ने बढी हुन् छली।
अग्नी सूर्य र विष्णु ती वरुण वा * ती चन्द्र आउन् शिव
मैले छाड्दिनँ इन्द्रलाइ रणमा * त्यो मर्छ पक्का अब।। ४२।।
खोस्छू स्वर्ग निकाल्छु देवगणको * त्यो दर्प संग्राममा
आउन् मद्दतमा कुबेर, यम नै * वा सूर्य ती चन्द्रमा।
मेरो जीत अवश्य हुन्छ रणमा * बस्नेछु त्यो स्वर्गमा
खान्छू भाग लिएर सोमरसको * ती देवको साथमा।। ४३।।
प्यूँछू दूध म कामधेनु गउको * खान्छू मिठो अमृत
डुल्छू नन्दन वागमा खुशि भई * ती देवकन्या–सित।
मैले मान्दिनँ देवता मनुजको * मार्लान् कि भन्ने डर
स्त्रीको के भय मान्दछू, बरु छिटै * सेना तयारी गर।। ४४।।
ब्रह्माको वरले अजेय म बनेँ * योद्धा ठुलो दानव
जान्छू लौ रणमा अगाडि म स्वयम् * आओ पछाडी सब।
यात्राको जति हो विधान सब त्यो * पूरा गरून् शुक्रले
होओ शस्त्र लिएर वीरहरु हो ! * तैयार उत्साहले।। ४५।।
आज्ञा ती सब वीरलाइ दिइ झन् * वृद्धी गरी साहस
आफू भित्र पस्यो विशाल घरमा * हर्षित् हुँदै माहिष।
फर्क्यो दूत यता, उता सुरपती * चिन्ता परी बेसरी
थाले गर्न विचार यो असुरले * साह्रै पिन्यो यो घरि।। ४६।।

डाके एक सभा तुरुन्त सुरको * चिन्तित् भई इन्द्रले
पक्का हुन्छ लडाइँ त्यो महिषको * इच्छा भन्यो दूतले ।
ब्रह्माको वरले गरी घरि–घरी * उम्लन्छ त्यो दानव
सारा देव जिती म स्वर्ग सहजै * त्यो भन्छ लिन्छू अब ।। ४७ ।।
मर्नू बाँच्नु र जीत–हार अथवा * त्यो लाभ हानी पनि
देवाधीन रहन्छ, व्यर्थ जनले * क्यै हुन्न दुःखी बनी ।
गर्नैपर्छ उपाय क्यै जतनले * मौका विचारीकन
गर्नैपर्दछ युद्ध भैँसि खलको * शेखी उतारी दिन ।। ४८ ।।
मौनी भै रहँदा हुँदैन सुर हो ! * क्यै कार्य-सिद्धी पनि
देखाओ पुरुषार्थको बखत हो * उद्योग गर्ने भनी ।
यस्ता बात सुनी बृहस्पति गुरू * भन्छन् बुझाईकन
गर्नूपर्छ विचार काम हुनको * केही अगाडी सुन ।। ४९ ।।
जो होमिन्छ विना–विचार रणमा * जान्ने र ठूलो बनी
त्यस्लाई सुख–शान्ति हुन्न कहिल्यै * हो मूर्खता यो भनी ।
त्यस्का सैन्य समस्त स्वर्ग पुरिमा * पुग्नै नपाईकन
जाऔँ हामि त्रिदेवका शरणमा * बिन्ती बिसाईलिन ।। ५० ।।
ल्याऔँ डाकि सहायतार्थ रणमा * उन्लाइ डाकी अनि
देखाऔँ पुरुषार्थ शत्रु बलियो * निक्कै भए तापनि ।
सेना–शक्ति छ, कोष के कति उता * त्यो जान्नको खातिर
बाठो व्यक्ति छिटै र गुप्तरितले * आफ्नू पठाओ चर ।। ५१ ।।
यस्तो तर्क सुनेर विज्ञ गुरुको * ती इन्द्र खूशी भए
ब्रह्मा, विष्णु र शम्भुका शरणमा * सानन्द पौँचीगए ।
सारा बात सुनेर देवगणको * सन्ताप जानीकन
सारा देव सशस्त्र तत्पर भए * आफ्ना चढी वाहन ।। ५२ ।।

ब्रह्मा हाँस चढे, चढे गरुडमा * श्री विष्णु नारायण
ऐरावत् गजमा सुरेन्द्र, शिवजी * साँढे चढे त्यै क्षण।
अग्नी वायु कुबेर औ वरुणजी * दिक्पाल जो-जो थिए
आफाफ्ना चढि दिव्य वाहन डटी * प्रस्थान गर्दा भए।। ५३।।
दौडे स्कन्द मयूरमा, यम हिडे * तत्काल राँगो चढी
निस्केथे सब देवता समरको * लागी अगाडी बढी।
भूमी कम्प भयो, दिशाहरु पनी * लागे सबै थर्कन
सारा देव मिलेर उच्च स्वरले * गर्दा भए गर्जन।। ५४।।
आएथ्यो विकराल त्यो महिषको * गर्जेर सेना उता
लागे ओर्लन वीर सैन्य सुरका * ती सिन्धु जस्तै यता।
जम्काभेट भयो दुवै तरफका * सेना डटे ती जब
छाडे शस्त्र अनेक अस्त्र सबले * धेरै थरीका तब।। ५५।।
भाला तोमर शक्ति पाश र गदा * गर्जी नराम्रो गरी
छोडे शस्त्रहरू परस्पर निकै * पारीदिए थर्हरी।
आफ्ना हुन् कि विपक्षका यति कुरा * ख्यालै नराखीकन
हानाहान गरी ढले समरमा * मुर्दा बनी त्यै क्षण।। ५६।।

लौ काट मार अरिलाइ छिटै पछार
त्यो दैत्यको शिर अकाशतिरै उफार।
त्यै शब्दको ध्वनि चतुर्दिक घन्किइन्थ्यो
भूमीभरी शिर तथा गिँड देखिइन्थ्यो ।। ५७।।
छाड्थे परस्पर तिखा शर छानि तीक्ष्ण
हान्थे गदा परशु पट्टिश शक्ति वाण।
मद्दत् मिलेर हरिको सब देवताले
भेटे जती सकल दानव मार्न थाले ।। ५८।।

गर्थे परस्पर कती डटि मल्ल–युद्ध
खान्थे कती लुछि–लुछी त्यहिँ मासु गिद्ध ।
यो युद्धको कहिँ अरू उपमा सुनिन्न
गर्दै गए पनि त वर्णन सिद्धिइन्न ।। ५९।।
सेनापति प्रथम चिक्षुर दैत्य गर्ज्यो
त्यो हात्तिमै बसि अनेक प्रहार गर्थ्यो ।
हानेर वाण दशले सुरराजलाई
गर्ज्यो निकै समरमा खल हर्ष पाई ।। ६०।।
टुक्रा गराइ शर त्यो खलका बिचैमा
हानीदिए त्रिशुल एक लिई करैमा ।
लाग्यो जसै हृदयमा खलको गएर
मूर्च्छा पऱ्यो समर–भूमिविषे लडेर ।। ६१।।
देख्यो चिक्षुरको विडाल खलले * साह्रै नराम्रो स्थिति
हानेथ्यो अनि पाँच तीक्ष्ण शरले * भन्दै पखी, दुर्मति ।
काटेथे शर इन्द्रले ति बिचमै * लाग्नै नपाईकन
पारे मूर्च्छित शक्तिले हृदयमै * हानेर गर्जीकन।। ६२।।
ठूलो वज्र गरे प्रहार गजको * ताकेर गण्डस्थल
भाग्यो चोट परेर सैनिक थिची * पारीदियो खल्बल ।
देख्यो सारथिले रथीकन जसै * मूर्च्छित् र मान्दै डर
फर्काई रथ त्यो लग्यो समरको * बाहीर केही पर।। ६३।।
त्यागी वाहन त्यो तुरुन्त रथमा * फर्केर आयो जब
रोके वेग जयन्तले अनि रुक्यो * त्यै स्थानमा दानव ।
हान्यो वाण लिई पचास जिउमा * घाऊ गरायो अनि
त्यस्का वाण गरी अनेक टुकुरा * गर्जे ति लौ आ भनी।। ६४।।

हाने झट्ट जयन्तले अघि सरी * त्यस्लाइ नौ बाणले
लाग्दा ती शर तीक्ष्ण देह रथमै * त्यागीदियो दैत्यले ।
देखी त्यो स्थिति युद्धको र सुरको * जैकार चर्को सुनी
आयो ताम्र ससैन्य श्रेष्ठ गजमा * मार्छू तँलाई भनी ।। ६५ ।।
त्यस्लाई पनि इन्द्रले समरमा * मूर्च्छित् तुल्याए जब
जै–जैकार गरी सबै सुरहरू * हर्षित् भएथे तब ।
लागे दैत्यहरू मिली शर निकै * गर्जेर वर्षाउन
भागे देवहरू ति लड्न नसकी * बाँच्ला भनी जीवन ।। ६६ ।।
देखी दुर्गति देवको वरुणजी * गर्जे अगाडी सरी
वर्षाए शर त्यो महेन्द्र गिरिमा * पानी परेझैँ छरी ।
राँगो–माथि बसी पुगे यम छिटै * गर्छू भनी मद्दत
लागे मार्न दुवै मिली, खल मरे * निक्कै नराम्रोसित ।। ६७ ।।
मार्छू काट्छु भनी सुरासुर लडे * गर्जेर त्यो युद्धमा
भाला खड्ग खुँडा ठुलो मुशलले * हान्थे डटी माथमा ।
धेरै दानव ती मरे शरहरू * लागेर सर्वाङ्गमा
पारे सोतर देवसैन्यदलको * ती दैत्यले युद्धमा ।। ६८ ।।
हानेथे शिरमा रिसाइ यमले * पक्री ठुलो दण्डले
मूर्च्छा पर्न गएर ताम्र रथमै * गिर्दो भयो वेगले ।
हाहाकार गरेर दानव निकै * भागे डराई कति
मारेथे सुरले अनेक शरले * खेद्दै कती हो कति ।। ६९ ।।
देखी दुर्गति ताम्रको; समरको * साह्रै नराम्रो स्थिति
आयो श्रेष्ठ गदा लिई महिष नै * पार्छू भनी दुर्गति ।
धौता हो ! सब पर्ख–पर्ख यसरी * भाग्छौ डराई किन ?
लिन्छू जीवन शीघ्र, गर्ज रणमा * सक्छौ जती गर्जन ।। ७० ।।

थर्काई पृथिवी ठुलो स्वर गरी * हान्यो गदा वेगले
टुक्रा पारि गदा छिटै सुरपती * गर्जे निकै हर्षले ।
हानाहान ति इन्द्रको—महिषको * चल्दो भयो बेसरी
छाइथे शस्त्र ति मेघले जलधिमा * पानी छरे—झैँ गरी।। ७१ ।।
गर्थे शस्त्र प्रहार घोर रणमा * साना—ठुला वीरले
हेर्थे छक्क परेर दिव्य नभमा * ती देवता सिद्धले ।
थर्काए जब इन्द्रले समरमा * निक्कै नराम्रो गरी
फैलायो अनि दैत्यले थरि—थरी * माया फिजी आसुरी।। ७२।।
उस्तै रूप हुने र शस्त्र करमा * एकेक उस्तै लिने
लामो सैन्य खडा भए महिषको * संग्राम थर्काउने ।
लागे मार्न सबै मिली, सुरहरू * भागे डराई जब
हेर्थे छक्क परेर खिन्न मनले * देवेन्द्र आफैँ तब।। ७३।।
तर्से ती यम, सूर्य, अग्नि सहसा * ती देवता चन्द्रमा
भन्थे जीत हुँदैन देवगणको * यो उग्र संग्राममा ।
देखेथे जब इन्द्र—विष्णु—शिवले * संग्रामको दु:स्थिति
काटे चक्र चलाइ शीघ्र हरिले * माया थियो जो जति।। ७४।।
साम्ने पाइ त्रिदेवलाइ खलले * संग्राममा उद्यत
अर्को रूप धरेर शस्त्रहरुले * झम्ट्यो नराम्रो—सित ।
त्यो उग्रास्य र उग्रवीर्य बलवान् * धूम्राक्ष औ वाष्कल
सेनाको पति चिक्षुराख्य रणमा * उर्लेर आए खल।। ७५।।
छाड्थे ती शर कानसम्म धनुको * ताँदो खिँची बेसरी
थाले दानव दुष्ट गर्जन निकै * उत्साह वृद्धी गरी ।
ब्रह्मा, विष्णु र शम्भुको समरमा * पाई ठुलो मद्दत
थाले दानवलाइ मार्न सुरले * पक्रेर पालैसित।। ७६।।

हान्यो अन्धकले गदा लिइ ठुलो * श्री विष्णुलाई जब
त्यस्को चोट सही ठुलो परिघले * ताकेर हाने तब ।
छाडी ती हरिलाई अन्धक पुग्यो * साम्ने जसै रुद्रको
हाने शङ्करले त्रिशूल शिरमा * ताकेर त्यो दुष्टको ।। ७७ ।।
लागे अन्धक–शम्भु लड्न रिसले * देखाउँदै वीरता
हेर्थे छक्क परी उडेर नभमा * एकेक ती देवता ।
आयो झम्टन वेगले महिष त्यो * ती विष्णुलाई अनि
हाने एक गदा, कुद्यो रण त्यजी * मार्छन् मलाई भनी ।। ७८ ।।
आयो फर्कि छिटै, गदा गरुडजी– * लाई बजारीदियो
उफ्रे चोट निकै परी गरुडजी * त्यो दुष्ट झन् गर्जियो ।
यौटा धाप दिए र शान्त हुनगो * गोविन्दको वाहन
छाडेथे शर एक शीघ्र हरिले * लिन्छू भनी जीवन ।। ७९ ।।
लागी त्यो शर, चोट खप्न नसकी * मूर्च्छा पर्‍यो माहिष
भागे दानव सैन्य जीवन लिई * लड्ने त्यजी साहस ।
आयो चेत फिर्‍यो र शीघ्र रणमा * गर्जी निकै वेगले
हानेथ्यो शिरमा लिएर करमा * ताकी ठुलो शक्तिले ।। ८० ।।
मूर्च्छा पर्न गए तुरुन्त रथमै * श्री विष्णु त्यो चोटले
भागे देवहरू त्यजी रण छिटै * शेखी हर्‍यो दैत्यले ।
देखी त्यो स्थिति युद्धको अनि स्वयम् * पाल्नूभयो श्री शिव
खेदे एक लिई त्रिशूल र भने * मार्छू तँलाई अब ।। ८१ ।।
तीखो शूल छली छिटै महिषले * श्री रुद्रलाई पनि
छाड्यो शक्ति कराइ उच्च स्वरले * मार्छू तँलाई भनी ।
त्यस्को चोट कडा थियो, तर खपी * हेर्दै कडा नेत्रले
हान्नूभो शिरमा त्रिशूल रिसले * मर्ने गरी वेगले ।। ८२ ।।

आए विष्णु फिरेर चेत, रणमा * उन्लाइ देख्यो जब
हान्दै चोट अनेक दुर्वचन त्यो * गर्थ्यो निकै दानव ।
ब्रह्मा, विष्णु र रुद्रलाइ खलले * हानेर तीखा शर
फाल्यो सीङ धसी अनेक गिरिका * साना ठुला पत्थर।। ८३।।
बेह्री पुच्छरले उखेलि बलले * फ्याँक्दै गयो पर्वत
टुक्रा पर्वतका तुल्याइ हरि नै * लड्नूभयो त्योसित ।
हान्यो व्रज, गदा र पाश शरले * शेखी सबैको हर्‍यो
हाहा पारिदियो र देवगणको * शक्ती हराईगयो।। ८४।।
फुक्नूभो निज पाञ्चजन्य हरिले * त्यो तेजिलो शब्दले
हाहा पारिदियो ति दैत्य--गणमा * भागे सबै त्रासले ।
हेर्ने युद्ध मुनी र सज्जनहरू * आकाशमा जो थिए
जै--जैकार गरी उसै बखतमा * अत्यन्त खूशी भए।। ८५।।
देख्यो माहिषले ति सैनिकहरू * क्यै दीन जस्ता जब
यिन्को शक्ति भएछ क्षीण रणमा * उत्साह दिन्छू अब ।
भैँसी--रूप तजेर सिंह भइ त्यो * तत्काल देखा पर्‍यो
हाहा पारिदिई समस्त सुरको * शक्ती र सातो हर्‍यो।। ८६।।
नंग्राले तनमा धसी गरुडको * रक्ताम्य पारीदियो
हानेथ्यो लबटा रिसाइ हरिमा * रक्तै गराईदियो ।
त्यस्को चोट सहेर चक्र रिसले * गर्जेर छाडे जब
भाग्यो प्राण बचाइ क्यै पर छिटै * राँगो बन्यो दानव।। ८७।।
दोटै सीङ धस्यो तिखा तनमहाँ * मार्छू भनी विष्णुको
भागे चोट ठुलो परी समरमा * एकेक पापिष्ठको ।
यो मर्दैन अजेय वीर छ भनी * कैलास भागे शिव
भागे विष्णु र रुद्र चोट रणमा * पाई डराई जब।। ८८।।

ब्रह्माको पनि क्यै चलेन र हिडे * गर्जे निकै दानव
भागेथे जब ती त्रिदेव रणमा * टिक्नै सकेनन् तब।
एक्लै इन्द्र डटी रहे बल गरी * त्यो घोर संग्राममा
आई झट्ट कुबेर औ वरुणले * मद्दत् दिए साथमा।। ॥८९॥
रोके सूर्य र अग्नि आइ यमले * शस्त्रास्त्र वर्षा गरी
लागे मद्दत गर्न चन्द्र रणमा * आई निकै बेसरी।
द्यौता दानवको चल्यो अति ठुलो * संग्राम चर्क्यो जब
चिच्च्याई सब ती परस्पर भिडे * ती देवता दानव।। ९०॥
लाग्यो पर्वत फाल्न तीक्ष्ण सिङले * एकेकका माथमा
हान्यो पुच्छरले खनेर खुरले * हाहा पर्‍यो देवमा।
देख्यो दीन मलीन हीन रणमा * पैह्ले गर्‍यो गर्जन
लागे भाग्न डराउँदै सुर सबै * बाँच्ला भनी जीवन।। ९१॥
भागेका सब देवताकन त्यहाँ * देखी सबै दानव
लागे गर्न कुरा–जित्यौँ रण छिटै * हामीहरूले अब।
देख्यो आसन इन्द्रको महिषले * त्यस्मा बस्यो हर्षले
थाल्यो फैलिन तीन लोकभरिमा * कीर्ती त्यसै हेतुले।। ९२॥
पायो अमृत, कामधेनु सहजै * उच्चैःश्रवा त्यो हय
त्यो ऐरावत अप्सरासित रम्यो * पापी बनी निर्भय।
जुन् लामो सय वर्षको समरमा * त्यो जीत उस्को भयो
ठूलो हूँ म भनेर स्वर्गपुरिको, * उन्मत्त बन्दै गयो।। ९३॥
खोस्यो भाग र सम्पती जति थियो * सम्पूर्ण दिक्पालको
गर्थ्यो नन्दन वागमा सयल झन् * आनन्द मानेर त्यो।
राख्यो दानव जो रहे खटनमा * बाँड्दै गयो शासन
निक्कै वर्ष चल्यो यही क्रम, रहे * द्यौता दुखी भैकन।। ९४॥

संग्राममा विजय भो अनि स्वर्ग पायो
उन्मत्त भै महिष दानव झन् रमायो ।
ठूलो सहेर दुख त्यो अहिले मिलेको
भोग्यो प्रशस्त सुख वैभव स्वर्गको त्यो ॥ ९५॥
त्यस्ले सभा असुरको बलियो बनायो
गर्नू कुशासन भनेर हुकूम् सुनायो ।
चल्दै रह्यो यसरि दानवको रजाइँ
सारे तुरुन्त सुरले गिरिमा बसाइँ ॥९६॥
दु:खी थिए सुरहरू त्यसरी लुकेर
सारा सभा–बिच बसेर गरे विचार ।
उद्धार हुन्छ कसरी अब के गरेर ?
बोले जुरुक्क उठि इन्द्र अघी सरेर ॥ ९७॥
ब्रह्मा र विष्णु, शिवका पदमा झुकेर
बिन्ती गरौँ शरणमा सब छौँ भनेर ।
गर्छन् प्रयत्न पनि केहि सबै मिलेर
सल्लाह यो गरि हिँडे सुर उत्तिखेर ॥ ९८॥

ब्रह्मा, विष्णु र रुद्रका शरणमा * पुग्दा भए ती जब
बिन्ती पारिलिए प्रभो ! दुख परी * आयौँ अहीले सब।
ब्रह्माको वरले अजेय हुनगो * साह्रै छुचो माहिष
हाम्रो स्वर्ग जिती लियो समरमा * त्यस्ले गरी साहस॥ ९९॥
गर्नूपर्छ छिटै उपाय वधको * त्यो स्वर्ग फर्काउने
यस्को केहि उपाय गर्न नसके * छौँ कष्टमै भासिने।
त्यस्लाई वरदान जो छ विधिको * स्त्रीबाट मर्लास् भनी
मार्ने त्यस्कन स्त्री प्रशस्त बलकी * पाइन्न खोजे पनि॥ १००॥

त्यो मारिन्छ गरी प्रयत्न कसरी * त्यस्को गरी चिन्तन
चाँडो गर्नुपर्‍यो उपाय सबले * निक्कै छ त्यो दुर्जन।
द्यौताको सुनि प्रार्थना प्रभुजिले * हाँसेर भन्नूभयो
त्यस्का साथ पर्‍यो लडाइँ अघि नै * मर्दै नमर्ने छ त्यो।।१०१।।

देवीको प्रादुर्भाव– (२)

हाम्रो तेज ठुलो छ आफ्नु तनमा * त्यस्लाइ जम्मा गरौँ
त्यस्ले तेज र शक्तिपूर्ण जननी * तैयार हामी गरौँ।
खाँचो पर्दछ जे दिएर सबले * शस्त्रास्त्र टक्र्याउँला
ब्रह्माको वर पारि सत्य सहजै * स्त्रीबाट नै मारुँला।। १।।
यस्तो श्री हरिबाट योग्य रितको * सल्लाह चल्दै थियो
ब्रह्माको मुखबाट तेज रवि झैँ * बल्दो त्यहीँ निस्कियो।
त्यस्तै रुद्र र विष्णुको वरुणको * एकेक ती देवको
निस्क्यो तेज प्रशस्त सूर्य सरिको * जाज्वल्य त्यो देखियो।।२।।
के आश्चर्य भयो भनी सुरहरू * चौतर्फ हेर्दै थिए
नारी–रूप त्यहीँ उपस्थित भयो, * देख्दा खुशी भैगए।
आँखा तीन ठुला–ठुला चहकिला * अट्ठार बाहू हुने
उस्तै स्वच्छ ललाट ओठ सब ती * श्री सूर्य झैँ देखिने।। ३।।
वस्त्राभूषणले सुसज्जित सफा * ती शक्तिको दर्शन
पाई छक्क परी, समस्त सुरको * खूशी भएथ्यो मन।
नित्या निर्गुण हुन् त्रिलोक–जननी * जानिन्न केही पनि
दिन्छिन् ती सुरको हितार्थ सहजै * दर्शन् उ नारी बनी।। ४।।
धार्छिन् रूप अनेक, एक पनि ती * बन्छिन् परेका घरि
आएकी यिनि हुन् उनै भगवती * लक्ष्मी बनी ईश्वरी।

भूमीको सब भार टारि सुरको * कल्याण सोचीकन
धारी रूप अनेक, खेल नट झैँ * लाग्छिन् ति देखाउन।। ५।।
नारी–रूप तयार भो जब त्यहाँ * ती देवको तेजले
चुल्ठो बन्न गयो विशाल यमको * कालो ठुलो शक्तिले।
आँखा तीन भए तयार शशि झैँ * श्री अग्निको तेजले
आँखीभौँ र ललाट नाक बनिगो * ती वायुको शक्तिले।। ६।।
निस्की तेज ति विष्णुको चहकिलो * अट्ठार बाहू बने
पाऊ भो रवि–तेजले जननिको * ती हेर्न गाह्रो हुने।
यस्तै तेजहरू मिलेर सुरका * सर्वाङ्ग बन्दै गयो
देखे रूप जसै जगज्जननिको * तिन्लाइ सन्तोष भो।। ७।।
ब्रह्मा, विष्णु र रुद्रले पनि सफा * पाए जसै दर्शन
बोले शस्त्रहरू समर्पण गरौँ * हामी यि देवीकन।
अर्पेथे निज चक्रबाट हरिले * अर्को झिकी चक्र त्यो
सुम्पेथे निज शूलबाट शिवले * अर्को झिकी शूल त्यो।।८।।
ब्रह्माले खुशिले कमण्डलु दिए * राखेर गङ्गा–जल
अर्पे वस्त्र ति इन्द्रले, वरुणले * माला दिए झल्मल।
ठूलो सिंह दिए हिमालयजिले * ती देविको वाहन
त्वष्टाले उनिलाई नूपुर दिए * श्री सिन्धुले भूषण।। ९।।
सुम्पे कुण्डल बञ्चरो मणिहरू * श्री विश्वकर्माजिले
सुम्पे बाण धनू तथा शर–सहित् * ठोक्रो ठुलो वायुले।
प्यूने पात्र कुबेरले पनि दिए– * थे मद्यको सुन्दर
त्वष्टाले बलियो गदा झिकि ठुलो * सुम्पीदिए सादर।। १०।।
अर्पे ढाल गदा र खड्ग यमले, * कान्ती दिए सूर्यले
सारा देव मिली दिए निज सबै * शस्त्रास्त्र आनन्दले।

आफ्नू शंख र पाश ती वरुणले * श्री देविलाई दिए
त्वष्टाले तरबार औ कवच त्यो * जुन् ढाल हो सुम्पिए॥ ११ ॥
जो जो देव त्यहाँ उपस्थित थिए * दुःखी भए तापनि
आफ्ना अस्त्र स्वयम् समर्पण गरे * लीनोस् भवानी, भनी ।
वस्त्राभूषण, शस्त्र–अस्त्र सहितै * देखेर शक्तीकन
सारा देवहरू मिली स्तुति गरे * पाए जसै दर्शन॥ १२॥
हे देवी ! जगदम्बिके ! भगवती ! * त्रैलोक्यकी ईश्वरी!
हे दुर्गे ! तिमि ह्वौ प्रसन्न अहिले * हाम्रो सुरक्षा गरी ।
दुःखी छन् पृथिवी, बढेर अहिले * पापी निकै दानव
रक्षा गर्नुहवस् दुखी सुरहरू * छन् आत्तिएका सब॥ १३ ॥
मारी माहिष दुष्टलाइ सुरको * संकष्ट टारीदिनोस्
पृथ्वीका सब भाररूप खल यी * एकेक मारीदिनोस् ।
कल्याणी ! जननी ! प्रणाम पदमा * न्यूरेर गर्छौं सब
द्यौता छन् दुखमा, यिनै चरणको * ती आश गर्छन् सब॥ १४॥
ब्रह्माको वरले म मर्दिनँ भनी * उर्लन्छ त्यो माहिष
माया जान्दछ, रूप फेर्दछ छिटै * त्यो गर्छ दुःसाहस ।
निक्कै कष्ट दिएर स्वर्गभरिको * गर्दै छ त्यो शासन
हाम्रो कष्ट छुटाउनोस् अब छिटै * त्यस्को लिई जीवन॥ १५ ॥
बोलिन् ती जगदम्बिका सुनिसकी * द्यौताहरूको स्तुति
डर्दै छौ किन व्यर्थमा अब छिटै * मारिन्छ त्यो दुर्मति ।
ब्रह्मा, विष्णु र रुद्र, इन्द्र, यम यी * द्यौता ठुला छन् जति
भागे माहिषको परी डर, भनी * झन् छक्क पर्छू अति॥ १६ ॥
द्यौतालाइ यती भनेर जननी * हाँसेर गर्जिन् अनि
चर्को शब्द भयो सबैतिर पुग्यो * त्यो वज्र जस्तै ध्वनि ।

हल्ले पर्वत, सिन्धुको जल निकै * उर्ल्यो ठुलो वेगले
भूमी कम्प भयो र दानवहरू * झस्के त्यही शब्दले॥ १७॥
जै–जैकार गरी सबै सुरहरू * हर्षित् भए बेसरी
त्यो चर्को ध्वनिले स्वयम् महिष झन् * तर्स्यो निकै नै डरी।
डाक्यो क्वै चरलाइ झट्ट र भन्यो * के शब्द हो लौ यहाँ
गर्जीदै छ कता, छ को ? किन वृथा * त्यो बस्छ ऐल्हे कहाँ ?॥ १८॥
छन् मेरै वशमा सबै सुरहरू * आफै म छू इन्द्र र!
जो गर्ज्यो, यमराजको पुर–विषे * जाला छिटै दुच्छर।
सारा बात बुझेर आउनु छिटै * फर्केर तैँले अनि
त्यस्को निर्णय गर्दछू यहिँ बसी * जे भन्नुपर्ला भनी॥ १९॥
आज्ञा माहिषको सुनेर दगुर्‍यो * त्यो दूत हावा सरी
पायो दर्शन शक्तिको र अडिई * हेर्दै रह्यो राम्ररी।
फर्क्यो केहि नबोलि माहिषकहाँ * बिन्ती गर्‍यो त्यै घरि
वस्त्राभूषणले सुसज्जित कुनै * नारी छ त्यो सुन्दरी॥ २०॥
त्यस्ती रूपवती अपूर्व युवती * पाइन्न खोजे पनि
लाग्यो अद्भुत रूपसी अरु कुनै * होवैन त्यस्ती भनी।
गन्धर्वी न त, मानुषी न त कुनै * हो नाग–कन्या पनि
बस्छे तेज फिजी चतुर्दिक स्वयम् * श्रीसूर्य झैँ भामिनी॥ २१॥
सारा देवहरू बसी गगनमा * गर्छन् उनैको स्तुति
भन्छन् दानव दैत्य मारिदिनुहोस् * नाच्छन् खुशी भै अति।
छन् उस्का सब अस्त्र शस्त्र बढिया * अट्ठार बाहूभरि
गर्जन्छे बसि सिंहका उपरमा * त्यै सुन्दरी बेसरी॥ २२॥
त्यो श्रृङ्गार विचित्र, वीर–रसकी * प्रत्यक्ष मूर्ती बनी
त्यस्को अद्भुत तेज यी नयनले * सक्तीनँ हेर्नै पनि।

को हो त्यो युवती? विवाह नभए— * जस्ती छ देख्दा, तर
भूमी कम्पित हुन्छ गर्जन गरी * सारा दिशा थर्थर।। २३।।
देखें जे जति त्यो यथार्थ प्रभुमा * सारा गरें वर्णन
पार्नोस् लौ वशमा उपाय गरि क्यै * त्यो दिव्य नारीकन।
आफ्नू त्यो चरको कुरा यति सुनी * मन्मा डराए पनि
डाक्यो वाष्कललाइ त्यो महिषले * लौ आ नगीचै भनी।। २४।।
लाग्यो भन्न—लिएर आइज छिटै * तैँले फकाईकन
गर्नू खूब कुरा मिठा वचनले * राम्रो बुझाई मन।
मान्छे ता खुशिले र मान्दिन भने * ल्याएस् बलैले पनि
राख्नेछू म प्रधान मानि सबमा * बस्नेछ रानी बनी।। २५।।
उस्को तेज र रूपको सुनिसकें * ऐल्हे जती वर्णन
मेरो चित्त हुँदै छ चञ्चल निकै * उस्लाइ भेट्टाउन।
तैँले त्यो मृगलोचनीकन यहाँ * जिम्मा लगाइस् भने
स्याबासी म दिनेछु सम्पति सँगै— * सम्मान छस् पाउने।। २६।।
आज्ञा पाइ तुरुन्त वाष्कल गयो * क्यै सैन्यका साथमा
पाई दर्शन देविको परिगयो * आश्चर्यमा मोहमा।
सोध्यो—हे सुमुखी! तिमी भन यहाँ * आयौ अहीले किन?
के इच्छा मनमा छ वा अघि गर्‍यौ * के-निम्ति त्यो गर्जन?।। २७।।
स्वामी माहिष सोद्धछन् तिमिप्रती * साह्रै भई मोहित
आफ्नो जे मनमा छ त्यो भन स्वयम् * आफ्नू चिताई हित।
सारा देवहरू जितेर रणमा * अन्तै लघारीदिए
ऐल्हे स्वर्ग जितेर इन्द्र—पदमा * आफू सुशोभित् भए।। २८।।
सक्तैनन् तिनिलाइ मार्न जब ती * श्री विष्णु ब्रह्मा शिव
अर्को को छ समर्थ वीर भवमा * आफै बताऊ अब।

ब्रह्माको वरले अजेय उनि छन् * त्रैलोक्य थर्काउने
ऐहे देखिदनँ क्वै पनी वरिपरी * उन्लाइ न्यूराउने।। २९।।
तिम्रो रूप र शौर्यको जब सुने * उन्ले जसै वर्णन
खोज्दै छन् तिमिलाइ भेट्न बहुतै * आसक्त पारी मन ।
बस्नन् माहिष–रूप धारण गरी * तिम्रो नगीचै जब
इच्छा पूर्ण हुनेछ जे छ मनमा * एकेक तिम्रो सब।। ३०।।
लैजान्छू तिमिले हिडे मसँग नै * ती वीरका पासमा
डाक्ने मन् छ भने म ल्याउँछु यहीँ * तिन्‌लाइ, छन् आशमा ।
उल्टो बात सुनेर दुष्ट चरको * बोलिन् जगद्रक्षिणी
माता हूँ बुझ देवता सकलकी * हूँ भक्तकी रक्षिणी।। ३१।।
पार्ने दानव–वंश भस्म बुझिले * लक्ष्मी–स्वरूपा बनी
आएकी अहिले यहाँ महिषकै * संहार गर्छू भनी ।
बोलिस् नम्र भई, क्षमा गरिदिएँ * तेरो बच्यो जीवन
राँगोलाइ सुनाउनू सब कुरा * जे भन्छु त्यो गैकन।। ३२।।
बाँच्ने आश भए गईकन बसोस् * पापिष्ठ पातालमा
मर्ने मन् छ भने ससैनिक स्वयम् * आओस् छिटै युद्धमा ।
मारेथें अघि दैत्य दानवहरू * मैले कती हो कति
आएँ मार्न तँलाइ रूप लिइ यो * मर्छस् तँ हे दुर्मति!।। ३३।।
ब्रह्माको वरले म मर्दिनँ भनी * ठान्दै नठानेस् अब
स्त्रीले वध्य हुँदा, लिएँ स्वरुप यो * मर्छन् सबै दानव ।
उल्टो बुद्धि लिएर बात ननिको * बोल्छस् वृथामा किन?
आओस् पीडित कामले बढि भए * संग्राममा होम्मिन।। ३४।।
भन्दै छू म तँलाइ उत्तम कुरा * राखी दया चित्तमा
बाँच्ने आश भए अझै पनि बसोस् * सानन्द पातालमा ।

शक्तीका अति तेजिला हित हुने * अर्ती सुनेथ्यो जब
निक्कै नम्र भई फकाउँछु भनी * बोल्दो भयो दानव ॥ ३५ ॥
बोल्दै छौ तिमि स्त्री भई अबुझ झैँ * उल्टो वृथामा किन?
मान्दीनौ हितका कुरा यदि भने * जाला वृथा जीवन।
एक्ली छौ तिमि सुन्दरी, महिष छन् * योद्धा रिसाहा कडा
सेना छन् सँगमा अनेक थरिका * लड्ने हुकुम्मा खडा ॥ ३६ ॥
गुच्छा मालतिकी लुछेर गजले * जस्तो गरी फ्याँक्दछ
त्यस्तै हो तिमिलाइ ती महिषले * मारेर के लाभ छ ?
हे सौम्ये ! तिमिलाइ बात ननिका * बिझ्ने कुनै भन्दिनँ
त्यो श्रृङ्गार–विरुद्ध हुन्छ, रसमा * बाधा कुनै पार्दिनँ ॥ ३७ ॥
मेरा साथ तिमी उहाँ पुगिदिने * छन् आशमा माहिष
त्यागी मान, गई प्रसन्न मनले * उन्कै अगाडी बस।
सारा राज्य र सम्पती सकल यो * सुम्पी खुशी भैकन
गर्ने छन् सुख–भोग स्वर्गपुरिको * उद्यानमा नन्दन ॥ ३८ ॥
सुन्दा गर्जन घोर ती महिषले * तत्काल खोजी गरे
इच्छा लाग्छ भने तिमी महिषकी * रानी प्रिया हौ अरे।
बारम्बार प्रणाम गर्छु पदमा * न्यूरेर बिन्ती गरी
मेरो बात तिमी बुझेर हितको * स्वीकार हे सुन्दरी! ॥ ३९ ॥
त्यस्का बात सुनीसकेर जननी * क्यै क्रोधले गर्जिइन्
गर्दै छस् बकवाद रे खल! भनी * हप्काइ बोल्दी भइन्।
राँगोको अहिले गरिस् घरि–घरी * जुन् शक्तिको वर्णन
मार्नेछू रणमा अवश्य म स्वयम् * त्यो घाँस खानेकन ॥ ४० ॥
द्यौताको स्तुतिले मनुष्य–तन यो * मैले गरेँ धारण
दुःखी देखि ति देवता प्रण गरेँ * त्यो स्वर्ग फर्काउन।

इच्छा छैन मलाइ मार्न खल हो! * पाताल जाओ सब
मर्छौ निश्चय युद्धमा अघि सरे * बाँच्नैन क्वै दानव।। ४१ ।।
खस्रो बात सुनेर दूत मनमा * क्यै मुर्मुरीयो, तर
यस्मा जे छ उचित् गरून् महिष नै * भन्दै फिऱ्यो आखिर।
जो–जो बात भए उहाँ सकल त्यो * भन्दो भयो सादर
एक्ली छे, तर त्यो रहीछ बुझियो * निर्भीक औ दुच्छर।। ४२ ।।
राजन् ! साम र दामको विनयले * बिन्ती गरेको सुनी
बोली जाल रचेर शीघ्र रिसले * आफैं मपाईं बनी।
भन्थी–दिन्छु बली म त्यो समरमा * काटेर भैंसी अब
जाउन् नत्र लिएर जीवन, सबै * पातालमा दानव।। ४३ ।।
त्यस्को बात सुनेर क्रोध मनमा * बढ्दै गएथ्यो, तर
आज्ञा मार्नु भनी थिएन, म फिरें * त्यै हेतुले आखिर।
जे गर्ने अब गर्नुहोस् हजुर नै * राम्रो विचारीकन
लड्नू उत्तम हो कि भाग्नु अहिले * राम्रो छ के जान्दिनँ।। ४४ ।।
त्यस्तो उत्तर शक्तिको महिषले * सारा सुनेथ्यो जब
मन्त्री डाकि भन्यो सभाबिच बसी * के गर्नुपर्ला अब?
यस्तो प्रश्न सुने जसै महिषको * मन्त्रीहरूले अनि
सम्झाए रण–नीतिको र हितको * कर्तव्य यै हो भनी।। ४५ ।।
राम्रो हो प्रिय बात बोल्नु हितको * भन्छन् सबै सज्जन
बोल्दैनन् तर ती कुनै शुभ हुने * चोखो बनी दुर्जन।
हुन्छन् सत्य सदैव तर्क हितका * तिन्लाइ को मान्दछन्?
केही सत्य कुरा चल्यो यदि भने * एकेक ती भाग्दछन्।। ४६ ।।
बोल्थे सत्य कुरा उहाँ हित हुने * बाठा र जान्ने, तर
गर्जेथ्यो विरुपाक्ष नै अघि सरी * जान्ने बनी आखिर।

एक्ली त्यो अभिमानपूर्वक कुरा * बोल्छे भने मानिनी
हामीले किन न्यूरने पुरुष भै * सानो र लाछी बनी।। ४७।।
मिथ्या बोल्नु र धाक लाउनु बढी * देखाइ दु:साहस
बोल्छन् स्त्रीहरुले अनेक घरमा * निक्कै बनी कर्कश।
पूरा स्वर्ग जितेर सम्पति लियौँ * संग्राम गर्दै जब
त्यस्का साथ बनेर दीन कसरी * हो न्यूरने लौ अब।। ४८।।
आज्ञा पाउँ हजूरको म अहिल्यै * पुग्नेछु एक्लै पनि
केही लाभ हुँदैन व्यर्थ यसरी * चिन्तित् र दु:खी बनी।
बाँध्ने पाउँ हुकुम् म त्यस्कन छिटै * बाँधी यहीँ ल्याउँला
त्यो मान्दीन भने म शस्त्र—बलले * मारी छिटै आउँला।। ४९।।
*चिन्ता गर्नु वृथा छ यो विषयमा * एक्ली छ त्यो मानिनी*
बस्ली पाउ मली यही महलमा * आएर दासी बनी।
धेरै गर्व गरी निकै अरु कुरा * बोल्यो विरूपाक्षले
बोल्यो दुर्धर वीर त्यै बखतमा * अत्यन्त उत्साहले।। ५०।।
हे राजन् ! विरुपाक्षले जति कुरा * बिन्ती गऱ्यो सत्य हुन्
नारीका वशमा हुनू सुजनले * मर्नू निको ठान्दछन्।
त्यस्को बात सुनेर स्पष्ट हुनगो * त्यो रैछ कामातुर
गर्जन्छे वशमा तुल्याउँछु भनी * केही नमानी डर।। ५१।।
माया—रूप बनेकि स्त्री छ अथवा * हो देवताको छल
सक्थी आउन त्यो कहाँ न त यहाँ * नारी बनी चञ्चल।
हो सङ्केत र हाउ—भाउ सब यी * बाङ्गा कुरा हुन् सब
नारीको कि त हो बठ्याइँ गहिरो * श्रृङ्गारको गौरव।। ५२।।
वाणी त्यो रस—रङ्ग भाव जति हो * कामी सबै बुझ्दछन्
यस्ता छेड अनेक कामिनिहरू * मौका परे हान्दछन्।

ती तीखा शर हान्दछू म रणमा * जुन् स्त्रीहरू भन्दछन्
कामी व्यक्तिहरू कटाक्ष शर हो * राम्रो गरी बुझ्दछन्।। ५३।।
पार्छन् मोहित श्रेष्ठ मानिस पनी * त्यै अस्त्रले कामिनी
नारीका जति छन् बठ्याइँ सहजै * जान्दैन कोही पनि।
आए क्वै म ढलाउँछू समरमा * जो कामिनी भन्दछन्
शय्यामाथि गिराउने रतिविषे * सङ्केत ती गर्दछन्।। ५४।।
त्यस्का बात समस्त काम–रसमा * छन् ती डुबेका सब
हुन् सङ्केत भनेर मान्नु सुखका * मान्छे कि त्यस्ले अब।
ढाँटी वा छलले फकाइ वशमा * त्यो आउँछे मानिनी
सुम्पन्छू म हजूरका चरणमा * ल्याएर त्यो कामिनी।। ५५।।

सारा कुरा सुनि, गरी मनमा विचार
त्यो ताम्र भन्छ अनि हे महिषेन्द्र वीर!
जो सत्य वा हित कुरा अहिले म भन्छु
मानी नमानि गर जे, खुशिले सहन्छु ।। ५६।।
नारी बिछट्ट चतुरी र विलक्षणा छ
जित्ने गएर अब त्यस्कन वीर को छ?
एक्ली छ त्यो सकललाइ म जित्छु भन्छे
जो जान्छ ल्याउन, तुरुन्त धपाइदिन्छे ।। ५७।।
बाहू अठारहरुमा सब शस्त्र धर्छे
गर्जेर नै सकल दर्प उतारिलिन्छे।
देख्यौँ कहीँ, न सुनियो अघि यस्ति नारी
ठान्छू म दैवगति यो विपरीत भारी ।। ५८।।
स्वप्ना अनेक थरिका निशिमा म देख्छु
लाग्दै छ त्रास मनमा म दुखी रहन्छु।

नारी म देख्दछु रुने दिनहूँ कराई
पर्ला कि कष्ट भनि झन् मनमा डराई ॥ ५९॥

उल्टो दैवगती म देख्छु निशिमा * रुन्छन् ति पन्छीहरू
दिन्छे हाँक हजूरलाइ, भवमा * क्वै छैन त्यस्तो अरू ।
गन्धर्वी न त आसुरी कि यहि नै * आपत्तिकी रूप हो
माया हो सुरको, कि हो कपट यो * उल्टो कुनै खेल हो॥ ६०॥
गर्नैपर्दछ युद्ध, बन्नु कसरी * भाग्ने तथा काँतर
पूरा स्वर्ग जित्यौँ लडेर रणमा, * भागे डरी आखिर ।
हानी—लाभ र मर्नु—बाँच्नु जनको * कीर्ती अकीर्ती हुनु
दैवाधीन छ भन्दछन् जन अनी * के हेतु चिन्तित् हुनु॥ ६१॥
यस्ता तर्क—वितर्क त्यो महिषले * धेरै सुनेथ्यो जब
बोल्यो—ताम्र! तँ जा ससैनिक छिटै * शङ्का नमानी अब ।
मान्ने दण्ड र साम; भेद अथवा * जो भेदका नीति छन्
तिन्का साथ लडाइँ गर्न बढिया * को भन्छ वा मान्दछन्॥ ६२॥
सोही कारणले अनेक रितले * उस्लाइ सम्झाउनू
मेरो शक्ति प्रताप जे जति छ त्यो * सारा भनी ल्याउनू ।
आई लड्न भनी यहाँ कि, अरु नै * आएकि क्यै कामले
गर्जन्छे किन त्यो कठोर स्वरले * को डर्छ त्यो शब्दले॥ ६३॥
उस्को भाव सबै बुझेर मनको * राम्रो नराम्रो स्थिति
ल्याएस् झट्ट यहाँ विलम्ब नगरी * चाँडै सकेको जति ।
पाएथ्यो जब यो हुकूम् महिषको, * सेना तयारी गरी
निस्क्यो ताम्र म लड्दछू अब भनी * शेखी गरी बेसरी॥ ६४॥
बाटोमा ननिका अनेक थरिका * उत्पात देख्यो, तर
शक्ती—सम्मुखमा गएर उभियो * सम्पूर्ण फाली डर ।

पाई दर्शन झस्कियो मनमनै * त्यो रूप देख्यो जब
शक्ती औ बलहीन दीन हुन गो * तत्काल त्यो दानव।। ६५।।
ती अट्ठार भुजा र शस्त्र सबमा * पूरा थिए टल्कने
देख्यो वाहन सिंहलाइ नगिचै * गर्जेर सातो लिने।
बोल्यो नम्र भई मिठो स्वर गरी * आफू हितैषी बनी
हे साध्वी ! महिषेन्द्रलाइ खुशिले * स्वामी तुल्याऊ अनि।। ६६।।
गर्नेछौ सुख—भोग स्वर्गपुरिकी * विख्यात रानी बनी
मौका उत्तम जान फेरि सहसा * पाइन्न खोजे पनि।
व्यर्थैमा किन फाल्नु दुर्लभ छ यो * यो देह, यो यौवन
जस्ले यौवन—रूप फ्याँक्दछ वृथा * त्यो दुष्ट हो दुर्जन।। ६७।।
यी तीखा सब अस्त्र शस्त्र करमा * गर्छ्यौ वृथा धारण
तिम्रा कोमल बाहुमा अति कडा * शोभा दिदैनन् सुन।
छन् बाङ्गा जब आँखिभौँ धनुष झैँ * के काम अर्को धनु
तिम्रा नेत्र कटाक्ष नै छ शरको, * हो व्यर्थ ठोक्रो लिनु।। ६८।।
जान्ने मानिस दुःखको घर भनी * जान्नन् वृथा युद्धमा
दुख्ला निश्चय फूलको शरिर यो * लाग्यो भने अङ्गमा।
मानील्यौ जति बात भन्छु हितको * राम्रो बुझी, सुन्दरी!
सक्नेछौ तिमि बस्न राज—महिषी * उन्की बनी राम्ररी।। ६९।।
तिम्रा पूर्ण स्वयम् मनोरथ सबै * गर्नन् सदा माहिष
डुल्दा नन्दन वागमा उनि सँगै * जानेछ बढ्दै यश।
त्यो ठूलो सुख भोग्नको मन भए * भन्छू म जे त्यै गर
मान्दीनौ हितका कुरा यदि भने * तानेर लान्छू घर।। ७०।।
धेरै नै खलको बढाइँ यसरी * गर्दै गयो वर्णन
त्यस्का मूर्ख कुरा सुनेर जननी * थालिन् निकै गर्जन।

हो त्यो माहिष दुष्ट घाँस घिचुवा * पापिष्ठ हो दुर्जन
नाच्नेछन् सुर हर्षले अब छिटै * त्यस्को लिँदा जीवन॥ ७१ ॥
छाडी स्वर्ग, समस्त पृथ्वि, सँगमा * सारा लिई बान्धव
त्यो पाताल गई बसोस् न त वृथा * मर्नन् सबै दानव ।
गर्जिन् बात सुनाइ भूमि र दिशा * थर्काइ कात्यायनी
ब्रह्माण्डै पनि फुट्छ झैं हुन गयो * तत्काल शंख-ध्वनि॥ ७२ ॥
भूमी कम्प भएर पर्वत ठुला * हल्ले, फुटेथे कति
भागे दानव, पत्नि–गर्भ तुहियो * उन्को भयो दुर्गति ।
त्यस्तो शब्द सुनेर त्यस्कन भयो * मार्छिन् अवश्यै अब
भाग्यो ताम्र डराइ, सैनिक पनी * दौडे पछाडी सब॥ ७३ ॥
राजा माहिषका पुगेर नगिचै * तत्काल न्यूरीकन
काम्दै थर्थर जे भयो सब कुरा * गर्दै गयो वर्णन ।
सेना दानवका वरीपरि त्यहाँ * जो–जो थिए ती सब
आयो मृत्यु भनेर उग्र स्वरले * बैह्रा भए दानव॥ ७४॥
हाहाकार गरेर जीवन लिई * भागे डराई कति
चिन्ता माहिषको बढ्यो मनमनै * त्यस्को हरायो मति ।
देवी–वाहन सिंहले पनि गर्‍यो * चर्को गरी गर्जन
सारा दानवले बुझे अब छिटै * जाने भयो जीवन॥ ७५ ॥
देखेथ्यो उस ताम्रको महिषले * सातो उडेको जब
साह्रै खिन्न मलीन दीन हुनगो * अत्यन्त त्यो दानव ।
देखे माहिषलाइ खिन्न सहसा * उद्विग्न धेरै अंनि
सम्झाए बसि वाष्कलादि सबले * स्वामी ! भयो के भनी॥ ७६ ॥
राजन् ! व्यर्थ म ठान्छु यो विषयमा * चिन्ता गरेको किन ?
चिन्ताले सब कार्य बिग्रन गई * नाशिन्छ भन्छन् जन ।

त्यागछन् जीवन शूरले समरमा * देखाइ शक्ती बल
भागछन् काँतर युद्धबाट डरले * बाँच्छू भनी केवल।। ७७।।
हाम्रो हार हुनेछ यो समरमा * जाने बुझे तापनि
लड्नैपर्दछ, शक्ति पुग्दछ जती * कर्तव्य आफ्नू भनी।
लड्नेछौँ रणभूमिमा मिलि सबै * देखाइ आफ्नू बल
मार्नेछौँ सब वैरिलाइ रणमा * पर्ला ठुलो खल्बल।। ७८।।
यस्तो वाष्कलको कुरा सुनिसकी * बोल्यो उठी दुर्धर
मार्नेछू म गई स्वयम् समरमा * मान्दीनँ केही डर।
उस्का सज्जित शस्त्रले सकल छन् * अट्ठार बाहू भनी
मैले मान्दिनँ क्यै पनी डर रती * जाली कहाँ डङ्किनी।। ७९।।
चुल्ठो पक्रि घिसार्दछू कि बलले * तानी यहाँ ल्याउँछु
आज्ञा हुन्छ भने उहीँ समरमा * मारी छिटै फिर्दछु।
फोस्रो धाक रवाफ लाउनु वृथा * ठान्छू म यो मान्दिनँ
मौका प्राप्त भयो भने म रणमै * बिच्च्याउँछू छाड्दिनँ।। ८०।।
जस्को कार्य कहिन्छ उत्तम तथा * सम्मानको लायक
भन्छन् त्यस्कन विज्ञले समयमा * हो योग्य त्यौ सेवक।
त्यस्को तर्क सबै सुनी महिषले * तत्काल आज्ञा दियो
देखाओ रणमा प्रताप बलको * आफ्नू ठुलो शक्तिको।। ८१।।
योद्धा वाष्कल वीर दुर्मुख दुवै * सेना लिई साथमा
नाना वाद्य बजाइ शस्त्र लिइ ती * पुग्दा भए युद्धमा।
शक्तीका नगिचै गएर सबले * पैह्ले गरी गर्जन
स्वामी माहिषलाइ मान्न खल ती * भन्थे सुनाई गुण।। ८२।।
तिन्को धाक सुनी, रवाफ खलको * देखिन् जसै शक्तिले
पैह्ले हाँक दिएर गर्जन गरिन् * थर्काउने शब्दले।

जानेछौ यमराजका नगरमा * पापी ! छिटै नै अब
तिम्रो काल भयो उपस्थित भनी * जानीलिए दानव!।। ८३।।
शक्तीले बहुतै रिसाइ त्यसरी * हेलाँ गरेको सुनी
थाले गर्न प्रहार शस्त्र सबले * दुर्वाच्य बोल्थे तिनी।
काटिन् ती खलका प्रहार नभमै * आफ्ना तिखा वाणले
ताकी ती खललाइ तीक्ष्ण शरले * हान्दीभइन् वेगले।। ८४।।
छाड्थे ती जति अस्त्र–शस्त्र रणमा * देवी छिटै काट्तथिन्
काट्थे दानवले पनी शरहरू * जो देविले छाड्दथिन्।
काटिन् छत्र ध्वजा ठुला रथ धनू * कात्यायनीले जब
हाहाकार गरेर एकस्वरले * झम्टेर आए सब।। ८५।।
लागे हान्न गदा लिएर बलियो * ताकेर ती दैत्यले
टुक्रा पारि गदा तुरुन्त नभमै * गर्जिन् ठूलो शब्दले।
छातीमा बलियो त्रिशूल रिसले * गाडिन् मऱ्यो वाष्कल
निक्कै सैन्य मरे चल्यो थरि–थरी * संग्राममा खल्बल।। ८६।।
योद्धा दुर्मुखलाइ हानि पहिले * आफ्ना तिखा बाणले
रोपिन् तीक्ष्ण त्रिशूल झट्ट मुटुमा * मोऱ्यो त्यही चोटले।
भागे सैन्य अनेक जीवन लिई * त्याहीँ कती मारिए
ब्वाँसा, गिद्ध र काग, स्याल सबले * खाएर त्यो हर्षिए।। ८७।।
द्यौता सिद्ध मुनीश्वरादि नभमै * गन्धर्व विद्याधर
लावा पुष्प गरेर वर्षण उहीँ * नाच्दै थिए किन्नर।
योद्धा वाष्कल, दुष्ट दुर्धर मरे * सेना निकै युद्धमा
त्यो सम्चार सुनेर माहिष पऱ्यो * निक्कै ठुलो तापमा।। ८८।।
कस्ले जान्दछ कालको गति कहाँ * कुन् चाल त्यो चल्दछ
नारीबाट मरे दुवै विर भनी * विश्वास को मान्दछ।

चिन्ताग्रस्त दुखी र खिन्न मनको * निक्कै भयो माहिष
बिन्ती सादर चिक्षुराख्य विरले * गर्दै तुल्यायो खुश॥ ८९॥
चिन्तामा म हजूरलाइ यसरी * देख्छू डुबेको जब
ठूलो दुःख मलाइ लाग्दछ स्वयम् * जान्छू म लड्छू अब।
नारी एक्लि छ, मार्न त्यस्कन कुनै * पर्दैन बाधा पनि
आज्ञा पाउँ हजूरको म अहिले * हे वीर! लौ जा भनी॥ ९०॥
त्यस्को बात सुनेर सैनिक निकै * छानी पठाईदियो
साथी आफ्नु र पृष्ठ–रक्षक भनी * त्यो ताम्रलाई लियो।
गर्दै गर्जन बेसरी सब दिशा * थर्काउँदै जङ्गल
पौँचेथ्यो जब चिक्षुराख्य रणमा * पार्दै ठुलो खल्बल॥ ९१॥
त्यै वेला धनुको भयो अति तिखो * टङ्कार शंख–ध्वनि
बैह्रा झैँ सब दुष्ट दानव बने * त्यो शब्द चर्को सुनी।
लागे भाग्न अनेक दानव डरी * मार्छे भनी शक्तिले
फर्कायो अनि चिक्षुराख्य विरले * सेना सबै वेगले॥ ९२॥
देवीलाइ भन्यो–कठोर ध्वनिले * खोज्छेस् कि थर्काउन
योद्धा वीर म हूँ, डराउँछु त्यसै * देखेर नारी किन?
मान्छन् स्त्री–वध पाप दोष पनि हो * जान्ने र शास्त्रादिले
बर्ता उत्सुक छैन लड्न रणमा * जान्नू त्यही हेतुले॥ ९३॥
स्त्रीको युद्ध त हाउ–भाउ नखरा * गर्छन् कटाक्षै पनि
गर्छन् को तिमि झैँ लिएर करमा * शस्त्रास्त्र हे भामिनी?
हान्नू पुष्प तुल्याइ बाण तनमा * पाउन्न शोभा जब
तीखा धार हुने यि शस्त्रहरु झन् * के हान्नु मैले अब॥ ९४॥
लाग्दा कोमल पुष्पले पनि निकै * दुख्ला कि झैँ लाग्दछ
तिम्रा साथ लड़ाइँ गर्नु कसरी * यस्को ठुलो दुःख छ।

त्यागी दर्प, सहर्ष ती महिषकी * सानन्द रानी बन
गर्नेछौ सुख–भोग दुर्लभ सदा * त्यो वागमा नन्दन।। ९५।।
त्यस्ता दानवका कुरा सुनि जसै * क्यै क्रोध आयो अनि
बोलिन्–के यमराजको नगरमा * जान्छस्? छिटै हे खुनी !
बाँच्ने आश भए छिटै खुरु–खुरू * पाताल जाओ अब
पाई स्वर्गपुरी बसून् सुर सबै * भोग्दै ठुलो वैभव।। ९६।।
यस्तो उत्तरले तुरुन्त बलले * गर्जेर ती दानव
लागे गर्न प्रहार आयुधहरू * जम्मा भई ती सब।
तिन्का शस्त्रहरू बनाइ टुकुरा * लाग्नै नपाईकन
मारी दानव–सैन्य ती, शुरु गरिन् *कात्यायनी गर्जन।। ९७।।
मारिन् चिक्षुरलाइ तीक्ष्ण शरले * मूर्च्छा परी पल्टियो
निक्कै बेर चल्यो लडाइँ र त्यहाँ * चौतर्फ हाहा पऱ्यो।
आयो ताम्र रिसाइ मार्दछु भनी * सामू जसै शक्तिको
वर्षायो सब श्रेष्ठ आयुधहरू * जो–जो थियो वीरको।। ९८।।
वर्षाइन् शर शक्तिले पनि निकै * त्यस्लाइ मार्छू भनी
मूर्च्छाबाट उठेर चिक्षुर पुग्यो * प्रत्यक्ष आगो बनी।
लागे लड्न दुवै मिलेर रणमा * श्री देविका साथमा
छाड्थे शूल गदा र पाश शर ती * लाग्ने गरी गाथमा।। ९९।।
देवीले सब दैत्य–सैन्य रणमा * पार्दै गइन् सोतर
हाहाकार परी बचे जति हिँडे * लागेर मर्ने डर।
भागे भाग्न सके जती, अरु थिए * जो युद्धमा घायल
हात्तीले हयले थिचेर रथले * सारा मरेथे खल।। १००।।
हेर्थे अद्भुत युद्ध देवगणले * देवी तथा ताम्रको
छाड्यो एक गदा, रिसाइ शिरमा * लाग्यो गई सिंहको।

आफ्नू वाहन सिंहलाइ खलले * हान्यो भनी वेगले
छुट्ट्याइन् शिर ताम्रको जननिले * तत्काल तर्वारले ।। १०१ ।।
उफ्रेथ्यो शिर भूमिमा वरिपरी * नाचेर त्यो ताम्रको
जै–जैकार गरे समस्त सुरले * वर्षा गरी पुष्पको ।
पैह्ले ताम्र मरेर चिक्षुर ढल्यो * मुर्दा बनी युद्धमा
धेरै सैन्य मरे, पुगे महिषका * बाँचे जती सामुमा ।। १०२ ।।
सेना धेर मरे, दुवै विर ढले * सम्चार पायो जब
निक्कै खिन्न भई भन्यो महिषले * आफ्नू इरादा तब ।
साथै सैन्य लिई विडाल पहिले * जाओस् अगाडी अनि
अर्को त्यो असिलोम सैनिक लिई * लागोस्पछीत्योपनि ।। १०३ ।।
आज्ञा त्यो महिषेन्द्रको जब सुन्यो * उत्साहका साथमा
गर्जेथ्यो असिलोम जान्छु म भनी * त्यो घोर संग्राममा ।
धेरै सैन्य लिई पुगे जब दुवै * ती युद्धका खातिर
पैह्लेको सुनि त्यो स्थिती मनमनै * मान्दै थिए ती डर ।। १०४ ।।
देखे अद्‌भुत सिंहमाथि रवि झैं * त्यो झल्कने झल्झल
पाए दर्शन देविको अति सफा * त्यो रूपको उज्ज्वल ।
वाणी नम्र गरी निकै अदबले * बोले रही क्यै पर
गर्दा बात उहाँ ति वीर दुइले * मानीरहेथे डर ।। १०५ ।।
हे देवी ! मनमा नमानि भय क्यै * जे सत्य हो सो भन
मार्‍यौ दैत्य बिना–कसूर रणमा * यस्तो गरेकी किन ?
गर्छौं सन्धि बरू, छ हेतु अरु के * सारा बताऊ अनि
जे माँगे पनि दिन्छु, सक्तछु पनी * आफ्नू प्रतिज्ञा भनी ।। १०६ ।।
साह्रै कोमल अङ्गकी शशिमुखी * ब्रह्माण्डकी सुन्दरी
यस्तो दुःस्थितिमा परी, सुख कहीँ * पाइन्न कोही घरि ।

धेरै कष्ट छ युद्धमा, दुख वृथा * भोग्दै तिमी छौ किन?
मैले बुझ्न सकीनँ कारण बरू * भद्रे ! बुझाई भन ।।१०७।।
आत्मज्ञान अनन्त दिव्य सुख हो * गाह्रो छ त्यो पाउनु
संसारी सुख हो अनित्य, सजिलो * त्यो पर्छ भेट्टाउनु ।
भोग्नू उत्तम हो अनित्य सुख यै * देखिन्छ जुन् भौतिक
जानी जानि लडाइँमा हुमिनु नै * अज्ञान हो घातक ।।१०८।।
आफ्नू यौवन फाल्नु व्यर्थ किन यो? * स्वामी लिई साथमा
डुल्नू नन्दन वागमा दिन–दिनै * सन्तुष्ट भै स्वर्गमा ।
आफ्नू जे मनमा छ लौ अब तिमी * चाँडो मलाई भन
गर्नेछू म प्रयत्न शक्ति छ जती * इच्छा पुऱ्याईदिन ।।१०९।।
आफ्नू गर्न सहाय त्यो हित हुने * शिक्षा दिएको सुनी
सारा बात बुझाउँछू अब भनी * बोलिन् ति कात्यायनी ।
भूमीमा जति दुष्ट दानव तथा * छन् भाररूपी खल
तिन्को नाश गरेर भूमिकन यी, * पार्छू छिटै उज्ज्वल ।।११०।।
आएकी म यहाँ यि दुष्ट जतिको * संहार गर्नाकन
रक्षा सज्जनको हुनेछ भवमा, * मर्नन् सबै दुर्जन ।
इच्छा छैन अनित्य भोग सुखको * हूँ निर्विकारी, तर
रक्षा सज्जनको मुनी र ऋषिको * गर्छू भई तत्पर ।। १११ ।।
पापी भूप अनेक यो पृथिविमा * गर्छन् अनीती जब
तिन्को नै वध गर्न भिन्न रुपमा * औतार लिन्छू तब ।
अन्यायी अति दुष्ट त्यो महिषको * उत्पात बढ्दै गयो
खेदी देव, समस्त स्वर्गभरिको * ऐश्वर्य खोसीलियो ।।११२।।
त्यस्को रोकि प्रभाव मार्दछु भनी * ऐह्ले लिएँ रूप यो
त्यस्को मृत्यु हुनेछ निश्चय, यही * संग्राममा मर्छ त्यो ।

भैंसीको सुतलाइ झट्ट रणमा * डाकेर ल्याओ बरु
त्यस्को मृत्यु भएर निश्चय सुखी * होलान् ति द्यौताहरू॥११३॥
शक्तीका सुनि अर्ति वा हित कुरा * क्यै बेर चिन्तित् भए
राम्रो अर्ति दिइन् भनेर दुइले * मन्मा विचारीलिए।
मान्दैनन् हितका कुनै पनि कुरा * भन्छौं सधैं तापनि
बुझ्दैनन् किन ती छिटै यमपुरी * जानू छ मैले भनी॥११४॥
धेरै वीरहरू मरे समरमा * मर्नन् अझै ती कति
थप्दै छन् अझ वीर लौ मर भनी * सप्रन्न उल्टो मति।
हामीले हितकै भने पनि कुरा * झन् झोक्किनन् भूपति
त्यागे देह बरू यही समरमा * मिल्नेछ राम्रो गति॥११५॥

यस्ता कुरा ति दुइले पहिले गरेर
ती युद्धमा अघि सरे पिइ मद्य धेर।
लागे तिखा शर चलाउन खूब तानी
काटीदिइन् जननिले शर क्यै नमानी॥११६॥
हाने गदा जब उठाइ उ सिंहलाई
झम्ट्यो रिसाइकन झट्ट ति दैत्यलाई।
भागेर क्यै पर, गरे शरको प्रहार
पारिन् सबै विफल आयुध बार-बार॥११७॥

सातोटा शरले रिसाइ खलले * हानेर गर्ज्यो अनि
छाडिन् वाण तिखा–तिखा दश छिटै * कात्यायनीले पनि।
त्यस्को चोट कडा परेर सहसा * संग्राममा त्यो मर्‍यो
अर्को जो असिलोम मित्र उसको * गर्जी अगाडी सर्‍यो॥११८॥
मार्नेछौ तिमिले अवश्य रणमा * यो राम्ररी जान्दछु
भाग्नू कायर झैं वृथा छ रणमा * मर्नू निको मान्दछु।

मर्छन् दैत्य अनीतिको पथ लिने * हो सत्य यो देख्दछु
मैले भाग्नु वृथा छ, मार जननी ! * संग्राममा मर्दछु॥११९॥
तिन्लाई गइ भन्नु के हित कुरा * उन्मत्त छन् ती अति
मारिन्छन् रणमा छिटै ति बुझियो * सप्रन्न कैह्रै मति।
सोही कारणले म त्याग्दछु छिटै * यो देह संग्राममा
हान्यो बात यती गरेर शरले * ती देविको अङ्गमा॥१२०॥
त्यस्का बाण सबै गराइ टुकुरा * गर्जिन् निकै ईश्वरी
पारिन् जर्जर अङ्ग पाँच शरले * हानेर सोही घरि।
रातो पुष्प पलाशको रुखभरि * देखा परे–झैँ गरी
शोभा दानवको भयो रगतको * धारो बगी बेसरी॥१२१॥
शक्तीलाइ गदा र पाश शरले * हान्यो रिसाई अनि
फोऱ्यो खप्पर सिंहको पनि उहीँ * त्यो अग्निशर्मा बनी।
कोत्र्यो सिंह रिसाइ तीक्ष्ण नङले * सर्वाङ्गमा बेसरी
शक्तीले अनि खड्गले शिर उहीँ * काटिन् ढल्यो त्यो मरी॥१२२॥
बाँचेका जति दैत्य सैनिक थिए * तिन्लाइ त्यो सिंहले
पाऱ्यो सोतर, जो बचे खल अरू * भागे निकै वेगले।
काम्दै दुःस्थिति युद्धको सकलले * सारा सुनाए जब
चिच्च्यायो रथ ल्याउ सारथि ! छिटै * लड्छू गई लौ अब॥१२३॥
जोतेका गदहा सये जति ठुलो * ल्यायो रथै त्यो जब
आफ्नो सारथिले, बस्यो महिष त्यो * सन्तोष मानी तब।
कालो सीङ गजूर, पुच्छर हुने * यो रूप देखिन् भने
मान्नेछन् तिनि दुःख, बन्दछु बरू * द्यौता सरी देखिने॥१२४॥

देखेर रूप अति दिव्य ति मोहिनेछिन् !
स्वामी मलाइ बुझि बेस वरीलिनेछिन्।

यस्तो विचार मनमा गुनि केहि बेर
हर्षित् भयो, तन मनुष्य सरी धरेर ।। १२५।।
पैह्रेर वस्त्र गहना जब ठाँट्टि आयो
श्री शुक्रलाइ पढ मङ्गल यो सुनायो ।
पंक्ती मिलाइ सब सैनिकको सजायो
आनन्द मङ्गल पढी रणतर्फ धायो ।। १२६।।
देखेर उग्र महिषासुर दुष्टलाई
हाँसिन् मुसुक्क जननी बहुतै रमाई ।
आयो स्वयम् महिष मर्न भनेर याहाँ
मार्नेछु, मर्दछ छिटै अब भाग्छ काहाँ ।। १२७।।
पाई दर्शन देविको मनमनै * मोहित् भयो दुर्जन
वाणी नम्र गरी भन्यो विनयले * मैले भनेको सुन ।
जीवात्मा जति छन् सबै पृथिविमा * भाले र पोथी हुने
बाटो ती सब खोज्दछन् सुख दिने * आनन्द भेट्टाइने।। १२८।।
त्यो आनन्द समान रूप वयका * नै भोग्दछन् दम्पती
ठूलो छू कुल शील मान सबमा * आफ्नू गराऊ पति ।
छन् मेरै वशमा सुरासुर सहित् * एकेक नारी—नर
जानी उत्तम शूर वीर सबमा * चाँडो मलाई वर।। १२९।।
मेरी पत्नि बन्यौ भने शशिमुखी ! * त्रैलोक्यको वैभव
भोग्नेछौ तिमिले प्रसन मनले * इच्छा छ जे त्यो सब ।
इच्छा—माफिक रूप फेर्न सहजै * सक्छू म हे सुन्दरी !
भोग्दै छू अहिले त्रिलोक—भरिको * ऐश्वर्य नाना थरी।। १३०।।
तिम्रो सेवक भै रुजू रहि स्वयम् * गर्नेछु सेवा पनि
मिल्नेछू सब देवता—सित पनी * आफ्ना हितैषी भनी ।

जे गर्दा तिमिलाइ मिल्छ सुख त्यै * मान्छू सधैँ सादर
इच्छा जे मनमा विचार छ शुभे ! * विस्तार सारा गर।।१३१।।
तिम्रो रूप–छटा अलौकिक यहाँ * देखेर हे सुन्दरी !
मेरो चित्त असाध्य चञ्चल भयो * त्यो कामले यो घरि।
जन्मैदेखि कुनै सुरासुरकनै * न्यूरेन मेरो शिर
सोही माथ झुकाउँछू म पदमा * तिम्रा दुवै सुन्दर।।१३२।।
मेरो जो छ सबै पराक्रमहरू * ती देवता जान्दछन्
पृथ्वीमा अहिले लुकेर डर ती * मेरो सदा मान्दछन्।
त्यस्तो हूँ तर दास बन्छु अहिले * तिम्रो त्यसै कारण
इच्छा पूर्ण गराउ, हेर मुखमा * मेरो, दयालू बन।।१३३।।
धेरै यै रितका प्रलाप खलको * कात्यायनीले सुनी
त्यागी क्रोध कुरा भनिन् हित हुने * सम्झाउँ केही भनी।
मेरा मालिक सर्वशक्तिमय ती * साक्षात् परब्रह्म हुन्
ब्रह्मा, विष्णु, महेश आदि जति छन् * मेरै यथारूप हुन्।।१३४।।
मान्छन् जस्कन सत्य हुन् पुरुष जो * प्रत्यक्ष देखिन्न र
मान्दैनन् सबले अनादि छ भनी * चैतन्य हो ईश्वर।
विश्वात्मा छ मलाइ देख्छ उसकै * चैतन्यताले गरी
चल्छू चुम्बकको नगीच रहने * त्यो लौह–टुक्रा सरी।।१३५।।
इच्छा हुन्न मलाइ भोगतिरको * छू नित्य आनन्दमा
बोल्छस् बात वृथा अनादर गरी * ऐह्ले तँ यो व्यर्थमा।
द्यौताका सँगको विरोध जति हो * त्यस्लाइ बिर्सीकन
त्यो पाताल गएर बस्नु खुशिले * आफ्नू लिई जीवन।।१३६।।
मर्ने नै मनमा छ निश्चय भने * लौ आउ संग्राममा
द्यौताकै हितका निमित्त म यहाँ * आएँ यही रूपमा।

रोई देव सबै परी दुखहरू * मेरो गरे जो स्तुति
आएँ तुष्ट भई म मार्दछु तँ झैँ * पापी छ जस्को मति॥ १३७॥
देवीका सुनि बात झन् महिष त्यो * व्यामोहमा गाडियो
शक्तीका नगिचै उभीकन अनी * यो बात बोल्दै गयो।
तिम्रो कोमल अङ्गमा शरहरू * हानूँ तिखा के गरी
स्वामी मान मलाइ भन्दछु अझै * बिन्ती छ पाऊ परी॥१३८॥
साह्रै उत्तम रूप शील गुणकी * खानी तिमी छौ अति
त्यस्को यो विपरीतमा किन लियौ * उल्टो नराम्रो मति?
शिक्षा यो तिमिलाइ कुन् पुरुषले * वैराग्यको नै दियो
झुक्क्यायो तिमिलाइ काम-सुखको * आनन्द तानीलियो॥१३९॥
छन् नारी भन को बिना-पुरुषका * सम्पूर्ण संसारमा
लक्ष्मी छन् हरिकी अलभ्य, सुमुखी! * प्रख्यात त्रैलोक्यमा।
इन्द्राणी-सँग इन्द्र छन् खुशि भने, * छन् शम्भुकी पार्वती
जोडी छन् सबका समान वयका * प्राणीहरू छन् जति॥ १४०॥
द्यौता दैत्य मनुष्य यक्ष अथवा * गन्धर्व विद्याधर
गर्दै छन् सुख-भोग लोक-भरिमा * जोडी मिली सुन्दर।
निक्कै दुर्जय 'काम' जित्नु जनले * गाह्रो हुनाले गरी
बाधा के तिमिलाइ काम-शरले * गर्दैन की सुन्दरी!॥१४१॥
देख्छू काम-विकार-हीन किन यी * निर्लिप्त छन् कामिनी
द्यौताको छल हो, गरे कि त टुना, * हो मात्र मेरो भनी।
त्याग्यौ आज भने घमण्ड बलले * हेलाँ गरी बेसरी
भन्दै छू पछुताउली तिमि पनी * मन्दोदरी झैँ गरी॥१४२॥
पाएको गतिलो पतीकन तजी * छू 'काम' जित्ने भनी
कल्पीथी पछि कामका शर तिखा * लागेर भै दुःखिनी।

राखी तर्क अनेक व्यर्थ मनका, * बोल्दै गयो माहिष
बोलीनन् जननी सुनी सब बुझी * मिथ्या र दुःसाहस।।१४३।।

मन्दोदरीको कथा—(३)

हे सुन्दरी ! अब म भन्दछु बात एक
लाग्नेछ त्यो सब सुनी मनमा उदेक ।
कात्यायनीकन निकै विधिले बुझायो
पूरा कथा महिषले रणमै सुनायो ।। १ ।।

यौटा देश छ जो यहीँ पृथिविमै * विख्यात त्यो सिंहल
बस्थे भूपति चन्द्रसेन उहिँ नै * कीर्ती फिँजी उज्ज्वल ।
राम्री एक थिइन् उनै नृपतिकी * कन्या ति मन्दोदरी
खानी रूप अनेक शिल्पहरुकी * निक्कै थिइन् सुन्दरी।। २।।

डुल्थिन् साथ सखी लिएर दिनहूँ * आनन्द मान्दै तिनी
बढ्दै यौवनमा पुगिन् दिनदिनै * श्री चन्द्रमा झैं उनी ।
छोरी रूपवती र यौवनवती * देखेर ती भूपले
थाले खोज्न कुमार कोहि नृपको * ती भूप उत्साहले।। ३।।

कम्बूग्रीव नरेश उत्तम थिए * यौटा कुनै सुन्दर
छोरी दिन्छु भनी उनैकन भए * भूपाल ती तत्पर।
आफ्नू हुन्छ बिहे भनी जब कुरा * मन्दोदरीले सुनिन्
केही बेर गरी विचार म बिहे * गर्दीनँ ऐह्ले भनिन्।। ४।।

दासी झैं भइ गर्नुपर्छ पतिको * हाजीर भै चाकरी
बस्नेछू म यसै विवाह नगरी * नारी कुमारी सरी ।
पर्नन् भोग्न अनेक कष्टहरु ती * बस्ता पराधीनमा
गर्नन् कर्कर सासु नन्दहरुले * धेरै थरी व्यर्थमा।। ५।।

मान्नैपर्छ हुकूम् परेर करमा * त्यै—माथिको चाकरी
सौता आइ भने हुनेछ मनमा * सन्ताप झन् बेसरी ।
माया नै पतिले गरून्, तर म ता * देख्दीनँ केही सुख
छोरा—छोरि सिहार्नु, मूत्र—मलमा * डुब्नू ठुलो झन् दुख।। ६।।
क्यै संयोग परी मरे पति भने * झन् के हुने हो गति
बाँच्नू त्यो विधवा भएर घरमा * सन्ताप भोग्नू कति?
सोही कारणले सबै किसिमले * राम्रो विचारीकन
मेरो निश्चय भन्दछू म अहिले * मैले बिहे गर्दिनँ।। ७।।
गर्छू तीर्थ र दान धर्म व्रतको * सुन्छू कथा पुण्यको
बस्नेछू म यसै प्रसन्न मनले * भक्ती गरी ईशको ।
कन्याको बुझि भाव त्यो कथनको * राजा र रानी पनि
त्यागे गर्न कुरा विवाह—तिरको * बस्नेछ यस्तै भनी।। ८।।
बाबाका घरमा बढेर तरुनी * भै षोडशा सुन्दरी
सम्झाए सखिहेरुले पनि निकै * चर्चा बिहेकै गरी ।
मानीनन् ति कुरा कुनै तरहले * मन्दोदरीले जब
छाडी गर्न कुरा तिनीहरु पनी * मौनै भएथे सब।। ९।।
डुल्थिन् वागमहाँ लिएर सँगिनी * मन्दोदरी क्वै दिन
आए कोशलका कुनै नरपती * संयोगले त्यै दिन ।
ख्यातिप्राप्त ति वीरसेन नृपती * निक्कै प्रतापी थिए
रोकी सैन्य परै, ति वाग—नगिचै * सुस्तै गरी पौँचिए।। १०।।
देखे उत्तम रूपसी ति नृपले * त्यै वागमा क्यै पर
यिन्लाई कसरी चिह्नूँ अब भनी * राजा भए अस्थिर ।
डाके शान गरेर, आइ सँगिनी * मन्दोदरीकी जब
लागे भन्न कुरा बुझाइ नृप ती * मन्को इरादा सब।। ११।।

राजा हूँ म त वीरसेन कहिने, * हो देश त्यै कोशल
को हुन् यी तरुनी? बताउ सुमुखी! * देख्दै भएँ चञ्चल ।
बाटो भुल्न गई ससैनिक यता * आएँ म संयोग हो
कस्की हुन् दुहिता कुमारि अथवा * यिन्को बिहे भैसक्यो।।१२।।
केटीले सुनि बात ती नृपतिको * धेरै खुशी भै अनि
सम्झाई तब चन्द्रसेन नृपकी * कन्या यिनै हुन् भनी ।
ऐल्हे छन् अविवाहितै शशिमुखी * हो नाम मन्दोदरी
जान्ने छन्, गुण शीलमा निपुण छन् * अत्यन्त यी सुन्दरी।।१३।।
तिन्का बात सुनेर मोहित भई * बोले उनै भूपति
सम्झाऊ तिमिले सखीकन गई * ऐल्हे म भन्छू जति ।
राजा हूँ म पनी ककुत्स्थ कुलको * विख्यात छू सद्गुणी
मेरा साथ गरे विवाह सुमुखी ! * बस्निन् यि रानी बनी।।१४।।
छैनन् पत्नि कुनै, कुमार पनि छू * रैछन् कुमारी यिनी
मेरा साथ गरी विवाह यि बनून् * साम्राज्यकी स्वामिनी ।
यिन्ले 'हुन्छ' भने गई महलमा * मैले कुरा गर्दछु
मान्नेछन् यिनिले भनी म मनमा * विश्वास यो राख्दछु।।१५।।
सम्झाएर कुराहरू अरु पनी * उन्ले भनेको सुनी
मैयाँलाइ भनी बुझाइ सखिले * सारा कुरा त्यो अनि ।
ठूला कोशल देशका नरपती * राम्रा रहेछन् यिनी
देख्दामा तिमिलाइ मोहित भई * हेर्छन् यतै ऊः तिनी।।१६।।
यिन्का साथ गरे विवाह तिमिले * पुग्ला इरादा सब
यो संचार सुनी पिता र जननी * खूशी हुनन् बान्धव ।
मौका आउँछ—जान्छ, यौवन पनी * पर्खन्न हे सुन्दरी!
नारीको पति झैँ हितू अरु कुनै * मानिन्न मन्दोदरी!।।१७।।

राम्री छौ सुमुखी वयस्क तरुनी * क्यै काल रोके पनि
इच्छा बढ्दछ भोगकै मनमहाँ * पाए त हुन्थ्यो भनी ।
भद्रे ! रोक्न सकिन्न काम—सुखको * इच्छा छ त्यो दुर्जय
सर्ला पाउ कुमार्गमा अनि बढी * हौली दुखी निश्चय।। १८।।
स्त्रीलाई सुख—शान्ति हुन्न कहिल्यै * स्वामी नभै लोकमा
बस्छन् स्त्री सुखमा पती सुत हुने * सानन्द गार्हस्थ्यमा ।
स्वामीलाइ गरेर आदर सदा * जो गर्दछन् चाकरी
उन्लाई सुख छन् यहाँ, पछि उहाँ * भन्छू म मन्दोदरी !।। १९।।
आफ्नी त्यो सखिले अनेक रितले * बार्ता गरेको सुनी
बोलिन् ती सुमुखी-बिहे म त सखी ! * गर्दीनँ कैह्ले पनि ।
होला भूपति त्यो बुझेँ, तर कुरा * यस्ता गरेको किन ?
आँखा गाड्छ म—माथि पाउन भनी * निर्लज्ज के कारण?!! २०।।
जे पर्ला पछि त्यो म भोग्दछु सखी ! * ऐह्ले म यो मान्दिनँ
तिन्को त्यो हठको कुरा सुनि निकै * मन्मा दुखी भैकन ।
राजालाइ भनी सखी गइ उहीँ * छन् यी हठी सुन्दरी
इच्छा छैन मलाइ भोग—सुखको * भन्छिन् ति मन्दोदरी।। २१।।
त्यस्ता बात सुनी बुझे ति नृपले * जिद्दी रहीछन् यिनी
पर्छन् यै हठले ठुलो विपतमा * कोही सुशीला पनि ।
फर्के भूप भई निराश पुरमा, * आश्चर्य मानीकन
खेल्दै यै रितले बिते लहडमै * मन्दोदरीका दिन।। २२।।
बैह्नी विन्दुमती उनैकि तरुनी * निक्कै थिइन् सुन्दरी
तिन्को हेर्न भनी स्वयंवर डटे * राजाहरू बेसरी ।
उस्ले उत्तम भूपलाइ फुलको * माला लगाईदिई
उन्कै साथ भयो विवाह सुमुखी * आनन्द मान्दै गई।। २३।।

बेह्नीको बुझि भावना खुशि हुने * मन्दोदरीले जब
पाऱ्यो व्याकुल कामको शर गडी * रोक्नै सकीनन् तब।
लागिन् गर्न अनेक तर्क सुमुखी * बर्ता बनी चञ्चल
पाँचोटा शर कामको गडि निकै * पारीदियो व्याकुल।। २४।।

आए स्वयंवर सुनी नृप जो अनेक
तिन्मा कुनै नृप थियो अति मूर्ख एक।
हो नाम भद्रपतिको बुझ चारुदेष्ण
निक्कै थियो चतुर दुर्गुणमा प्रसन्न ।। २५।।

मन्दोदरी सुमुखिले नृपलाइ देखी
लागिन् उसैतिर, भुली अभिमान शेखी।
लागे दुवै खुरु—खुरू लुकि नित्य भेट्न
चर्चा सुनेर तब, भूप भए प्रसन्न ।। २६।।

त्यै भूपका सँग बिहे हुनगो र तिन्को
मन्दोदरी खुशि भइन् पति भेटि मन्को।
ती भूपले सँग लिई निज पत्निलाई
आफ्नू फिरे नगरमा बहुतै रमाई ।। २७।।

नौली मिलेर तरुनी सुख मानि उस्ले
भोग्दै रह्यो सुख उनैसित भूपतीले।
रक्सी, जुआ र तरुनीतिर ध्यान राख्ने
त्यो भूपती शठ थियो, रस नित्य चाख्ने ।। २८।।

मन्दोदरीकन बुझ्यो अब भै पुरानी
थोत्री भनी त्यजिदियो दुख क्यै नमानी।
ल्यायो नवीन तरुनी अरु छानि घर्मा
मन्दोदरीकन भयो अति ताप मन्मा ।। २९।।

पश्चात्ताप परेर घोर मनमा * दुःखी ति मन्दोदरी
सम्झिन् कोशलका विनम्र नृपको * त्यो प्रार्थना त्यै घरि ।
त्यागी त्यो घर–द्वार औ पति पनी * जाऊँ भने माइत
बोल्नन् बात अनेक मानिसहरू * बिझ्ने नराम्रोसित ।। ३० ।।
रोइन् खूब तिनी धुरू–धुरु बसी * मन्दोदरी सुन्दरी
भोगिन् बेसरि कर्मका फल निकै * तिन्ले अनेकौं थरी ।
सोही कारण भन्दछू तिमि पनी * चाँडो मलाई भज
त्यो मन्दोदरि झैँ कदापि नपरोस् * संकष्ट जिद्दी त्यज ।। ३१ ।।

महिषासुर–वध– (४)

त्यस्को तर्क सुनेर क्रोधित भइन् * श्री शक्ति कात्यायनी
गर्जिन् मूर्ख, तँ बोल्दछस् किन बढी * आफैँ मपाईं बनी।
मार्छू आज तँलाइ यै समरमा * मर्छन् यि पापी सब
भोग्नन् देवहरू ति स्वर्गपुरिको * पाई ठुलो वैभव ।। १ ।।
पापी भूप बढेर यी पृथिविमा * अन्याय गर्छन् जति
मार्नेछू अवतार धारण गरी * बाँकी नराखी रती ।
रक्षा गर्दछु साधु–सन्त सुरको * ज्ञानीहरूको पनि
आएकी बुझिले म यो समरमा * मार्छू तँलाई भनी ।। २ ।।

ती देविको अति कडा सुनि बात त्यस्तो
गर्ज्यो तुरुन्त रिसले बनि अग्नि जस्तो ।
हे डङ्किनी ! अब तँलाइ म मार्छु पैह्ले
एकेक मार्छु सुरलाइ पनी क्रमैले ।। ३ ।।
ताँदो चढाइ धनुको शर छानि–छानी
छाड्दै गयो महिषले श्रवणान्त तानी ।

त्यस्का सबै शरहरू नभमै थिए र
काट्तै गइन् जननिले टुकुरा गरेर ।।४।।

उर्ली दानव–सैन्य ती सलह झैं * छोप्तै बढेथे जब
एक्ली शक्ति थिइन्, मरे तर सबै * हुङ्कारले दानव ।
आए लड्न अनेक वीर बलवान् * संग्राम त्यो चर्कियो
हेर्थे जो नभमा बसी सकलको * सातो गए झैं भयो।। ५।।

आयो 'उग्र' प्रधान दानव ठुलो * गर्जी निकै वेगले
छाड्यो पाश गदा र मुद्गर सबै * उफ्रेर उत्साहले ।
देवीलाइ प्रहार बेसरि गर्‍यो * त्यस्ले म मार्छू भनी
मारिन् त्यस्कन शक्तिले समरमा * लौ पार हो जा भनी।। ६।।

अर्को वीर 'त्रिनेत्र' ले समरको * देखी नजाती स्थिति
धेरै शस्त्रहरू प्रहार गरि त्यो * गर्ज्यो निकै दुर्मति ।
त्यस्का शस्त्र गरिन् अनेक टुकुरा * कात्यायनीले अनि
रोपिन् शूल, मर्‍यो तुरुन्त बलियो * त्यो वीर हो तापनि।। ७।।

सेना दानवका थिए सलह झैं * छाडे सबैले शर
देवीले सबलाइ त्यै समरमा * पारीदिइन् सोतर ।
आई 'अन्धक' वीर त्यै बखतमा * छाड्यो गदा वेगले
पारी घायल सिंहलाइ सहसा * गर्ज्यो निकै हर्षले।। ८।।

त्यस्को चोट सहेर सिंह रिसले * चर्को गरी गर्जियो
पक्री अन्धक वीरको हृदय नै * फोरेर मारीदियो ।
थाले भाग्न डराइ दानव सबै * बाँकी बचेका ·जति
भागेका सबलाइ देखि रणको * त्यस्तो नराम्रो स्थिति।। ९।।

आयो लड्न डटी स्वयम् महिष नै * गर्जेर उफ्रीकन
शक्तीमाथि गर्‍यो तुरुन्त खलले * शस्त्रास्त्रको वर्षण ।

त्यस्का शस्त्रहरू समस्त नभमै * टुक्रा गराईकन
पारिन् व्याकुल देविले समरमा * मूर्च्छित् भयो दुर्जन।।१०।।
लम्क्यो चेत फिरेर सिंहतिर त्यो * हान्यो गदा माथमा
पक्री त्यस्कन सिंहले नङ तिखा * गाड्यो र सर्वाङ्गमा।
त्यागी रूप मनुष्य, सिंह बनि त्यो * उत्साहले गर्जियो
घाऊ लागि अनेक अङ्गभरिमा * त्यो चोटले आत्तियो।।११।।
देखी सिंह–स्वरूप घोर खलको * आश्चर्य मानीकन
शक्तीले हतियारका सँग–सँगै * गर्जिन् भनी दुर्जन!
त्यागी सिंह–स्वरूप त्यो गज बन्यो * प्रत्यक्ष ऐरावत
थाल्यो फाल्न अनेक पत्थर तथा * साना–ठुला पर्वत।।१२।।
शक्तीले शरले ति पर्वतहरू * टुक्रा तुल्याईदिइन्
हानी त्यो गजलाइ आयुध निकै * चर्को गरी गर्जिइन्।
त्यस्को मस्तकमा प्रहार बलियो * पञ्जा जड्यो सिंहले
राँगो–रूप धरेर सिंहकन झन् * झम्ट्यो निकै वेगले।।१३।।
निक्कै बेर दुवै परस्पर लडे * पञ्जा तथा वाणले
हाहा पारिदियो र दानव सबै * गर्जे ठुलो हर्षले।
हान्यो पुच्छरले र सीङ खुरले * गर्जेर उफ्रीकन
फेर्थ्यो रूप अनेक त्यो घरि–घरी * गर्दै ठुलो गर्जन।।१४।।
बेरी पुच्छरले अनेक गिरि नै * फाल्थ्यो उ शक्तीतिर
थाल्यो फाल्न उचालि सीङ–बिचमा * राखी ठुला पत्थर।
बोल्यो माहिष दुष्ट दर्प मनमा * राखी म ठूलो भनी
देखिस् की बल शौर्य यो महिषको * संग्राममा डङ्किनी! ।।१५।।
द्यौताको हित गर्न नै समरमा * आएँ भनेकी किन?
सक्तीनस् रणमा म मार्दछु छिटै * दिन्छू कहाँ उम्कन।

पार्छू ध्वस्त र दर्प तोड्दछु सबै * ती देवताको पनि
नारीलाइ पठाउँछन् समरमा * जित्नेछु मैले भनी।।१६।।
त्यो हो मूर्ख मलाइ जित्न रणमा * आँट्ने छ जुन् दुर्मति
त्यस्तै चाल म देख्छु यो समरको * उठ्दै छ हाँसो अति।
बोलिन् बात सुनी छुचो महिषको * हाँसिन् निकै ईश्वरी
पर्खी–पर्खि त्यहीं म प्यूँछु मधु यो * जालास् छिटै नै मरी।।१७।।
रक्षा गर्न भनी लिएँ स्वरुप यो * ज्ञानी तथा भक्तको
तेरो नाश गरेर हर्दछु छिटै * संकष्ट ती देवको।
थालिन् गर्जन अम्बिका त्यति कुरा * पैह्ले सुनाई अनि
गर्दै थिन् मधु–पान घोर रणमा * गर्जेर कात्यायनी।।१८।।
झम्टिन् एक लिई त्रिशूल करमा * ती अम्बिकाले जब
लाग्यो फेर्न अनेक रूप सहसा * छल्दै थियो दानव।
हानिन् एक तिखो त्रिशूल उरमा * कात्यायनीले जब
लागी चोट निकै ढल्यो पृथिविमा * मूर्च्छा परी दानव।।१९।।
जै–जैकार गरे चतुर्दिक सबै * आकाशमा देवले
लावा पुष्प अबीर बेसरि छरे * गर्जी ठुलो हर्षले।
आयो चेत फिरेर माहिष छिटै * झन् गर्जिदै वेगले
हान्यो लात रिसाइ शक्तिकन ती * भन्दो भयो दुष्टले।।२०।।
चाख्यौ की पदको प्रहार सुमुखी ! * निक्कै नराम्रो गरी
गर्ज्यो अद्भुत शब्दले र सुरको * सातो लियो बेसरी।
यस्लाई यमराजको नगरमा * चाँडो पठाऊँ भनी
गर्जिन् चक्र लिई अमोघ करमा * ती देवि कात्यायनी।।२१।।
काटिन् गर्धन झट्ट त्यो महिषको * टुक्रा भई छुट्टियो
धारा बग्न गई कुलो सरि ठुलो * चौतर्फमा देखियो।

उफ्री त्यो गिँडले रणस्थलभरी * आश्चर्य फैलीगयो
त्यस्ले सिद्ध मुनी तपी सुजनको * कल्याण ठूलो भयो।। २२।।
गर्ज्यो सिंह र शेष दानवहरू * मार्‍यो नराम्रो–सित
भागेथे रणबाट त्यो बखतमा * जो–जो बचे जीवित ।
हर्षेथे सब देवता ऋषि–मुनी * गन्धर्व विद्याधर
नाच्थे उत्तम अप्सरागण तथा * एकेक नारी–नर।। २३।।
शक्तीको जब सौम्य रूप सबले * पाए जसै दर्शन
लागेथे स्तुति गर्न मन्द स्वरले * ज्ञानी गुणी सज्जन ।
हे दुर्गे ! जगदम्बिके ! भगवती ! * कात्यायनी ईश्वरी!
गर्दै छौँ पदमा प्रणाम जननी ! * न्यूरेर राम्रो गरी।। २४।।

जुन् दुष्ट माहिष थियो अब मारियो त्यो
ती देवता सकलको भय कष्ट गैगो ।
ब्रह्मा र विष्णु, शिव आदि त्रिदेव जो छन्
सृष्टि–स्थिति–प्रलय–कार्य गरीरहन्छन् ।। २५।।
तिम्रै मिलेर करुणा ति ठुला कहिन्छन्
तिम्रै गरी स्मरण मानिस पारि तर्छन् ।
जो गर्दछन् जननिका पदमा प्रणाम
तिन्लाइ मिल्छ सुख–शान्ति र दिव्य धाम ।। २६।।

विद्या कीर्ति दया क्षमा धृति मती * लज्जा र श्रद्धा गति
तर्छन् नाम जपी विशुद्ध मनले * ज्ञानी मुनी छन् जति ।
मान्छन् विज्ञ र शास्त्रले जगत यो * तिम्रै विभूती भनी
सर्वात्मा सगुणा त्रिलोक–जननी * नित्यस्वरूपा पनि।। २७।।
बोक्ने हौ कछुवा बनी पृथिवि नै * हौ शेषरूपा पनि
आधारै नहुने सदा अचल छौ * हे देवि ! भूमी बनी ।

पद्मा कालि उमा जया प्रबल छौ * साक्षात् क्षमा-रूपिणी
गर्ने खेल सदा विचित्र नट झैँ * हौ श्रेष्ठ कात्यायनी।। २८।।
मायारूप लिने जया र विजया * हे दुष्ट—संहारिणी
इच्छा पूर्ण गरीदिने ति सुरको * कल्याणदात्री पनि।
द्यौता दैत्य समान भेट्न करुणा— * को आश गर्छन्, तर
ज्ञाता सात्त्विक वृत्तिका सुरहरू * नै पाउँछन् आदर।। २९।
द्यौतालाइ दिने हवी पनि तिमी * स्वाहा—स्वरूपी बनी
होता, अग्नि, चरू सबै हवनकी * नित्या तिमी स्वामिनी।
श्रद्धाले जल—पिण्ड पितृकन जो * दिन्छन् गृहस्थी जन
त्यो अक्षय्य गराउने तिमि स्वधा * हौ भन्दछन् सज्जन।। ३०।।

जो गर्दछन् भजन भित्र खुशी भएर
हुन्छन् सुखी सकल वैभव ती मिलेर।
ज्ञानी गुणी मुनि तपी ऋषि विज्ञ सिद्ध
बन्छन् झुकी चरणमा सहजै प्रसिद्ध ।। ३१।।
संहार दैत्यगणको रणमा गरेर
धेरै थरी सुख दिने करुणा धरेर।
जो—जो मरे समरमा असुरादि ऐह्ले
तिन्मा पनी हजुरको छ दया त्यसैले ।। ३२।।
स्वर्गादिको सुख जती सुरलाइ मिल्छ
ती दैत्यलाइ पनि त्यो सुख प्राप्त हुन्छ।
पुण्यात्म झैँ सुख दुवै थरि भोग गर्छन्
त्यो पुण्य सिद्धिन गई पछि जन्म लिन्छन् ।। ३३।।
तिम्रा शिवे ! चरणमा दृढ भक्ति लागोस्
यै चालले सकल कष्ट र विघ्न भागोस्।

गर्छौं प्रसन्न भइ देवहरू तमाम
स्वीकार होस् जननिका पदमा प्रणाम ।। ३४।।
विद्यारूप शिवे ! तिमी सुख दिने * छौ भक्तकी ईश्वरी
दुष्टात्माकन छौ सदा दुख दिने * दुर्गे ! अविद्या सरी ।
मर्नू जन्मनु—रूप कष्ट जनको * छौ नष्ट पार्ने भनी
गर्छन् ध्यान लगाइ चित्त तिमिमा * ठूला महात्मा मुनि ।। ३५ ।।
जो गर्दैन प्रणाम शुद्ध मनले * पापी घमण्डी जन
त्यस्को जन्म हुनेछ व्यर्थ भवमा * आएछ त्यो जन्मन ।
मान्छन् त्यस्कन दीप झैँ चहकिलो * चोला विवेकी हुँदा
गर्छन् जो जन नामको स्मरण ती * तर्छन् सदा—सर्वदा ।। ३६ ।।
ब्रह्मा, शम्भु र शेष, इन्द्र, यमले * छौ पूज्य; त्यै हेतुले
सम्झन्छन् खुशिले ति मोक्षपदको * इच्छा हुने विज्ञले ।
तर्दै छन् भव—सिन्धु योग—बलले * तिम्रै कृपाले गरी
भज्दैनन् जन जो उही नरकमा * रुन्छन् परी धर्धरी ।। ३७ ।।
उत्पत्ति स्थिति नाशका अधिपती * श्री शम्भु, ब्रह्मा, हरि
गर्दै छन् निज काम त्यो खटनमा * तिम्रै रही, ईश्वरी !
हे दुर्गे ! करुणा, दया हजुरको * वर्षन्छ जुन् व्यक्तिमा
त्यो पर्दैन मरी कुनै नरकमा * मोहादि आपत्तिमा ।। ३८ ।।
दुर्गा—महात्म्य क्रमले बुझि जान्नलाई
गाह्रो छ विज्ञ, विधि, शम्भु र विष्णुलाई ।
हामी सबै कुमति मोहविषे भुलेका
पुग्दैन शक्ति, भवको सुखमा रमेका ।। ३९ ।।
मारीदिँदा असुर माहिष वीरलाई
बस्छौँ गएर अब स्वर्गविषे रमाई ।

पर्छन् अनेक थरिका जब कष्ट आई
टारीदिनोस् हजुरले करुणा जताई ।। ४० ।।

दुर्गे शक्ति–स्वरूपिणी भगवती * हे भक्त–उद्धारिणी
गर्दै छौँ पदमा प्रणाम जननी ! * न्यूरेर पाऊ परी ।
जान्दैनन् श्रुतिले पनी हजुरको * चित्–शक्तिलाई जब
कस्ले सक्तछ जान्न, मोह–मतिमा * छौँ गाडिएका सब ।। ४१ ।।
हाम्रो यो स्तुतिले प्रसन्न हुनुहोस् * कात्यायनी ईश्वरी !
गर्दै छौँ पदमा प्रणाम जननी ! * हेर्नोस् दया खुप् गरी ।
द्यौताले मिलि यो जगज्जननिको * न्यूरी गरेथे स्तुति
लागिन् भन्न बुझाउँदै हित कुरा * आनन्द मान्दै अति ।। ४२ ।।
केही कार्य अरू भए भन छिटै * गर्नेछु पूरा सब
चिन्ता क्यै मनमा नमानि खुशिले * लौ स्वर्ग जाओ अब ।
आयो केहि भने विपत्ति सहसा * मेरै गरे सम्झना
पुग्नेछू अवतार धारण गरी * पुग्ला छिटै कामना ।। ४३ ।।
जे इच्छा मनमा छ त्यो तिमिहरू * माँगेर लेओ वर
देवीको सुनि यो कुरा खुशि भई * बिन्ती गरे सादर ।
हे दुर्गे ! जगदम्बिके ! भगवती ! * हे शक्ति कात्यायनी
गर्दै छौँ पदमा प्रणाम जननी ! * दुर्गे भवानी ! भनी ।। ४४ ।।
हाम्रो सङ्कट रूप त्यो महिषको * संहार गर्नूभयो
हामी खूशि भयौँ, विपत्ति–सहितै * सन्ताप हाम्रो गयो ।
हाम्रा पूर्ण भए मनोरथ, अरू * चाहिन्न केही वर
हाम्रो भक्ति हजूरका चरणमा * लागीरहोस् सादर ।। ४५ ।।
माताले अघराध पुत्रहरुको * सन्ताप जो खप्तछन्
त्यस्तै माफ दिनोस् सबै हजुरले * हाम्रा जती दोष छन् ।

त्यस्तो बिन्ति सुनेर देवगणको * कल्याण होला भनी
अन्तर्धान भइन् तुरुन्त उहिँ नै * श्री शक्ति, कात्यायनी।। ४६।।
श्री शत्रुघ्न नरेश सूर्य–कुलका * ठूला प्रतापी थिए
द्यौताले उनिलाइ राज्य–सहितै * सारा अयोध्या दिए।
फर्कँथे निज लोकमा सुर सबै * त्यो कार्य पूरा गरी
पृथ्वीमा अनि रामराज्य अघि झैँ * चल्दो भयो राम्ररी।। ४७।।
मौकामा जल वर्षिई थरि–थरी * अन्नादि उब्जा भयो
रैती तुष्ट भएर अन्न धनले * दारिद्र्य तिन्को गयो।
बाटो स्वच्छ तथा प्रशस्त हुन गै * बाधा भएका गए
वृक्षादी लटरम्म पुष्प–फलले * यारी भई न्यूरिए।। ४८।।
मिल्थ्यो दूध दही प्रशस्त पुरमा * खोजेर माँगे जति
केही न्यून थिएन, हर्षित थिए * रैती कती हो कति।
पानी स्वच्छ नदी तलाउहरुमा * बग्थे सधैँ निर्मल
बाटो स्वच्छ भई दिशा सब खुले * चौतर्फ भो उज्ज्वल।। ४९।।
पढ्थे बालक विप्र वेद क्रमले, * निर्लिप्त त्यागी जन
रक्षा क्षत्रिय गर्दथे सुजनमा * बाँड्थे प्रशस्तै धन।
राजा भैकन नीति धर्मपथको * गर्ने हुँदा शासन
आज्ञा भूपतिको प्रजा–जन पनी * गर्थे सदा पालन।। ५०।।
थोरै लाभ लिएर वैश्य–गणले * व्यापार गर्थे सब
सेवा–भाव थियो ति शूद्र जनमा * पूरा थियो वैभव।
देवी–भक्तहरू थिए घर–घरै * त्यागी गृहस्थी धनी
बस्थे व्यक्ति सबै मिलेर झगडा * गर्दैनथे क्वै पनि।। ५१।।
चल्थ्यो स्वागत विप्रको अतिथिको * सेवा सबै गर्दथे
दु:खी, दीन, दरिद्र, हीन पुरमा * खोजेर पाइन्नथे।

चर्चा धर्म, पुराण, शास्त्रहरुको * राज्यैभरी चल्दथ्यो
गर्थे आदर पुत्रले हृदयले * माता पिता मान्यको।। ५२।।
पाखण्डी जन क्वै थिएन ठगडा * पापी अधर्मी पनि
चल्थे रैति स्वधर्म पालन गरी * कर्तव्य हो यो भनी।
आधि–व्याधि थिएन ताप पनि क्यै * प्राणी थिए आस्तिक
ईर्ष्या, द्रोह थिएन, दुर्लभ थियो * देखिन्नथे नास्तिक।। ५३।।
मर्दा माहिष दुष्ट दानव, प्रजा * खूशी भएथे अति
चारै आश्रम, जाति छत्तिस मिली * राम्रो बसाली स्थिति।
बूढो जीवित भै कुनै पनि शिशू * मर्दैनथे रोगले
चिन्ताग्रस्त थिएन क्वै पनि उहाँ * बस्थे प्रजा हर्षले।। ५४।।
मानी वेद पुराण श्रेष्ठ पुरमा * चल्ने हुँदा मानिस
फैलेको सहजै थियो पुरभरी * राजा प्रजाको यश।
मर्दा माहिष त्यो, तिनै भुवनमा * आनन्द वर्षा भयो
द्यौता सिद्ध मनुष्य विज्ञ मुनिको * ठूलो विपत्ती गयो।। ५५।।

शुम्भ–निशुम्भको तपस्या र वरदान– (५)

त्यो आख्यान सुनीसकी महिषको * सोधे ति भूपालले
मेरो तृप्ति भएन यो विषयमा * जान्दीनँ के हेतुले।
सुन्छू दिव्य कथा जगज्जननिको * भन्नूहवस् हे मुनि!
मेरो तृप्ति हुनेछ शक्ति–महिमा * सुन्दा अवश्यै पनि।। १।।
पैह्ले शुम्भ निशुम्भ दानव दुवै * पातालमा बस्तथे
ती योद्धा दुइ भाइ राज्य खुशिले * पातालकै गर्दथे।
आएथे तप गर्न ती पृथिविमा * निक्कै भई तत्पर
ब्रह्माको तप गर्दछौँ भनि पुगे * हो तीर्थ जुन् पुष्कर।। २।।

शिक्षा प्राप्त गरी मुनी च्यवनको * रोकेर आफ्नू मन
ब्रह्माको तपमा डटे जब दुवै * बाँधेर पद्मासन ।
गर्दा बाह्र हजार वर्ष तप ती * कत्ती डगेनन् जब
ब्रह्मा पाल्नुभयो प्रसन्न मनले * साम्ने दुवैका तब।। ३।।
आज्ञा गर्नुभयो प्रसन्न म भएँ * लौ माँग दिन्छू वर
लागे ती दुइ वीर भन्न खुशिले * उन्को गरी आदर ।
मर्छू की म भनी छ जो हृदयमा * जीवादिलाई भय
त्यस्को त्रास नहोस् कदापि मनमा * हामी डुलौं निर्भय।। ४।।
आज्ञा भो विधिले दिएँ वर सबै * माँगे जती नै, तर
इच्छा पूर्ण हुनेछ; मान्नु मनमा * स्त्रीबाट मर्ने डर ।
ब्रह्मा फिर्नुभयो दिएर वर त्यो * सन्तोष मान्दै जब
हाम्रो पुग्छ सबै मनोरथ भनी * आए दुवै दानव।। ५।।
शुक्राचार्य बने पुरोहित, ठुलो * राखेर सिंहासन
तिन्लाई अभिषेक सादर दिए * राजा बने दुर्जन ।
राजा शुम्भ भए भनी जब सुने * कीर्ती प्रतापी, तब
आए मिल्न ति चण्ड–मुण्ड सँगमा * सेना लिई दानव।। ६।।
आएथ्यो अनि धूम्रलोचन पनी * सेना लिई साथमा
आए दैत्यहरू अरू पनि मिले * एकेक यै पृथ्विमा ।
पाएको वर रक्तबीज बलवान् * उन्मत्त बर्ता थियो
उस्तै दानव बन्दथे समरमा * थोपा चुही रक्तको।। ७।।
आए वीर डटे सबै सलह झैं * पाताल त्यागीकन
ढाके भूमि सबै चतुर्दिक घुमी * गर्थे ठुलो गर्जन ।
धेरै दानव वीर मिल्दछु भनी * आए खुशीले जब
योद्धा उत्तम शुम्भले पृथिवि नै * ढाकी जितेथ्यो सब।। ८।।

लिन्छू स्वर्ग पनी जितेर म भनी * तत्काल इच्छा गरी
पौँचे स्वर्गपुरी कठोर स्वरले * चिच्याउँदै बेसरी ।
निस्के देवहरू तुरुन्त करमा * शस्त्रास्त्र आफ्ना भिरी
ठूलो युद्ध भयो, मरे थरि–थरी * सेना नराम्रो गरी।। ९।।

निक्कै रिसाइकन इन्द्र अगाडि आए
ताकेर वज्र शिरमा खलको जमाए ।
त्यो चोट खप्न नसकी घुमि तीनबार
मूर्च्छित् भई ढलिगयो उहिँ शुम्भ वीर ।। १०।।

उल्टो स्थिती समरको जब देख्न पायो
निस्की स्वयम् अनि निशुम्भ अगाडि आयो ।
शस्त्रास्त्र वर्षण गऱ्यो खलले रिसाई
त्यस्लाइ रोक्न नसकी मनमा डराई ।। ११।।

भागे सुरेन्द्र, यम, वायु स्वयम् कुबेर
सेनाहरू सब हिंडे मनमा डरेर ।
जित्ने ति दानवहरूकन क्वै भएन
हाहा पऱ्यो समरमा सुर क्वै रहेन ।। १२।।

आफैँ शुम्भ बनेर इन्द्र सहजै * बस्तो भयो स्वर्गमा
उस्को चाकरिमा बसे खटनमा * सेना उहीँ साथमा ।
त्यो उच्चैःश्रव अश्व प्राप्त हुनगो * त्यो हात्ति ऐरावत
भोग्यो उत्तम अप्सरा, हवि पनी * खायो र राम्रोसित।। १३।।

पाऱ्यो उत्तम कामधेनु वशमा * त्यो स्वर्गको वैभव
गर्दै अमृत पान, उम्लन गयो * शेखी बढी दानव ।
डुल्थ्यो नन्दन वागमा दिन–दिनै * सानन्द त्यो दुर्जन
पाऱ्यो हात डटी सबै किसिमले * त्यो स्वर्गको शासन।। १४।।

खोसेथ्यो अधिकार अग्नि, यमको * ती चन्द्र औ सूर्यको
दिक्पालादि कुबेरको वरुणको * खोस्यो सबै देवको ।
द्यौताको हवि–भाग यज्ञहरुको * खोसेर खायो जब
भागेथे अनि देवताहरु डरी * बाँकी बचेका सब।।१५।।
ठूलो पर्वतका गुफातिर लुके * ती कन्दरामा कति
गङ्गाको तटमा कि जङ्गलविषे * बस्थे कती हो कति ।
छाडी वैभव, स्वर्गका सुखहरू * दिक्पाल औ देवता
लागे घुम्न दुखी बनी पृथिविमा * बिर्सी सबै योग्यता।।१६।।
राजा शुम्भ हुँदा बिते दुख सही * ती देवताका दिन
मर्ला यो खल के गरी, दिनदिनै * गर्थे यही चिन्तन ।
निक्कै वर्षहरू बिते दुख सही * ती देवताका जब
सल्लाहा सबले गरी गुरुकहाँ * सारा पुगेथे तब।।१७।।
होला मङ्गल के गरेर कसरी * भन्नोस् गुरो! लौ अब
हाम्रो स्वर्ग हुनेछ प्राप्त कसरी * मर्नन् सबै दानव ?
पाई योग्य गुरू सुविज्ञ र गुणी * हाम्रा हितू सज्जन
भोग्दै छौं यसरी अनेक थरिका * संकष्ट हामी किन?।।१८।।
जान्नूहुन्छ समस्त मन्त्र श्रुतिका * या शास्त्रका ती जब
हाम्रो दुःख हुने निवारण सबै * क्वै यज्ञ गर्नोस् अब ।
द्यौताको सुनि प्रार्थना गुरुजिले * चिन्तन् गरी चित्तमा
बोले ती–सब कर्मका फलहरू * छन् दैवका हातमा।।१९।।
श्रद्धा भक्ति–सहित् गरिन्छ मख वा * जुन् देवको पूजन
ती द्यौता सब छौ उपस्थित यहीँ * कुन् यज्ञ गर्ने भन ?
भावी हो बलियो, हुने जति कुरा * टर्दैन टारे पनि
हुन्नन् क्यै नहुने कुरा, मख गरी * पुग्दैन दुःखी बनी।।२०।।

गर्नेपर्छ तथापि यत्न विधिले * यत्नादि छाड्यो भने
पर्छन् व्यर्थ अनेक कष्ट ननिका * सन्ताप भोगाउने ।
यौटा युक्ति बताउँछू सुन छिटै * उद्धार हाम्रो हुने
देवीको गर भक्तिले स्तुति उनै * छन् कष्ट नाशीदिने।। २१ ।।
मार्ने माहिषलाइ घोर रणमा * हुन् जो ति कात्यायनी
पर्दा सङ्कट सम्झनू सुरहरू ! * भन्थिन् खुशीले उनी ।
त्यै बेला वरदान यो पनि दिइन् * उन्ले भनेको सुन
गर्नेछू अवतार लीकन छिटै * सन्तापको मार्जन।। २२।।
सोही कारण शक्तिको स्तुति गरौँ * सानन्द आराधना
उन्को दर्शन प्राप्त भो यदि भने * पुग्ला सबै कामना ।
बस्छिन् नित्य उनी हिमालगिरिमा * भन्ने सुनेको हुँदा
हुन्छिन् खूशि उनी पुरश्चरण वा * यज्ञादिले सर्वदा।। २३।।
यस्तो अर्ति सुनेर विज्ञ गुरुको * आनन्द मान्दै अति
सम्झीदै मनले हिमालय पुगी * गर्दा भएथे स्तुति ।
पैह्ले खीर लिई गरे हवन त्यो * एकाक्षरी मन्त्रले
जप्तै मन्त्र नवार्ण पूजन गरे * शास्त्रोक्तको रीतिले।। २४।।

जगद्वन्द्या दुर्गे! जय–जय भवानी ! भगवती!
तिमी रक्षा गर्ने सुरगण सबैकी शुभ–गति ।
स्वयम् आई हर्नोस् विपति अब यो घोर जननी!
लिए हाम्रो स्वर्ग–स्थल असुरले, दुष्ट–दलनी! ।। २५।।
तिमीलाई जानी सकल सुरकी रक्षिणि भनी
झुकी बिन्ती गर्छौं गर अब दया झट्ट जननी !
सुनी हाम्रो बिन्ती प्रकट भइ दर्शन् दिनुहवस्
सबै द्यौतालाई निज–शरणमा शीघ्र लिनुहोस् ।। २६।।

आफ्ना ति भक्त जनमा करुणा जनाई
रक्षार्थ दर्शन दिने करुणा जताई।
तिम्रो दुवै चरणमा निहुराइ माथ
गर्छौं प्रणाम जननी ! सुर भक्ति–साथ ।। २७।।
पैह्ले पनी जननिले करुणा जनाई
मारीदियौ महिष दानव दुष्टलाई।
उन्मत्त शुम्भ भइ भाइ निशुम्भ वीर
भोग्दै छ स्वर्ग–सुख आज डटेर हेर !।। २८।।
हामीहरू दुख अनेक थरी खपेर
डुल्छौं समस्त पृथिवी–भरि छौं अधीर।
विद्या, रमा र धृति, तुष्टि र पुष्टि कान्ति
निद्रा र बुद्धि गति उत्तम कीर्ति शान्ति ।। २९।।
तिम्रा विभूति सब शक्ति र आत्मरूप
सर्वत्र व्यापक र नित्य छ, एकरूप।
तिम्रो अनन्त महिमा बुझिसक्नु छैन
ब्रह्मा र विष्णु, शिवले पनि जानिदैन ।। ३०।।
त्यो जान्न हामिसित बुद्धि र शक्ति छैन
तिम्रो कृपा नभइ त्यो बुझिदै–बुझिन्न।
अत्यन्त हामिहरु छौँ अलमल्ल ऐह्ले
आएर दर्शन दिनोस् जननी, खुशीले ।। ३१।।
लक्ष्मीकै वशमा परी हरि पनी * गर्छन् सधैं चाकरी
उन्लाई सब मान्दछन् जनहरू * सर्वज्ञ हुन् श्री हरि।
आज्ञा पालन गर्दछन् शिव पनी * गौरी सतीका सब
सोही कारण मान्दछन् जनहरू * ठूला सबैमा शिव।। ३२।।

ब्रह्माणी–सँग छन् प्रसन्न विधि झन् * तिन्कै गरी चाकरी
जे भन्छिन् उहि गर्दछन् खटनमा * चल्ने हुनाले गरी ।
को हिँड्दैन र शक्तिको हुकुममा * छौँ देवता सेवक
ठान्दै छौँ तिमिलाइ हे भगवती ! * हाम्रो सदा रक्षक ।। ३३ ।।
द्यौताको सुनि प्रार्थना खुशि भइन् * श्रीआदिशक्ती जब
कोशीको जलमा नुहाउन भनी * देखा परीथिन् तब ।
चारैतर्फ फिराउँदै नयन ती * गम्भीर वाणी गरी
बोलिन् झट्ट मुसुक्क हाँसि उहिँ नै * श्री कौशिकी ईश्वरी ।। ३४ ।।
गर्दै छौ स्तुति यो सबै सुरहरू * कुन् देवताको किन?
देख्दी छू अति दीन खिन्न मनका * के हेतु हो लौ भन ?
शक्तीको सुनि बात देवगण ती * आश्चर्यमा गाडिए
देखी रूपवती सुशील सुमुखी * झन् मोहमा लट्ठिए ।। ३५ ।।
केही बेर गरेर तर्क मनमा * स्पष्टै चिनेथे जब
जोरी हात दुवै विनम्र स्वरमा * बिन्ती गरेथे तब ।
हे दुर्गे ! पदमा प्रणाम, खुशिले * स्वीकार गर्नूहवस्
हामी दुःस्थितिमा पर्‍यौँ, अब शुभे ! * उद्धार गर्नूहवस् ।। ३६ ।।
दुर्गे ! दुर्गति–नाशिनी भगवती * ब्रह्माण्डकी ईश्वरी
डुल्दै छौँ पृथिवीभरी सुरहरू * आपत्ति ठूलो परी ।
योद्धा शुम्भ–निशुम्भ दानव दुवै * उन्मत्त पापी भए
हामीलाइ धपाइ स्वर्गपुरिको * ऐश्वर्य खोसीलिए ।। ३७ ।।
ब्रह्माले दिनुभो कुनै पुरुषले * मारे नमर्ने वर
ऐह्ले छन् ति अवध्य झैँ खलहरू * केही नमान्ने डर ।
नारीबाट हुनेछ मृत्यु दुइको * संग्राम ठूलो परी
रक्षा गर्नुहवस् छिटै असुर ती * मारेर हे ईश्वरी! ।। ३८ ।।

हौँ तिम्रा पुत्र हामी गर जननि दया, यो विपत्ती उतार
हाम्रो त्यो स्वर्ग खोस्ने असुर जति सबै युद्धमा ध्वस्त पार ।
जान्दैनौँ गर्न तिम्रो स्तुति बरु मनले जप्तछौँ मात्र नाम
देख्दैनौँ रूप तिम्रो तर पनि पदमा लेउ हाम्रो प्रणाम ।। ३९।।
हे दुर्गे! शस्त्र केही नलिइ पनि ठुला शत्रुको नाश गर्ने
तिम्रो शक्ती छ ठूलो सब सुरहरु वा भक्तको कष्ट हर्ने ।
बुझ्दैनन् तत्त्व भित्री सुर–नर–मुनिले देविको दिव्य–चाला
हाम्रो लौ शीघ्र रक्षा गर प्रकट भई जप्तछौँ नाम–माला ।। ४०।।
गर्दै गए स्तुति यसै गरि देवताले
देवी प्रसन्न हुनुभो उहि प्रार्थनाले ।
कल्याण गर्दछु छिटै सुरको भनेर
हाँसिन् मुसुक्क जननी नगरी अबेर ।। ४१।।
अर्की एक त्यहीँ भइन् प्रकट ती * श्री कौशिकी पार्वती
अर्को रूप भयो उपस्थित उहीँ * कालीकराला अति ।
वस्त्राभूषणले सुसज्जित थिइन् * ती कौशिकी ईश्वरी
आफ्नो वाहन सिंहमा र करमा * शस्त्रास्त्र धेरै थरी।। ४२।।
यौटा उत्तम वागमा डुलि मिठो * तीखो निकाली स्वर
गाना एक शुरू गरिन् उस घरी * हेरेर चारैतिर ।
त्यो मीठो स्वर गानको अलि–अली * बढ्दै गएथ्यो जब
आएथे अनि चण्ड–मुण्ड सुनि त्यै * क्यै छक्क पर्दै तब।। ४३।।
हेरे मुग्ध भएर ठिङङ् उभिई * के बोल्दथे दुर्मति
सोझै शुम्भकहाँ पुगीकन भने * एकेक देखे जति ।
राजन् ! अद्भुत एक, क्यै पर यहीँ * देख्यौँ कुनै कामिनी
देखेको पहिले थिएन कहिल्यै * भेटिन्न खोजे पनि।। ४४।।

गर्छे उत्तम गान त्यो सुमुखिले * ऐह्ले बसी सिंहमा
त्यस्को गान सुनेर लट्ठ नहुने * पाइन्न त्रैलोक्यमा ।
सुन्दै छन् पशु–पन्छि, जन्तु वनका, * त्यै गानमा लट्ठिई
निक्कै बेर सुन्यौँ विमोहित भई * उस्का नगीचै गई ।। ४५ ।।
कस्की पुत्रि उ हो, त्यहाँ किन बसी, * के काम आई यहाँ
डुल्दै छे किन त्यो सुरम्य वनमा * फर्केर जान्छे कहाँ?
चाँडै बुझ्नुहवस् सबै हजुरले * त्यो आउने कारण
ल्याई त्यस्कन राख्नुहोस् महलको * शोभा बढाई लिन ।। ४६ ।।
देखेनौँ कहिल्यै तिनै भुवनमा * यस्ती अरू सुन्दरी
आएकी किन यो हिमाल–नगिचै * बुझ्नूहवस् राम्ररी ।
त्यस्का नेत्र कटाक्ष चञ्चल बढी * भ्रू–भङ्गिमा वक्र छन्
त्यस्का सामु म भन्छु पूर्ण–शशिको * शोभा फिका देखिनन् ।। ४७ ।।
पार्ने लज्जित सिंहलाइ छ कटी * साह्रै झिनो सुन्दर
हात्ती–सूँढ समान बाहु छ दुवै * अत्यन्त राम्रो, तर ।
अग्ला पूर्ण–घडा–समान स्तन छन् * पार्ने छिटै मोहित
कम्ती छैन हजूरका ढुकुटिमा * रत्नादि छन् शोभित ।। ४८ ।।
सारा रत्नविषे छ एक कमि त्यै * स्त्री–रत्न त्यै कारण
राजी पार्नुपर्‍यो कुनै किसिमले * उन्लाइ पत्नी हुन ।
देख्दै छू म हजूरको महलमा * हात्ती छ ऐरावत
राम्रो पुष्प छ पारिजात यहि नै * उच्चैःश्रवा शोभित ।। ४९ ।।
ल्याएको यमदण्ड देख्छु बलियो * संसार थर्काउने
माला पङ्कजको छ जो जलधिको * सुक्ने न वैलाउने ।
छाता पाश दिए स्वयम् वरुणले * ल्याई डराईकन
ल्याएको छ कुबेरको निधि यहीँ * त्यो पद्म खोसीकन ।। ५० ।।

गाई उत्तम कामधेनु र यहीँ * छन् अप्सरा सुन्दरी
सारा रत्न हुँदा उपस्थित यहीँ * शोभा छ जुन् यो घरि।
हुन्छन् शोभित रत्न ती ढुकुटिमा * स्त्री–रत्नले राम्ररी
होला शोभित स्वर्गको महल यो * ल्याए अगाड़ी सरी।। ५१ ।।

त्यो शुम्भले त्यति कुरो जब सुन्न पायो
आश्चर्य मानि मनमा सहसा रमायो ।
डाकेर सुग्रिव कुरा मनको सुनायो
ल्याऊ बुझाइ घरमा भनि यै बुझायो ।। ५२।।

वाणी नम्र गरी घमण्ड नगरी * बोल्नू फकाईकन
हप्काए रस–भङ्ग हुन्छ, सहजै * उस्को बुझाएस् मन ।
यस्ता बात सुनेर जान्छु म भनी * सुग्रीव दौडी गयो
शक्तीको नगिचै उपस्थित भई * हाँसेर बोल्दो भयो।। ५३ ।।

हे भद्रे ! बलवान शुम्भ अहिले * मालीक छन् स्वर्गका
छन् उन्कै वशमा सबै सुरहरू * पाताल आकाशका ।
भेजे जुन् समचार भन्छु क्रमले * हे सुन्दरी ! त्यो सुन
तिम्रो चित्त बुझे सँगै हिड, म नै * सक्छू पुऱ्याईदिन।। ५४।।

सारा देव जितेँ लडरे रणमा * छू स्वर्गको मालिक
द्यौताको हवि भाग लिन्छु सहजै * एक्लै छ मेरो हक ।
छन् मेरै घरमा यि स्वर्गपुरिका * रत्नादि औ वैभव
द्यौता दैत्य मनुष्य छन् जति सबै * राख्छू म आफ्नू वश।। ५५।।

तिम्रो दिव्य स्वरूपको जब गऱ्यो * सुग्रीवले वर्णन
आफ्नू दास मलाइ जानि सुमुखी ! * आई बुझाऊ मन ।
स्वामी मान मलाइ योग्य पनि छू * मेरो सबै वैभव
सुम्पन्छू तिमिलाइ, पर्छु वशमा * आऊ छिटै लौ अब।। ५६।।

गर्नू भोग सहर्ष उत्तम, बनी * मेरी बनी स्वामिनी
बन्नेछौ, म अवध्य छू र सधवा * नित्यै तिमी कामिनी ।
क्रीडा गर्नु सदा सबैतिर डुली * इच्छा छ जाने जहाँ
होलान् पूर्ण सबै मनोरथहरू * गर्छू म हेलाँ कहाँ!।। ५७।।
त्यो संचार सुनेर शुम्भ खलको * हाँसेर कात्यायनी
तीखो उत्तर व्यङ्ग्य–पूर्वक दिइन् * सुग्रीवलाई अनि ।
तैँले बात भनिस् मलाइ जति जे * हुन् सत्य सारा, तर
मैले भन्दछु जे सुनाउनु सबै * तैँले नमानी डर।। ५८।।
राजा शुम्भ–निशुम्भ यो पृथिविमा * छन् श्रेष्ठ ठूला पनि
दाता, शूर, गुणी, अजेय बलिया * छन् स्वर्ग जित्ने तिनी ।
हेरौँ, बात गरौँ, सबै स्थिति बुझौँ * यस्तो विचारीकन
आएकी म विवाह गर्न, तर क्यै * यौटा पऱ्यो कारण।। ५९।।
मैले बालकमै विचार्न नसकी * पैह्ले प्रतिज्ञा गरें
सोही कारणले म निश्चय पनी * गर्नै नसक्ने भएँ ।
जस्ले सक्छ मलाइ जित्न रणमा * जो सक्छ न्यूराउन
जस्ले तोड्छ घमण्ड, त्यौसित बिहे * गर्छू खुशी भैकन।। ६०।।
आई ती दुइ भाइले समरमा * लड्दै मलाई जितून्
इच्छा पूर्ण हुनेछ वीर दुइको * जान्छू म साथै लगून् ।
भन्नू शुम्भ–निशुम्भलाइ सब यो * मैले भनेको जति
जा सुग्रीव ! पठा, दुवै अब मरून् * आएर ती दुर्मति।। ६१।।
त्यस्तो व्यङ्ग्य कुरा सुनी जननिको * अर्थै नजाने पनि
फेरी भन्न शुरू गऱ्यो हित कुरा * त्यो दूत बाठो बनी ।
लोकालोक जिते सबै सुरहरू * जुन् शुम्भले युद्धमा
तिन्का साथ लडाइँ गर्न कसरी * आँट्यौ शुभे! चित्तमा।। ६२।।

स्त्रीले गर्नु हुँदैन यो किसिमले * बार्ता, घमण्डी बनी
तिन्का साथ लडाइँ गर्न कसिए * पर्नेछ मर्नू पनि ।
जोडी छैन कुनै तिनै भुवनमा * जित्ने लडाइँ गरी
मान्यौ बात भने हुनेछ सहजै * कल्याण हे सुन्दरी!।। ६३ ।।
व्यर्थै कष्ट हुनेछ बात नबुझी * बोलेर बाठी बनी
आफ्नू दर्प त्यजी छिटै हिड सँगै * लैजान्छु मैले पनि ।
तीनै लोक जितेर शुम्भ—अहिले * छन् चक्रवर्ती उनी
तिम्रो स्वागतमा तयार उनि छन् * स्वामी बनूँला भनी।। ६४।।
झूठो दर्प तजेर शुद्ध मनले * मैले भनेको सुन
पायौ शुम्भ पती भने बुझ तिमी * सन्तुष्ट होला मन ।
इच्छा छैन भने निशुम्भकन नै * तत्काल स्वामी भज
यस्तो यौवन फाल्नु व्यर्थ छ यसै, * बानी घमण्डी त्यज।। ६५।।
मेरो बात नमानि व्यर्थ अहिले * मान्दीनँ भन्छ्यौ भने
लैजानन् सब दैत्य आइ बलले * छौ व्यर्थ घिच्च्याइने ।
यो दुस्साहस हो, कदापि नगरे * यस्तो कहील्यै पनि
राम्रो औसर यो गुम्यो यदि भने * हौली दुखी मानिनी!।। ६६ ।।
मैले बात भनेँ अनेक हितका * राम्रो बुझाई, तर
जाऊँ, आउ तिमी छिटै मसँग नै * पर्दैन मान्नू डर ।
त्यो सुग्रीव निकै बनेर चतुरो * बोल्दै गएको सुनी
बोलिन् झट्ट रिसाउँदै स्वर तिखो * पारेर कात्यायनी।। ६७।।
हे सुग्रीव ! तँ दूत भैकन यहाँ * आइस् र माफी दिएँ
तेरा क्षुद्र कुरा सुनी नतर यैँ * हे दुष्ट ! मार्ने थिएँ ।
तैँले शुम्भकहाँ गएर क्रमले * भन्नू, म भन्छू जति
जाओस् जीवन राख्नको मन भए * पाताल त्यो दुर्मति।। ६८।।

ऐह्ले युद्ध गरेर मर्नु छ भने * आउन् सबै युद्धमा
मेरा शस्त्र अनेक लागि तनमा * मर्छन् सबै व्यर्थमा।
देवीको सुनि बात छक्क परि त्यो * सुग्रीव फर्की गयो
काम्दै थर्थरि शुम्भलाइ सब त्यो * वार्ता सुनाईदियो।। ६९।।
देख्दा उत्तम रूप गुण शिलकी * खानी छ त्यो सुन्दरी
गर्छे तर्क अनेक दर्प गरि त्यो * साह्रै नराम्रो गरी।
गर्जन्छे अनि भन्दछे घरि–घरी * मार्छू सबै दानव
त्यस्को लक्षण छैन उत्तम कुनै, * राख्छे ठुलो गौरव।। ७०।।
मेरो सक्तछ दर्प तोड्न रणमा * आएर जुन् वीरले
मेरो हुन्छ विवाह त्यैसित, अरू * मान्दीनँ त्यै हेतुले।
त्यस्का बात सुनेर क्रोध त निकै * आयो मलाई, तर
आज्ञा छैन भनेर केहि नभनी * फर्कें नमानी डर।। ७१।।
जाग्यो शुम्भ निकै कुरा थरि–थरी * सुग्रीवद्वारा सुनी
थाल्यो गर्जन–धूम्रलोचन स्वयम् * लौ जा तँ चाँडै भनी।
भेटी त्यस्कन नम्र भै हित कुरा * भन्नू सबै राम्ररी
थोरै सैन्यहरू लिएर सँगमा * उस्लाइ ल्या यै घरि।। ७२।।
त्यस्को गर्न सहायता अरु कुनै * आए अगाडी सरी
मार्नू ती सबलाइ एक नबचून् * प्रत्येक जाऊन् मरी।
द्यौता दानव यक्ष राक्षस अरू * गन्धर्व विद्याधर
जो आए पनि मार्नु तीक्ष्ण शरले * पर्दैन मान्नू डर।। ७३।।
मार्नू सिंह र सुन्दरीकन पनी * संग्राम ठूलो गरी
ल्याएस् सुन्दरि त्यो फकाइ, अथवा * घिच्च्याउँदै बेसरी।
सेनालाइ छिटै तयार हुनको * उर्दी सुनाईदियो
योद्धा–श्रेष्ठ उ धूम्रलोचन स्वयम् * जान्छू म भन्दै गयो।। ७४।।

उस्का साठि हजार सैनिक सबै * निक्कै प्रतापी थिए
शक्तीको नगिचै पुगेर सब ती * चर्को गरी गर्जिए।
हे सौम्ये ! तिमिलाइ सम्झि बहुतै * छन् शुम्भ कामातुर
तिन्को चित्त बनाउ शान्त, मनमा * पर्दैन मान्नू डर।। ७५।।
तिम्रो व्यङ्ग्य कुरा बुझेन किन हो * त्यो मूर्ख सुग्रीवले
उल्टो शुम्भकहाँ पुगीकन भन्यो * सारा कुरा दुष्टले।
मेरो दर्प गराइ चूर्ण रणमा * पार्नेछ जुन् वीरले
सोही हुन्छ पती, म मान्दछु पती * त्यस्लाइ सन्तोषले।। ७६।।
यस्मा दिक्क नमान केहि तिमिले * सुग्रीव हो दुर्मति
त्यस्को बुझ्न समस्त अर्थ कसरी * पुग्थ्यो र उस्को गति।
जान्ने छन् रति–युद्धको सब रिती * एकेक ती दानव
शय्यामा विजयी हुनन् ति सुमुखी! * पुग्नेछ इच्छा सब।। ७७।।
शय्यारूप सफा ठुलो समरमा * कुश्ती परेको घरि
हान्नेछन् नखरूप तेज शरले * ताकेर लाग्ने गरी।
चाख्नेछन् रस ती दुवै अधरका * सन्तोष मानी जब
गालामा दुइ गाढ चुम्बन हुँदा * बढ्ला अझै गौरव।। ७८।।
हाँक्नेछन् रति–युद्धको रथ स्वयम् * भै सारथी कामले
फुक्नेछन् रतिका ध्वजाहरु सबै * हल्ली निकै वेगले।
एक्लीका सँग एकको समर त्यो * मच्चिन्छ पूरा जब
कुश्ता–कुश्ति परी शरीर–भरिमा * बग्ला पसीना तब।। ७९।।
गाला केहि हुनन् मलीन शशि झैँ * लाली हराईकन
फुस्रा भै रहनन् निधार र अलक् * सारा हुनन् रन्फन।
तिम्रो तेज सबै बनेर पसिना * धारा बगेका घरि
चल्दा घाउ भएर रक्त बहँदा * हर्षाश्रु थोपा परी।। ८०।।

तेसैमा मिसिँदा हिमालय फुटी * बग्ने नदीकै सरी
भिज्ला त्यो रणभूमि स्वच्छ रितले * सर्वत्र चीसो गरी ।
हारौली रति–युद्धमा र विजयी * ती शुम्भ होलान् जब
तिम्रो मान ठुलो हुनेछ मनको * पुग्नेछ इच्छा सब ।। ८१ ।।
एक्ली छौ, तर छन् अनेक करमा * शस्त्रास्त्र दिव्यायुध
गर्छ्यौ कि तिमि शत्रुको समरमा * यी अस्त्रद्वारा वध ।
आँखीभौँ धनु झैँ तिखा शर सरी * छन् नेत्र झन् चञ्चल
बाहू पाश सरी, यि दाँतहरु छन् * मोती समान् उज्ज्वल ।। ८२ ।।
चुल्ठो देख्दछु शेषनाग सरिको * झुल्ने दुवै पीठमा
होलान् निश्चय ती सहाय रतिको * शय्याविषे युद्धमा ।
गोलाकार घडा समान स्तनमा * गोली र गट्टा भरी
खेलौली रति–युद्धकै समयमा * उस्लाइ हे सुन्दरी! ।। ८३ ।।
बाँधी कोमल बाहुपाश दुइले * चल्नै नसक्ने गरी
पार्नू कायल छातिले दलि–दली * त्यो काम–बाधा हरी ।
तिम्रा शस्त्र सबै विकाम हुन गै * रित्ती भए तापनि
हान्नेछौ शुभ अङ्गले घरि–घरी * माछा सरीकै बनी ।। ८४ ।।
टोकी, पक्रि, चिथोरि तेज नखले * लीला गरौली जब
स्याबासी तिमिलाइ हर्षित भई * ती शुम्भ देलान् तब ।
बढ्दो यौवनको ठुलो सुख तिमी * भेट्टाउनेछौ अनि
मानौली सहजै पत्यार सुमुखी! * मैले भनेको भनी ।। ८५ ।।

जब यसरि लडौली साज–सज्जा मिलाई
तब त तिमि सुतौली युद्धमा हार खाई ।
खुशि भइ अनि हाम्रा शुम्भ दैत्येन्द्र जो हुन्
तिमिकन निज प्यारी पत्नि मानीलिनेछन् ।। ८६ ।।

सयल गरि बसौली स्वर्गमा हर्ष–साथ
असुर सुर सबैको न्यूरला श्रेष्ठ माथ ।
अब तिमि मनको त्यो दर्प त्यागी खुशीले
मसँग हिड पुऱ्याईदिन्छु मैले अहीले ।। ८७।।

त्यस्तो बात अभद्र निन्द्य खलले * बोल्दै गएको सुनी
बोलिन्–दानव, दुष्ट–मूर्ख बुझिले * निर्लज्ज, पापी, खुनी ।
मेरो क्यै गह्रिमा नजानि तँ बढी * बोल्छस् ठुलो हूँ भनी
के कामातुर स्याललाइ वनमा * मान्ली पती सिहिनी।। ८८।।

जाने ती यमको पुरी अब मरी * बाटो सफा पार्दछन्
ती पापी दुइ भाइलाइ रणमा * मार्छू छिटै मर्दछन् ।
आफ्ना प्राण बचाउने मन भए * भागून् ति पातालमा
त्याग्ने जीवन चित्तमा यदि भए * आई मरून् युद्धमा।। ८९।।

काहाँ यी जगदम्बिका अनि कहाँ * ती देवता–निन्दक
पापी हुन् श्रुतिका विरोधक तथा * त्रैलोक्यका बाधक ।
गाईका सँगमा बसेर गदहा * ठूलो बने तापनि
शोभा प्राप्त हुँदैन, स्यालसँग कुन् * जाली ठुली बाघिनी।। ९०।।

त्यस्तै दानव क्षुद्रका सँग स्वयम् * त्रैलोक्यकी ईश्वरी
बस्नेछन् कसरी? तँ तत्त्व नबुझी * के बोल्दछस् मन्परी !
आइस् लड्न भनेर सैनिक लिई * व्यर्थै गरी गन्थन
बक्बक् यो किन गर्दछस् समरमा * लौ आ ! छिटै दुर्जन!।। ९१।।

यस्ता बात सुनेर ती जननिको * जाग्दो भयो दानव
बोल्यो–मार्छु तँलाइ पार्खि अहिल्यै * छाड्दीनँ मैले अब ।
बोलेकी भइ श्रेष्ठ आफु किन हो * काली, तँ हे डङ्किनी
जानेछस् यमराजको नगरमा * चाँडै तँ हे नागिनी।। ९२।।

यस्ता बात भनेर शीघ्र शरको * वर्षा गऱ्यो वेगले
लाग्यो गर्जन ऊ, भएँ म विजयी * भन्दै ठुलो हर्षले ।
त्यस्का अस्त्र अनेक बाण नभमै * टुक्रा गराईकन
काली क्रोध गरेर उच्च स्वरले * थाल्दी भइन् गर्जन ।। ९३ ।।
भाला खड्ग त्रिशूलले मुसलले * नाना थरी अस्त्रले
हानाहान गरे परस्पर त्यहाँ * शक्ती र उत्साहले ।
कालीले रथ अश्व सारथि सबै * एकेक मारीदिइन्
त्यै–माथी रिसले ठुलो परिघले * गर्जेर ठोक्दी भइन् ।। ९४ ।।
मार्छू आज पखी–पखी मुसलले * भन्दै लघाऱ्यो जब
पारिन् भस्म त्यहीँ मऱ्यो खल ढली * हुंकारले नै तब ।
योद्धा दानव धूम्रलोचन मऱ्यो * संग्राम गर्दा जब
बाँचेका जति सैन्य जीवन लिई * भाग्दा भए दानव ।। ९५ ।।
हे राजन ! जब धूम्रलोचन मऱ्यो * देखे सबै देवले
लावा पुष्प अबीर वर्षण गरे * आकाशमा हर्षले ।
कालीले पनि शंखको ध्वनि गरिन् * चर्को भएथ्यो स्वर
भागे सैन्य जती थिए रण त्यजी * लागेर मर्ने डर ।। ९६ ।।
लाग्यो भन्न गएर एक चरले * त्यो शुम्भलाई अनि
योद्धा उत्तम धूम्रलोचन मऱ्यो * भाग्यौँ डराई भनी ।
हाम्रा सैनिक त्यो रणस्थल–विषे * बन्दै गए सोतर
मान्दै छू मनमा ठुलो अझ पनी * मर्छू कि भन्ने डर ।। ९७ ।।
गर्जन्छे रणमा छ एक्लि, तर त्यो * सातो सबैको हरी
हाम्रा सैन्यहरू अनेक, रणमा * स्वाहा भए यो घरि ।
यस्तो लाग्दछ चित्तमा समरमा * होवैन भन्ने जय
कोही छैन सहाय एक् छ, तर त्यो * लड्छे बनी निर्भय ।। ९८ ।।

गर्दा विग्रह सन्धि यान कसरी * बाँच्ला कि यो जीवन
यस्को गर्नुपर्‍यो विचार सबले * बुद्धी पुर्‍याईकन ।
त्यस्तो तर्क सुनीसकेर चरको * जानेर युद्ध–स्थिति
सारा बात भन्यो निशुम्भसित त्यो * उस्ले सुनेको जति ।। ९९ ।।
के गर्दा हित हुन्छ यो बखतमा * हामीहरूको अब
आफ्नू जो छ विचार त्यो भन तिमी * बाँचून् सबै दानव ।
दाज्यूको सुनि बात शङ्कित भई * राम्रो विचारीकन
बोल्यो झट्ट निशुम्भ–काँतर हुने * देख्दीनँ क्यै कारण ।। १०० ।।
आफैं जान्छु लिएर सैन्य म डटी * लड्छू ति कालीसित
हामीले डर मान्नु व्यर्थ छ यहाँ * त्यो एक्लि शत्रूसित ।
त्यस्को मद्दत गर्न कोहि रणमा * योद्धा जती आउनन्
द्यौता दानव यक्ष राक्षस सबै * यै युद्धमा मारिनन् ।। १०१ ।।
लड्दा यै रणमा म दैवगतिले * नै मारिएँछू भने
इच्छा–माफिक गर्नु, व्यर्थ अहिले * के हेतु चिन्तित् हुने?
भाईको सुनि बात त्यो बखतमा * हाँस्तै भन्यो शुम्भले
ऐल्हे भाइ, नजाउ घोर रणमा * उत्साह वा क्रोधले ।। १०२ ।।
जाला लड्न भनी गजेन्द्र कसरी * सानू खरायोसित
जान्छन् लड्न ति चण्ड–मुण्ड रणमा * हाम्रो चिताई हित ।
छन् ती वीर दुवै अतीव बलिया * केही नमान्ने डर
भाईलाइ बुझाइ राम्ररि निकै * पारीदियो सुस्थिर ।। १०३ ।।
पारी तुष्ट निशुम्भलाइ सहजै, * बोल्यो उठी दुर्जन
आओ चण्ड र मुण्ड वीर नगिचै * मैले भनेको सुन ।
जाओ हे बलवान वीर ! अहिल्यै * संग्राममा गर्जन
देखाओ रणमा पराक्रम ठुलो * तत्काल पौँचीकन ।। १०४ ।।

कालीलाइ बुझाउनू हित कुरा * पैह्ले बठ्याईँ गरी
त्यो मान्दीन भने गरी बलजफत् * ल्याओ छिटै सुन्दरी ।
त्यो आज्ञा सुनि शुम्भको खुशि भई * सेना अनेकौँ लिई
पौँचेथे तब चण्ड–मुण्ड रणमा * चर्को गरी गर्जिई।।१०५।।

चण्ड–मुण्ड–वध– (६)

देखे दुर्जय सिंहमाथि जननी * काली बसेकी जब
बोले नम्र भई निकै विनयले * बिन्ती गरेझैँ तब ।
थाहा छैन कि शक्ति शुम्भ विरको * छन् ती प्रतापी भनी
उन्का भाइ निशुम्भ छन् अझ बढी * बाठा र योद्धा पनि।। १ ।।
तिम्रो मद्दत गर्न यो समरमा * सेना कतै देख्दिनँ
ल्याएको छ अनेक सैनिक, सबै * गर्जीरहेछन् सुन ।
तिम्रो वाहन सिंह मात्र छ यहाँ * गर्ला कि त्यो मद्दत
जित्नेछौ कसरी बताउ रणमा * सेना छ हामी–सित।। २ ।।
शिक्षा योग्य दिने तिमीसित कुनै * देख्दीनँ नारी–नर
आयौ पक्ष लिएर देवगणको * मानेर कस्को भर ।
हुन्छन् भस्म अनेक आइ पुतली * जस्तो गरी दीपमा
सोही चाल हुनेछ, रूप सुमुखी ! * नाशिन्छ संग्राममा।। ३ ।।
मेरा छन् कर यी अठार भनि क्यै * शेखी छ की चित्तमा
काट्नेछू सहजै म बाणहरुले * हे मानिनी ! युद्धमा ।
भागे देवहरू कुलेलम भई * मानेर जस्को डर
त्यस्का साथ लडाइँ गर्दछु भनी * के हेतु छौ, तत्पर?।। ४ ।।
त्यागी दर्प स्वरूपको र बलको * जो भन्दछू त्यो सुन
मानीलेउ पती प्रसन्न मनले * श्री शुम्भ छन् सज्जन ।

आफ्नू हुन्छ गरेर जे हित उही * जान्नेहरू गर्दछन्
उल्टो कार्य गरेर मूर्खहरु ती * सन्तापमा पर्दछन्।। ५।।
बाठी छौ, मनमा विचार गर जुन् * शक्ती छ ती शुम्भको
आयौ मर्न यहाँ शुभे ! किन तिमी * गर्दै निहूँ युद्धको।
जो छन् शत्रु प्रधान, देवगणका * शेखी र शक्ती लिने
तिन्कै निम्ति गऱ्यौ विचार कसरी * संग्राममा होमिने।। ६।।
राम्री छू म भनेर दर्प मनमा * हौली गरेकी, तर
त्यस्ले के हुन सक्छ, बुद्धि बलियो * चाहिन्छ झन् सुन्दर।
राम्री रूपवती भएर तिमि झैँ * त्यै रूपको गर्वले
बिग्रन्छन् पछि नीचका सँग तिनै * के हुन्छ त्यो रूपले।। ७।।
सीता रावणले लग्यो हरि स्वयम् * त्यै रूपकै कारण
पत्नी गौतमकी परिन् छन्‌विषे * त्यै रूपले नै, सुन।
बालीलाइ पती भजिन् कर परी * तारा हुँदा सुन्दरी
बिग्रन्छन् अति रूप यौवन हुने * नारी नराम्रो गरी।। ८।।
शान्ति प्राप्त हुँदैन, मिल्छ सुख के * हल्लाइ व्यर्थै स्तन
आफ्नू स्वार्थ विचार गर्न नसके * हो व्यर्थ नै जीवन।
जो नारी पतिहीन छन् सकलको * धिक्कार हो यौवन
यो मौका यसरी नफाल भजिल्यौ * श्रीशुम्भ राजाकन।। ९।।
स्वार्थी छन् सब देवता, हृदयमा * राख्छन् ति दुर्भावना
उन्को मद्दतमा उपस्थित भयौ * राखेर के कामना?
सक्छन् के हित गर्न देवगणले * तिन्को छ उल्टो मति
सोही कारण शुम्भ वीरकन नै * आफ्नू गराऊ पति।। १०।।
त्यो कामान्ध र मूर्खको सुनि कुरा * कात्यायनी गर्जिइन्
मेरो क्यै महिमा नजानि नबुझी * बोल्छस्‌तँकेयो? भनिन्।

यस्ता दानव ता मरे अघि कती * मर्छन् अझै ती कति
मैले यो अवतार धारण गरेँ * यै निम्ति हे दुर्मति ।। ११ ।।
इच्छा छैन मलाइ कोहि पतिको * हूँ विश्वकी स्वामिनी
धेरै शुम्भ मरे निशुम्भ पहिल्यै * जो–जो भए ती पनि ।
आयो काल समस्त दैत्य–कुलको * मर्छन् छिटै नै अब
व्यर्थै गन्थनका कुराहरु तजी * लौ मर्न आओ सब ।। १२ ।।
हेरूँ वीर भए, उठा धनु छिटै * तेरो छ जो वीरता
मर्छन् ती दुइ भाइ यै समरमा * होलान् सुखी देवता ।
मैले शुम्भ–निशुम्भको मनविषै * मान्दीनँ केही भय
पुग्छन् ती यमराजको नगरमा * भन्ने भयो निश्चय ।। १३ ।।
इच्छा त्यागि लडाइँको तिमिहरू * भागेर जाओ बरु
आओ मर्न कि युद्धमा अति खुशी * होलान् ति ध्यौताहरू ।
देवीको यति चण्ड–मुण्ड दुइले * सूने ठुलो कड्कन
वार्षाए शर बेसरी थरि–थरी * ताकेर कालीकन ।। १४ ।।
तिन्का बाणहरू अनेक टुकुरा * पारेर गर्जिन् अनि
कालीले सहसा गरिन् धनुषको * टङ्कार, शंख–ध्वनि ।
चर्को शब्द गरेर सिंह रणमा * गर्ज्यो नराम्रो गरी
भूमी कम्प भइन्, दिशा र विदिशा * थर्के सबै बेसरी ।। १५ ।।
देवीको सुनि शब्द हर्षित भए * आकाशमा देवता
देवी–दानवको चल्यो समर त्यो * उर्लेर निक्कै यता ।
वर्षाए शर चण्ड–मुण्ड दुइले * पानी परे–झैँ गरी
देवीका शरले मरे, कति ढली * मूर्छा परे बेसरी ।। १६ ।।
ढाक्छन् जुन् रितले उडी सलहले * आकाश भूमी सब
त्यस्तै बाण निकै उडे नभ–भरी * आश्चर्य पार्ने तब ।

भाला, पाश, गदा र तोमर, खुँडा * तर्वार हात्ती अनि
घोडा ती चतुरङ्गिणी रथ–सहित् * लड्थे म मार्छू भनी।।१७।।
गर्जे दानव चण्ड–मुण्ड रणमा * वर्षा गरी बाणको
काँपे देवहरू डरे मनमनै * देखेर संग्राम त्यो।
द्यौता सिद्ध महर्षिलाइ नभमा * देखिन् डरेका जब
देवीको अनुहार उग्र रिसले * कालो भयो झन् तब।।१८।।
आँखीभौँ अलि वक्र भै विकट भो * क्यै खुम्चियो माथ र
डर्लाग्दो हुनगो मुहार रणमा * हेर्दा ति चारैतिर।
तेर्सो उग्र ललाटबाट सहसा * श्री कालिका निस्किइन्
तिन्ले शस्त्रहरू अनेक करमा * तीखा लिएकी थिइन्।।१९।।
ठूला पाश र खड्ग खप्परु गदा * खट्वाङ्गले शोभित
काली रूप खडा भइन् समरमा * गर्जी नराम्रोसित।
सेप्रो पेट छ कूप झैँ, करङका * छाला छ टाँसे सरी
झुण्डेका स्तनले, कटी जघनले * शोभा दिने राम्ररी।।२०।।
लामा छन् दुइ शुष्क काठ सरिका * सग्ला सुके पाँसुला
जिब्रो लाल र मुण्डमाल सबले * शोभित् छ जस्को गला।
झाँक्रो लामु फिँजेकि रूप् जगत नै * देखिन्छ थर्काउने
छन् जस्का दुइ नेत्र खूब गहिरा * टोड्का सरी देखिने।।२१।।

बाँधेर कम्मरभरी गज–चर्मलाई
त्यो व्याघ्र–चर्म पहिरीकन कालि माई।
संग्राममा सबतिरै ति दगुर्न थालिन्
पक्रेर दानवहरू कति मार्न लागिन्।।२२।।
झम्टी चिथोरि कतिलाइ निमोठि मारिन्
घाँटी फुटाइ रगतै पनि प्यून थालिन्।

ठूलो रथी रथ र सारथि अश्वलाई
लागिन् चपाउन र निल्न ति कालि माई ।। २३।।
हौदा समेत गजका ति सवारलाई
पक्रेर झट्ट करले रणमा रमाई ।
थालिन् धमाधम ति निल्न जसै रिसाई
हाहा पऱ्यो समरमा अनि दैत्यलाई ।। २४।।
टोकी चिथोरि कतिलाइ निमोठि मारिन्
संसार–पार कति दानवलाइ तारिन् ।
देख्यो जसै समरको विपरीत चाला
दौड्यो तुरुन्त खल चण्ड लिएर भाला ।। २५।।

गर्जी चक्र प्रहार गर्न रिसले * थाल्दो भयो मुण्डले
भाला खड्ग तथा तिखा शरहरू * छाड्दै गए दैत्यले ।
कालीका मुखमा पसेर नभका * तारा सरी देखिए
कालीले सहजै निलिन् र सुर त्यो * देखेर हर्षित् भए।। २६।।
थालिन् गर्जन कालिका समरमा * अत्यन्त चर्को गरी
हाँस्तैमा कति वीर दानव उसै * भाग्दा भएथे डरी ।
लामा बाहु छिटै पसारि खलको * जुल्फी समाईकन
गर्जीदै तरवारले गिडिदिइन् * त्यो चण्डको गर्धन।। २७।।
देखेथ्यो जब मुण्डले समरमा * दाजू मरेको अनि
लाग्यो गर्न प्रहार उग्र रुपले * मार्छू तँलाई भनी ।
कालीले सहजै समाइ शिरमा * त्यस्को लिइन् जीवन
बाँचेका जति सैन्य त्यो बखतमा * भागे डराईकंन।। २८।।
ठूला वीर दुवै मरे, समरमा * खोलो बग्यो रक्तको
त्यो युद्ध–स्थिति शुम्भभाउँ गइ क्वै * सारा सुनाईदियो ।

देखाई दुइ चण्ड—मुण्ड विरको * हो यै भनी खप्पर
शक्तीलाइ भनिन् पुगेर नगिचै * ती कालिका भै स्थिर॥ २९॥
यो मेधा रण—यज्ञको गरिदिएँ * मारेर यी दानव
मार्नेछौ तिमिले पनी अरु—अरू * जो शेष छन् ती सब।
कालीको सुनि बात त्यो, भगवती * बोलिन् खुशी भैकन
'चामुण्डा' तिमिलाइ लोक सबले * भन्नन् यही कारण॥ ३०॥
ख्याति प्राप्त हुनेछ विश्वभरिमा * देवी ठुली हुन् भनी
तिम्रो पूजनले हुनेछ जनको * पुग्नेछ इच्छा पनि।
मान्दै छन् अझसम्म दीकन बली * काली करालीकन
दोषी हुन् तपनी तरे समरमा * त्याग्दा लडी जीवन॥ ३१॥
काम्दै थर्थर दूतले जब गर्‍यो * संग्रामको वर्णन
बाँचेका जति वीरको पनि गयो * लड्दै त्यहीँ जीवन।
काली दुष्ट रहीछ घोर मुखकी * साक्षात् उ कालै सरि
मारी चण्ड र मुण्डलाइ रणमा * मानों चमेना गरी॥ ३२॥
हेर्नैलाइ कठिन् हुने स्वरूपकी * काली छ त्यो डङ्किनी
पारी सैन्य सखाप दैत्यतिरका * बाँचेन कोही पनि।
थुप्रो मासु हिलो सरी, रगतको * खोलो नदी झैँ भयो
लूगा, केश, सिवाँलि झैँ छ नदिको * संग्राममा देखियो॥ ३३॥
पाऊ बाहु छ मत्स्य झैं, नदिभरी * तुम्बा सरी टाउका
टुक्रा छन् रथ शस्त्रका बगर झैँ * संग्राममा वीरका।
त्यो देखेर अनेक वीर मनमा * खूशी हुँदा छन्, तर
भाग्दै छन् रणबाट सैन्य डरले * त्यो दृश्यले काँतर॥ ३४॥
मार्नेछन् रणमा म भन्छु सहजै * काली रिसाईकन
बाँचेका जतिलाइ रोकि रण यो * चाँडै दिनोस् जीवन।

कालीका कति गाँस भैकन मरे * उस्तै कती सिंहका
हाम्रा दानव सैन्य सिद्धिन गए * सामू परी कालिका॥ ३५॥
भाईको सुनि बात यो किसिमको * संग्राममा होम्मिनु
व्यर्थै ठान्छु हजूरले समरमा * हो प्राण फालीदिनू।
यौटी नारिविषे हुरुक्क हुनु झन् * हो व्यर्थ यो भन्दछु
काली काल बनेर दानव जती * मार्छे, म यो मान्दछु॥ ३६॥
हत्त्या व्यर्थ हुनेछ बन्धुहरुको * संहार रोक्नूहवस्
उल्टो दैवगती छ यो बखतमा * हाम्रो भनी जान्नुहोस्।
एक्ली त्यो त्यसरी अडी समरमा * मार्दै छ योद्धा भने
आशा गर्नु वृथा छ दैत्य–कुलले * कल्याण आफ्नू हुने॥ ३७॥
ठूलो शक्ति र सैन्य इच्छित हुने * योद्धा प्रतापीकन
कालीले अझ सक्तछे समरमा * लिन्छू भनी जीवन।
ब्रह्माको वरदानको समयमा * हेप्नूभयो स्त्री भनी
हामीलाइ समाप्त पार्न रणमा * त्यै आइ काली बनी॥ ३८॥
देख्दा दिव्य प्रभाव शक्ति मनमा * लाग्दै छ मर्ने डर
सोही कारण बिन्ति गर्छु नहुनोस् * यो युद्धमा तत्पर।
हुन् साक्षात् जगदम्बिका भगवती * कात्यायनी कालिका
त्याग्नूहोस् अब शत्रुता हजुरले * पाऊ परी देविका॥ ३९॥
बाँचेका जति छौं प्रसन्न मनले * पाताल जाऔं सब
यस्ता बात सुनेर योग्य चरको * त्यो शुम्भ गर्ज्यो तब।
जाओ जो भयभीत छौ तिमिहरू * पातालमा दानव
एक्लै नै पनि लड्दछू म रणमा * चाहिन्न साथी अब॥ ४०॥
चिन्ता गर्दिनँ, दैवकै खटनमा * संसार सम्पूर्ण छ
भन्छन् विज्ञ हुनेहुनामि नभई * छाड्दैन विश्वास छ।

छाड्दैनन् कहिल्यै स्वधर्म, भय वा * कष्टादिमा सज्जन
चिन्ता गर्नु वृथा छ एक दिन यो * जाला मरी जीवन।। ४१ ।।
द्यौता, दानव, यक्ष, राक्षस तथा * गन्धर्व, विद्याधर
साराको गति यै बुझेर कहिल्यै * मान्दीनँ मर्ने डर।
एक्ली स्त्री रणमा डटेर अहिले * डाक्तै छ लड्छू भनी
मैले भाग्नु डराइ मर्नु सरि हो * जाला सुकीर्ती पनि।। ४२ ।।
जस्लाई डर लाग्छ मर्छु कि भनी * पाताल भागून् सब
जो छन् वीर प्रचण्ड शूर रणमा * आऊन् तिनै दानव।
पैह्ले येति सुनाइ शुम्भ सहसा * चर्को गरी गर्जियो
लौ जा लड्न तँ रक्तबीज ! रणमा * उर्दी सुनाईदियो।। ४३ ।।

रक्तबीज—संग्राम—(७)

त्यो आज्ञा सुनि शुम्भको, मनमनै * सोचेर शेखी गरी
त्यो सेना चतुरङ्गिणी सजिलियो * आफैँ अगाडी सरी।
जाँदै छू म लडाइँमा अब भनी * हिड्दो भयो दानव
उल्टा लक्षण देखिए अशुभका * धेरै थरीका तब।। १ ।।
त्यस्को केहि पनी विचार नगरी * पुग्दो भयो युद्धमा
थाल्यो गर्जन त्यो चतुर्दिक डुली * सो युद्ध—मैदानमा।
देवीले विकराल सैन्य—दल त्यो * देखिन् नगीचै अनि
ठूलो शंख फुकिन् कठोर ध्वनिले * गर्जेर कात्यायनी।। २ ।।
सुन्दा त्यो ध्वनि रक्तबीज सहसा * झस्क्यो डरायो पनि
फेरी धैर्य धरेर उच्च स्वरले * बोल्यो घमण्डी बनी।
मारेकी अघि धूम्रलोचन सरी * ठानिस् मलाई पनि
ठान्छेस् की मनमा डराइ ध्वनिले * भाग्ला कि चाँडो भनी।। ३ ।।

चुल्ठो पक्रि तँलाइ तानि बलले * लान्छू म हे डङ्किनी!
सुम्पन्छू लगि शुम्भलाइ खुशिले * बस्लिस् तँ दासी बनी।
मैले बुझ्दछु शास्त्र नीति र कला * साहित्य संगीतको
तेरो निम्ति हुने भलो हित कुरा * भन्छू म कल्याणको।। ४।।
ज्ञाताले रसमा प्रधान नववाँ * श्रृंगार नै मान्दछन्
स्त्रीलाई सुख क्यै विना–पुरुषको * पाइन्न यै भन्दछन्।
जोडी मिल्दछ शुम्भलाइ तिमिले * मानेर लेऊ पति
व्यर्थै गर्व गरी लडे समरमा * होला ठुलो दुर्गति।। ५।।

त्यस्का सुनिन् जब कुरा यति कालिकाले
ठानिन् र तुच्छ अरु दानव हाँस्न थाले।
शिक्षा दिइस् मकन उत्तम जो अहीले
मर्ने भइस् समरमा खल तैँ पहीले।। ६।।

बत्तीविषे पुतलि झैँ डढि मर्नलाई
आइस् तँ लौ अघि सरी मनमा रमाई।
बन्छस् वृथा किन तँ मूर्ख स्वयं मपाइँ
पाताल जा कि त उठा धनु लड्नलाई।। ७।।

जस्को गरिस् गुण निकै अहिले बयान
त्यस्को लिनेछु रणमा बुझिले म प्राण।
ती देविका सुनि कुरा खल झन् रिसायो
गर्जेर झट्ट करमा धनु त्यो उठायो।। ८।।

ताँदो चढाइ बलले खिँचि कानसम्म
ढाकीदियो सब दिशा शर छाडि टम्म।
हेर्थे जती सुरहरू नभमा बसेर
देखेर दु:स्थिति भए बहुतै अधीर।। ९।।

द्यौताको बुझि भावना हृदयको * कात्यायनी गर्जिइन्
पापीको शर–जाल आफ्नु शरले * टुक्रा तुल्याईदिइन् ।
आफ्नू उत्तम शक्तिले हृदयमै * ताकेर ठोकिन् जब
मूर्च्छा पर्न गई लड्यो समरमै * पापिष्ठ त्यो दानव ।। १० ।।
देखे मूर्च्छित रक्तबीज रणमा * सेना भएका जति
चिच्च्याए डरले ठुलो स्वर गरी * भागे कती हो कति ।
त्यो कोलाहल शुम्भले जब सुन्यो * ती दानवी सैन्यको
थाल्यो भन्न तुरुन्त उच्च स्वरले * गर्जेर–हे दैत्य हो ! ।। ११ ।।
सेना–नायक कोटिवीर्य अरु ती * छन् धूम्रवंशी जति
ती कम्बूक तथा युधादिक ठुला * सेना र सेनापति ।
सेना दौर्हृद, कालिकेय कुलका * छन् श्रेष्ठ जो दानव
आफाफ्ना हतियार लीकन छिटै * लौ लड्न जाओ सब ।। १२ ।।
आज्ञा त्यो सुनि शुम्भको, परिगयो * निक्कै ठुलो खल्बल
हात्तीमा रथ, अश्व, गर्दभमहाँ * दौडे कती पैदल ।
ती सेना चतुरङ्गिणी थरि–थरी * दौडे जसै युद्धमा
हाहाकार परी डरे सुरहरू * चौतर्फ आकाशमा ।। १३ ।।
देखिन् दानव–सैन्य ती सलह झैं * कात्यायनीले जब
गर्जिन् शंख फुकी कठोर स्वरले * निक्कै रिसाई तब ।
घण्टा–नाद सँगै कठोर धनुको * टङ्कार, शंख–ध्वनि
थालिन् उफ्रन कालिका समरमा * गर्जेर कात्यायनी ।। १४ ।।
लाग्यो घन्कन शब्द त्यो नभभरी * ब्रह्माण्ड फोर्ने गरी
सेना दानवका ति आत्तिन गए * त्यो शब्दले बेसरी ।
शक्ती, तोमर, पाश, खड्ग र गदा * मार्छू म ऐल्हे भनी
लागे शस्त्र प्रहार गर्न रणमा * बर्ता घमण्डी बनी ।। १५ ।।

त्यो देवासुर झैँ ठुलो रण भयो * काली तथा दैत्यको
प्रादुर्भाव भयो तुरुन्त उहिँ नै * धेरै अरू शक्तिको।
जस्तो रूप हुने थिए जति थरी * एकेकका वाहन
त्यस्तै शक्ति भई तयार रणमा * थाल्दा भए गर्जन।। १६।।
ब्रह्माणी करमा कमण्डलु लिई * आइन् बसी हाँसमा
आइन् चक्र लिई, बसी गरुडमा * श्री वैष्णवी युद्धमा।
साँढेमाथि त्रिशूल लीकन उहीँ * रुद्राणि आइन् अनि
ऐन्द्री वज्र लिएर श्रेष्ठ गजमा * आइन् म लड्छू भनी।। १७।।
कौमारी ति मयूरमा छ: मुखकी * तत्काल आईपुगिन्
राँगो–माथि बसेर शक्ति–यमकी * आई निकै गर्जिइन्।
वाराही जननी उपस्थित भइन् * मद्दत् दिना–खातिर
कौमारी अनि वारुणी पनि पुगे * गर्जेर चारैतिर।। १८।।
देखी शक्ति–स्वरूप वाहन–सहित् * द्यौताहरूको अनि
लागिन् गर्जन हर्षले अझ बढी * श्री शक्ति कात्यायनी।
हर्षेथे नभमा बसी सुरहरू * देखे ति शक्तीकन
धेरै नै भयभीत दानव भई * लागे ति टोह्लाउन।। १९।।
त्यै वेला शिवजी रणस्थल–विषे * पाल्नूभएथ्यो जब
चाँडै मार समस्त यो बखतमा * एकत्र छन् दानव।
हे देवी ! खुशि हुन् चराचर तथा * प्राणी सबै निर्भय
सारा दानवको निखार बिरुआ * चाँडो गराओ क्षय।। २०।।
आधि–व्याधि नहोस् कतै धरणिमा * उत्पात केही अब
वर्षाले धन–धान्य होस् पृथिविमा * प्राणी सुखी हुन् सब।
यस्तै शङ्करले कुरा हित हुने * गर्दै थिए सादर
त्यै वेला सहसा उपस्थित भयो * आश्चर्य लाग्ने डर।। २१।।

देवीकै तनबाट शक्ति सहसा * निस्किन् निकै अद्‌भुत
तिन्को रूप थियो अलौकिक तथा * झन् तेजले संयुत।
तिन्ले शब्द गरेर श्यालहरु झैँ * हाँ हाँ र हुँ हूँ गरी
चिच्च्याइन् सहसा कठोर स्वरले * तर्से सबै नै डरी।। २२।।
हेर्दै श्री शिवतर्फ सादर भनिन् * सुन्नूहवस् हे शिव !
मेरो दूत बनेर गैदिनुहवस् * त्यो शुम्भभाठौँ अब।
भन्नूहोस् दुइ भाइलाइ म यहाँ * जे भन्दछू त्यो सब
जाऊन् भूमि र स्वर्गबाट अहिल्यै * पातालमा दानव।। २३।।
सारा दानव मर्नको मन भए * आऊन् ति संग्राममा
बाँच्ने आश भए ससैनिक सबै * भागून् ति पातालमा।
त्यो सम्चार लिई पुगे शिव जसै * त्यो शुम्भका सामुमा
देवीले जति जे भनिन् कहिदिए * विस्तारका साथमा।। २४।।
देवीको समचार त्यो भनिसकी * कैलास फर्के शिव
शक्तीको सुनि घाक ती हुन गए * उन्मत्त झैँ दानव।
देवीको 'शिवदूति' नाम हुनगो * प्रख्यात संसारमा
हुन्छन् मुक्त अनेक भक्त सहजै * उन्कै परी पाउमा।। २५।।
नाना अस्त्र लिएर पैदल, रथी * हात्ती ठुला अश्वमा
दौडे दानव सैन्य ती सलहले * छोपे सरी युद्धमा।
लागे छाड्न अनेक अस्त्र लिइ ती * ताकेर देवीतिर
शक्तीले खलका प्रहार सब ती * रोकिन् चलाई शर।। २६।।
कालीले सहजै अनेक थरिका * शस्त्रास्त्र छाड्दै गइन्
पक्री दानव–सैन्यलाइ पछि ती * एकेक खाँदी भइन्।
उर्ले दानव सैन्य ती जलधि झैँ * मार्छौं कि मर्छौं भनी
त्यो देवाऽसुरको लडाइँ नभमा * हेर्थे ति द्यौता पनि।। २७।।

ब्रह्माणी जल छर्किई खलहरू * संहार गर्दै थिइन्
रुद्राणी पनि शूलले हृदयमा * रोपेर मार्दै गइन्।
मारिन् चक्र चलाइ दैत्य–दल ती * श्री वैष्णवीले पनि
इन्द्राणी पनि वज्रले समरमा * मार्थिन् ति संहारिणी।। २८।।
वाराही थुतुनो उठाइ सहजै * मार्दै थिइन् दानव
मार्थिन् सैन्य अनेक तीक्ष्ण नङ्ले * श्री नारसिंही तब।
गर्जन्थिन् शिवदूति उच्च ध्वनिले * चौतर्फ हा–हा गरी
लागिन् मार्न अनेक दानवहरू * पक्री नराम्रो गरी।। २९।।
थालिन् खान अनेक सैनिकहरू * श्री कालिकाले जब
हेर्थे छक्क परी चतुर्दिक घुमी * द्योताहरू त्यो सब।
कौमारी निज–शक्तिले सकलको * संहार गर्दै थिइन्
फाली पाश ति वारुणी जननिले * अल्झाइ मार्दै गइन्।। ३०।।
मार्दै थिन् यमदण्ड ठोकि शिरमा * गर्जेर ती यामिनी
कौबेरी पनि खड्ग बाण र गदा * छाड्थिन् बनी सिंहिनी।
मारे दानव मातृकागण मिली * संहार धेरै गरे
हाहाकार परेर दानव कती * भागे, असंख्यै मरे।। ३१।।

रक्तबीज–संहार–(८)

भूमी कम्प भइन्, चल्यो जब ठुलो * चौतर्फ कोलाहल
गर्ज्यो बेसरि रक्तबीज रिसले * सुन्दा ठुलो खल्बल।
धेरै शस्त्र लिएर सैन्य सँगमा * आगो सरीको बनी
आयो लड्न रिसाइ मार्दछु स्वयम् * एकेकलाई भनी।। १।।
राता नेत्र तुल्याइ घोर स्वरले * गर्जेर झन् बेसरी
छाडी बाणहरू तिखा सहल झैँ * छोपीदियो त्यो घरि।

लाग्यो छाड्न त्रिशूल खड्ग र गदा * खट्वाङ्ग नाना थरी
हाहा पारिदियो सबैतिर त्यहाँ * संग्राम भूमी–भरि।। २।।
पाएको शिवबाट जो वर थियो * पैह्ले तपस्या गरी
त्यस्ले दानव बन्दथे रगतका * थोपा गिरेकै घरि।
थोपा एक गिर्‍यो कि रक्त भूमिमा * यौटा बन्यो दानव
उस्तै रूप र अस्त्र–शस्त्र बलले * युक्तै भएको सब।। ३।।
धेरै नै जब रक्तबीज रणमा * बन्दै गए दानव
थाले लड्न सबै मिली समरमा * लाखौँ करोडौँ तब।
लाग्यो गर्न प्रहार त्यै समयमा * शस्त्रास्त्र धेरै थरी
हाहा पारिदियो तुरुन्त खलले * त्यो युद्ध–भूमीभरि।। ४।।
धेरै दानव रक्तबीज रणमा * बढ्दै गएथे जब
लागिन् काट्न चलाइ चक्र रिसले * श्री वैष्णवीले तब।
झन्–झन् दानव ती बढे समरमा * सातो गयो शक्तिको
लागे हेर्न उभेर ठिङ्ङ सब ती * इच्छा त्यजी युद्धको।। ५।।
ऐन्द्रीले कति वीरलाइ रणमा * मारिन् ठुलो वज्रले
थालिन् मार्न अनेक दानवहरू * माहेश्वरी शूलले।
आफाफ्ना हतियार शक्तिगणले * छाड्दै गएथे जब
उस्तै उग्र स्वरूप धारण गरी * बढ्दै गए झन् सब।। ६।।
धेरै रक्त बगी सबैतिर त्यहाँ * खोलो बगे–झैँ भयो
जन्मी बेसरि रक्तबीज रणमा * निक्कै अत्याईदियो।
मारिन्थे जति रक्तबीज उति नै * पैदा हुनाले गरी
मन्मा खिन्न भई बसे गगनमा * ती देवता त्यो घरि।। ७।।

हाम्रो हुने विजय आश गयो भनेर
ती देवता सब भए बहुतै अधीर।

कात्यायनी जननिले नगिचै गएर
ती कालिकासित भनिन् किन छौ अधीर ।। ८।।
मार्छू म यी सकल दानव वीर हेर
जिब्रो झिकेर मुख बाउ ठुलो छिटै र ।
निस्कन्छ जो रगत त्यो जिमिमा नपर्दै
चाटेर खाउ तिमि शीघ्र अगाडि सर्दै ।। ९।।
यी सैन्य मार्न अब यै सजिलो छ युक्ति
तिन्लाइ देउ यहि युक्ति गरेर मुक्ति ।
ती शक्तिको जब कुरा यति सुन्न पाइन्
श्री चण्डिका खुशि भई अति हर्ष मानिन् ।। १०।।
ती रक्तबीज जति शक्ति रिसाइ मार्थिन्
श्री चण्डिका रगत, खप्पर थापि खान्थिन् ।
जिभ्रो झिकेर रणमा जब डुल्न थालिन्
चाटेर रक्त सब सैन्य निखार्न लागिन् ।। ११।।

शक्तीले जति रक्तबीज रणमा * काट्थिन् खुँडा खड्गले
थापी खप्पर चाट्तथिन् रगत त्यो * श्री चण्डिका हर्षले ।
गर्थे शस्त्र–प्रहार सैन्य–दलले * धेरै थरीका, तर
तिन्को चोट खपी पिइन् रगतनै * निक्कै भई तत्पर।। १२।।
जन्मेका जति रक्तबाट सहजै * पूरा निखारिन् जब
पैह्लेको उहि एकमात्र रहिगो * बाँकी त्यहाँ दानव ।
काटिन् चक्र चलाइ त्यस्कन पनी * ती कालिकाले जब
लावा पुष्प अबीर वर्षण गरे * द्यौताहरूले तब।। १३।।
द्यौता सिद्ध महर्षि योगि तपसी * जो–जो थिए दुःखित
तिन्को चित्त भएर शान्त, नभमै * सारा भए हर्षित ।

त्यस्तो युक्ति रचेर मातृ–गणले * मारे जसै दानव
बाँचेका जति शुम्भका हजुरमा * पौँचे दगुर्दै सब।। १४।।
थाले भन्न डराउँदै सकल ती * काम्दै थिए थर्थर
पारी ती सब रक्तबीज रणमा * त्यो देविले सोतर।
हाम्रा सैनिक लड्दथे समरमा * उत्साहले गर्जिई
कालीले सबलाइ झट्ट मुखमा * हालेर निल्दै गई।। १५।।
मैले देखिदनँ युद्धमा विजय त्यो * हाम्रो हुने लक्षण
एक्ली त्यो पहिले थिई, पछि भए * धेरै ति मातृगण।
ऐन्द्री वारुणि वैष्णवी अरु शिवा * कौमारि कात्यायनी
भन्छन् गर्जिइ ती पखी म अहिले * मार्छू तँलाई भनी।। १६।।
हाम्रो हुन्न अवश्य यो समरमा * मारेर काली, जय
गर्नोस् यत्न छिटै कुनै न त सबै * मर्लान् र होला क्षय।
साक्षात् कालस्वरूप डङ्किनिहरू * हुन् भन्छ मेरो मन
त्यागी स्वर्ग गएर बाँच्छ कि बरू * पातालमै जीवन।। १७।।

निशुम्भ–वध– (९)

जाग्यो शुम्भ सुनेर बात ननिको * उन्मत्त झैँ गर्जियो
उल्टो बुद्धि भएर काल नगिचै * आएर देखा पर्‍यो।
आँखा लाल गरी, तिखो स्वर झिकी * थाल्यो र चिच्च्याउन
जस्लाई डर लाग्छ ती सब हिडून् * आफ्नू लिई जीवन।। १।।
जान्छू लड्न स्वयम् डटी समरमा * उस्लाइ मार्छू अनि
त्यस्को शेखि म तोड्दछू सुन सबै * भाग्छे कहाँ डङ्किनी।
भोग्दै छू सुख आज स्वर्गभरिको * सारा जितेँ देवता
स्त्रीको नै डर मानि भाग्नु कसरी * हो यो ठुलो मूर्खता।। २।।

हे भाई ! रणमा म जान्छु अहिल्यै * उस्लाइ मार्छू जब
ठूलो कीर्ति हुनेछ, हर्षित हुनन् * प्रत्येक यी दानव।
मेरो रक्षक–रूपमा तिमि रही * लड्नू ति देवीसित
शक्तीलाइ म मार्दछू र विजयी * हुन्छौं बुझे निश्चित।। ३।।
लाग्यो भन्न निशुम्भ नम्र स्वरमा * वार्ता सुनी शुम्भको
ऐह्ले छू म यहाँ उपस्थित भने * चिन्ता छ कुन् कष्टको।
बस्नूहोस् सुखले हजूर घरमै * जान्छू म संग्राममा
जीवित् वा मृत ल्याउँछू ति जति छन् * देवी, यही स्थानमा।। ४।।
के होला रणको परिस्थिति भनी * पर्दैन चिन्ता लिन
दिन्छू जान कहाँ, म छू जब यहाँ * त्यो युद्धमा होमिन।
मैले मान्छु अयोग्य जानु यसरी * दैत्येन्द्रले युद्धमा
नारी हो अबला उ टिक्लि कसरी * मेरो परी सामुमा।। ५।।
दाजूलाई बुझाइ राम्ररि अनी * शस्त्रास्त्र पूरा लिई
सेना ती चतुरङ्गिणी सजिलियो * आफैं अगाडी भई।
गर्जीदै दगुरे सबै धनुषको * टङ्कार गर्दै जब
बोले शक्तिकहाँ पुगेर सब ती * संग्राम गर्छौं अब।। ६।।
देखिन् दानव सैन्य ती सलह झैं * कात्यायनीले जब
कालीलाइ भनिन् यही समरमा * मर्छन् सबै दानव।
देख्दै छौ अघि धूम्रलोचन मर्‍यो * ती चण्ड–मुण्डै पनि
ठूलो वीर उ रक्तबीज तिमिले * मार्‍यौ, तर्‍यो त्यो खुनी।। ७।।
हे काली ! सबलाइ मार सहजै * चाँडो सकेको जति
गर्दै छन् अझ आश यी विजयको * उल्टो हुनाले मति।
कालीका सँगमा परस्पर यता * चल्थ्यो कुरा शक्तिको
आई शीघ्र निशुम्भले थरि–थरी * वर्षा गर्‍यो वाणको।। ८।।